# परिच्छेद एक

# अध्ययन परिचय

## १.१ अध्ययन परिचय

लोक भनेको कुनै पनि ठाउाको वर्ग वा समुदाय हो । उनीहरूबाट सिर्जना भएको अभिव्यक्ति नै साहित्य हो । लोकबाट सिर्जना गरिएको, लोककै लागि प्रचलनमा आएको, लोकको सुख दुःख समेटेर हुर्केको र मौलाएको सिर्जना लोक साहित्य हो । लोक साहित्यका विधाहरूमध्ये सबैभन्दा मह□वपूर्ण र लोकप्रिय पद्यविधा नै लोकगीत हो (पराजुली,२०६४:६४) । मानव जीवनको सृष्टि र अस्तित्वसागै जन्मिएको र जीवनका आासु-हाासो, घाम-पानी, उकाली-ओरालीको प्रतिनिधित्व गर्दै आएको विधा लोकगीत हो । यो परम्परादेखि नै अलिखित साहित्यको रूपमा विकसित हादै आएको हो । लोकगीत जनताहरूको साहित्य हो (पराजुली, २०६४:२६) । यो हरेक गाउा-सहर, लेक-बेसी, धनी-गरीब, शिक्षित-अशिक्षित सबैको जीवन भोगाइको क्रममा जरा गाडेको मौलिक सिर्जना हो । लोकगीत राष्ट्रलाई पहिचान गराउने राष्ट्रको अमूल्य निधि हो, यसमा राष्ट्रलाई पहिचान गराउने त□व र राष्ट्रको ढुकढुकी रहेको हुन्छ । गेयात्मक रूपमा प्रस्तुत हुने लोकगीत नेपालको यत्रतत्र सर्वत्र र आफू बसेको परिवेशलाई झल्काउने गरी समथर मैदानदेखि डााडा-कााडा, उकाली-ओराली, भञ्ज्याङ्ग, देउरालीमा गुञ्जिरहेको पाइन्छ । लोकगीतले आफ्नो माटो सम्झाउाछ, भावविह्वल बनाउाछ, आासु हाासोको भेल बगाउाछ, सुख-दुःखमा साथ दिन्छ, आफ्नो संस्कार र संस्कृतिको पहिचान गराउाछ, मनोरञ्जन प्रदान गराउाछ, अतीतलाई वर्तमानमा स्मरण गरेर भविष्यको मार्ग प्रशस्त पार्दछ र यस्तै यस्तै अनन्य कुरालाई झल्काउने भएकाले लोकगीत अनन्तकालदेखि जनजिब्रोमा झुण्डिदै आएको पाइन्छ । के बालक, के बृद्ध सबै लोकगीत सुन्न र गाउन हुरुक्क हुन्छन् । आफ्ना हजारौ व्यस्ततालाई पन्छाएर लोकगीत श्रवणार्थ ओइरिन्छन् । नेपाली लोकगीतको थालनी कहिलेदेखि भयो भन्ने प्रश्नको जवाफ किटेर भन्न सक्ने स्थिति छैन, तैपनि यसको जन्म नेपाली भषाको जन्मसागै नेपाली जनमानसमा हुकेर्को भने पक्कै हो । लोकगीत परम्परादेखि नै पुस्ता हस्तानान्तरण हादै निरन्तर रूपमा मौलाइरहेको पद्यविधा हो । स्थापना कालमा कसले रचना गऱ्यो, यसको वक्ता वा प्रस्तोता को थिए भन्ने किटान गर्न सक्ने क्षमता कुनै पनि अध्येताले राखेको

पाइादैन । भाषाको विकास भएर पनि त्यसलाई अभिलेखन गर्ने परम्परा पहिला थिएन । त्यसैले लोकगीत कथ्य रूपमा हरेक चाड पर्व, मेला पात, संस्कार संस्कृति, उकाली ओराली, लेक वेसी र भञ्ज्याङ देउरालीहरूमा वर्षौा पहिलेदेखि पुष्पित र पल्लवित हादै आएको पाइन्छ ।

लोकगीत गेयात्मक अभिव्यक्ति भएकोले यसमा झ्याउरे, असारे, तीजे, सेलो आदि लय, भाका र तालमा निर्वाह हादै आएको परम्परा प्रचलित लोकगीतहरूबाट थाहा पाउन सकिन्छ । लोकगीतको यिनै पहिचानात्मक पृष्ठभूमिमा रही नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेगमा प्रचलित लोकगीतहरुलाई यस अध्ययनको विषय वनाइएको छ ।

नुवाकोट जिल्ला वाग्मती अञ्चलको उत्तरी क्षेत्रमा अवस्थित छ । यस जिल्लामा पनि परम्परादेखि नै लोकगीतहरू गाउने प्रचलन पाइन्छ । यस जिल्लाका विभिन्न गाउाविकास क्षेत्रहरूमा विभिन्न प्रकृतिका लोकगीतहरू छरिएर रहेका छन् । ती लोकगीतलाई सङ्कलन गरी संरक्षण गर्नु पर्ने र ती गीतलाई अध्ययन गरी तिनभित्र रहेको सौन्दर्यको विश्लेषण गर्नु पर्ने आजको आवश्यकता हो । त्यसैले प्रस्तुत अध्ययनपत्रमा लोकगीतको सङ्कलन गरी विश्लेषण गरिएको छ । यही कार्य सम्पन्न गर्न प्रस्तुत शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्याकथन

नेपाली लोकगीत विकासमा नुवाकोट जिल्लाको जनमानसमा प्रचलित जनजीब्रोका लोकगीतहरूका साथै यसै नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतहरूको महत्व अत्यन्त छ । यी गीतहरूको सङ्कलन, विश्लेषण र अनुसन्धान गहन ढङ्गबाट हुनु सान्दर्भिक लाग्छ । यस भेकमा प्रचलित लोकगीतहरू विभिन्न जात्रा, मेला पर्व, धार्मिक एवं सांस्कृतिक अवसरहरूमा मनोरञ्जन दिन जनजिब्रोमा झुण्डिएका लोकगीतहरूको महत्वपूर्ण स्थान छ ।

यस ठाउाका लोकगीतहरूको अध्ययन गर्दा निम्नलिखित समस्याहरूलाई केन्द्रविन्दु बनाइएको छ ।

१) नुवाकोट जिल्लाको लोकजीवनको स्थिति के कस्तो छ ?

२) यस जिल्लाको दक्षिणपूर्वी भेकमा के कस्ता लोकगीतहरू प्रचलनमा छन् ?

३)   लोकगीतका त□वका आधारमा नुवाकोटमा प्रचलित लोकगीतको स्थिति के कस्तो छ ?

## १.३   अध्ययन कार्यका उद्देश्यहरू

नेपाल वहुजाति वहुभाषी, वहुधार्मिक र वहुसांस्कृतिक मह□व बोकेको देश हो । यहााका प्रत्येक जातजाति र भाषाभाषीहरूका आ-आ□नै संस्कार, रीतिरिवाज, चालचलन र संस्कृति छन् । यिनै लोकवासीहरूको जीवन भोगाइकै क्रममा लयात्मक र गेयात्मक तरिकाबाट विकसित हादै आएको लोकगीतहरूलाई सैद्धान्तिक र व्यवहारिक दृष्टिकोणले छिटो  छरितो र सुस्पष्टसाग गहिराइमा पुगेर अध्ययन गर्ने उद्देश्य राखिएको छ । यस भेकमा परापूर्व कालदेखि नै राष्ट्रिय शक्तिपीठको रूपमा स्थापित धान्यपूर्णिमाको विशाल दुप्चेश्वर महादेवको मेला, गोसाइकुण्ड मेला, स्थानीय स्तरका विभिन्न पर्व मेलाका अवसरहरूमा माया पिरती साटासाट गर्ने, दुःख सुखको अभिव्यक्ति गर्ने र मनोरञ्जन गर्ने पर्व मेलाका अवसरहरूमा प्रचलित लोकगीतहरू नेपाली लोक साहित्यका अमूल्य निधि हुन् । ती गीतहरूको समुचित अध्ययन, अनुसन्धान, सङ्कलन र वर्गीकरण गरीने उद्देश्य राखेर यो अध्ययन कार्य  गरिएको छ । यस अनुसन्धानबाट नेपाली लोक साहित्य अध्ययन एवम् नेपाली लोकगीतको अध्ययनलाई थप सहयोग र टेवा पुगोस् भन्ने उद्देश्यले प्रश्तुत 'नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेकका लोकगीतको अध्ययन' गर्न उपर्युक्त समस्याकथनका आधारमा निम्न मुख्य उद्देश्यहरू रहेका छन् :

१)   नुवाकोट जिल्लाको भौगोलिक अवस्थिति र लोकजीवनको परिचय दिनु,

२)   नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण गर्नु,

३)   लोकगीतका त□वका आधारमा नुवाकोट जिल्लाका दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतको विश्लेषण गर्नु ।

यिनै उद्देश्यमा केन्द्रित भएर प्रस्तुत अध्ययनकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्य समीक्षा

लोकगीतहरूको अनुसन्धान, खोज, वर्गीकरण र विश्लेषण गर्ने कार्य त्यति सहज र सरल छैन । यति हुँदा हुँदै पनिच लोकसाहित्यका अध्येता विद्वान् पारखीहरूबाट नेपालका विभिन्न

भू-भागमा प्रचलित लोकगीतहरू बारे खोज, अनुसन्धान र विश्लेषण नभएका होइनन् । धर्मराज थापा, हंशपुरे सुवेदी, हिरण्य भोजपुरे लगायत थुप्रै उपासकहरूबाट र अनगिन्ति गायकहरूबाट सङ्कलन गरिएका गीतहरूबाट भएका विश्लेषणहरूको प्रयास प्रशंसनीय छ । नेपाली लोकगीतका अध्येताहरूबाट विभिन्न समयमा लोकगीतको अध्ययन गरी थुप्रै पुस्तकहरू प्रकाशनमा ल्याएका छन् ।

नेपाली इतिहास र भाषा साहित्यका अन्वेषक बाबुराम आचार्यले 'पुराना कवि र कविता'मा वि.स. २००३ सालपूर्व नेपाली लोकगीत मौखिक रूपमै बाँचेको थियो भन्ने कुरो बताएका छन् । २००७ को रेडियो नेपाल स्थापनाकालदेखि लोकगीतको प्रसारण भए तापनि अपुरो देखिन्छ । नेपाली लोकगीतको विकासमा अग्रस्थानमा रहेका धर्मराज थापाले वि.स. २०१० मा 'डाँफेचरी' पत्रिका र वि.स. २०१६ मा 'मेरो नेपाल भ्रमण' नामक पुस्तकमा नेपाली लोकगीतहरूको सङ्कलन र विश्लेषण गरिएको पाइन्छ । यसै गरी उनले वि.स. २०२० मा 'हाम्रो लोकगीत' नाम पुस्तक प्रकाशित गरेर लोकगीतमा सामाजिक र भौगोलिक पक्षलाई देखाउने काम गरे । उनकै 'गण्डकी सुसेली' (२०३०) नामक पुस्तकमा गण्डकी, लुम्बिनी र धवलागिरी अञ्चलका लोकगीतका भेदहरूका बारेमा विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ । वि.स.२०४१ मा धर्मराज थापा र हंसपुरे सुवेदीले 'लोक साहित्यको विवेचना'नामक पुस्तकमा पनि लोकगीतको वर्गीकरण एवम् विश्लेषण गरेका छन् । लोकगीतका अध्येयता राजेन्द्रप्रसाद पौडेल (२०४३) "कमला खोचका लोकगीतहरुको संकलन र विश्लेषण, शोधपत्र!" लोकगीतको अध्ययन र वर्गीकरणका लागि कोसेढुङ्गा सावित भएको छ । प्रस्तुत शोध पत्रमा गरिएको लोकगीतको वर्गीकरणले पछिल्ला अध्ययनको लागि मार्ग निर्देशनको काम गरेको छ ।

नेपाली लोकगीतको अध्ययन गर्ने सत्यमोहन जोशीको वि.स. २०१४ मा 'नेपाली लोक संस्कृति' नामक प्रकाशित कृतिमा लोकगीतका प्रकार र यिनका चर्चा परिचर्चा उदाहरण सहित व्याख्या गरेको पाइन्छ । अर्का लोकगीतका अध्येता काजीमान कन्दङ्वाले वि.स. २०२० 'नेपाली जन साहित्य' मा नेपाली लोकगीतलाई वर्गीकरण गरी अध्ययन गर्ने काम गरेको पाइन्छ । अध्ययनकै क्रममा आर.डी. र एल.एल. ले वि.स. २०१३ मा 'रोदीघर' नामक कृतिमा लोकगीतको परिचय दिने काम भएको छ ।

लोगीतका अध्येता चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०५८) मा नेपाली लोकगीतको विभिन्न प्रकारले वर्गीकरण भएको पाइन्छ । यसै गरी वि.स. २०५७ सालमा कृष्ण प्रसाद पराजुलीले 'नेपाली लोकगीतको आलोक' नामक पुस्तकमा  लोकगीतको सैद्धान्तिक परिचयका साथै लोकगीतको विवेचना, वर्गीकरण आदि गरेका छन् । अर्का अध्येता गोविन्द आचार्यले वि.स. २०६० मा 'लोकगीतको विश्लेषण' नामक प्रकाशित कृतिमा राप्ती अञ्चलको लोकगीतको विश्लेषण सहित नेपाली लोकगीतकै विश्लेषण पनि गरेका छन् । मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीले वि.स. २०६८ मा 'नेपाल लोक साहित्यको रूपरेखा' नामक पुस्तक प्रकाशन गरी लोक साहित्यका सिद्धान्त, लोकगीतको विश्लेषण एवम् वर्गीकरण गर्ने काम भएको छ ।

नेपाली लोकगीतको क्षेत्रीय स्तरको अध्ययन गर्ने अध्येताहरू प्रदीप रिमालले 'कर्णाली लोकसंस्कृति' खण्ड ५ (२०२८) , देवकान्त पन्त 'डोटेली लोकसाहित्य' (२०३२), पूर्णप्रकाश नेपाल 'यात्री' भेरी लोकसाहित्य (२०४१), तेजप्रकाश श्रेष्ठ 'अछामी लोक साहित्य'(२०४४) त्रि.वि.द्वारा गराइएको अध्ययनकार्यले पनि लोकगीतको क्षेत्रीय अध्ययनमा ठूलो भूमिका खेल्दै आएको पाइन्छ ।

नुवाकोट जिल्लाको लोकगीतको अध्ययन गर्ने क्रममा लक्ष्मण लोहनीले 'रोदीघर' (२०२२) मा लोकगीतको सामान्य परिचय दिने क्रममा नुवाकोट जिल्लामा गाइने गीतको पनि परिचय दिएका छन् । साथै रामप्रसाद पुडासैनीको 'नुवाकोट जिल्लाका लोकगीतको अध्ययन' विषयक अध्ययनपत्र, शम्भुप्रसाद पण्डितको 'नुवाकोट जिल्लाको दक्षिण पश्चिम भेकको लोकगीतको अध्ययन' विषयक अध्ययन पत्रमा नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतको गहन अध्ययन नभएकोले सो अभावलाई परिपूर्ति गर्नका लागि यस भेकको लोकगीतको अध्ययन गरिएको हो । यस अध्ययनले लोकगीतका बारेमा अध्ययन गर्ने अध्येताहरुलाई आंशिक रूपमा भए पनि देखिएका अभावलाई पूर्ति गर्न सहयोग गर्ने छ भन्ने आशा गर्न सकिन्छ ।

## १.५ अध्ययनको औचित्य

नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकका लोकगीतको सङ्कलन  तथा परिचय र तिनको विस्तृत अध्ययन गर्नु नै यस अध्ययन कार्यको मुख्य उद्देश्य भएकोले प्राज्ञिक एवम्

अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण छ । यस भेकमा प्रचलित लोकगीतहरूको अध्ययन र विश्लेषणबाट यस भेकका सामाजिक परिस्थिति, रीति स्थिति, चालचलन, भेषभूषा, सुख-दुःख जस्ता विविध गतिविधिहरूका बारेमा जानकारी राख्न खोज्नेहरूलाई र यहााको लोक संस्कृति तथा लोक साहित्य अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरूले सहज तरिकाबाट बढी लाभ लिन सक्ने छन् । नुवाकोट जिल्लाको विभिन्न भूभागहरूमा लोकगायकहरूद्वारा प्रशस्त लोकगीतहरू सिर्जना भएका छन् । कतिपय गीतहरू दोहोरी गीतको एलबम, स्थानीय एफ.एम. र रेडियोबाट प्रसारण भएका छन् भने कतिपय गीतहरू स्थानीय भेक, डााडाापाखा, मेलापात, पर्वजात्रा आदिमा गुञ्जित हुादै विलाइ रहेका छन् । त्यसैले यी गीतहरूको जीवन्तताका लागि मर्म र भावभूमिको अध्ययन एवम् विश्लेषण हुनु जरुरी छ । यी गीतहरूको स्वरूप, विशेषता, वर्गीकरण, महत्व आदिका सम्बन्धमा अध्ययनको लागि यो भेक छानिएको हो । यस अध्ययनले नेपालको विभिन्न भूभागमा प्रचलित लोकगीतहरूसाग तुलनात्मक अध्ययन गर्न र नेपाली लोकगीत अध्ययन अध्यापन, अनुसन्धान र विकासमा समेत सहयोग पुग्ने हुनाले यसको प्राज्ञिक एवम् सैद्धान्तिक औचित्य छ ।

## १.६ अध्ययनको सीमाङ्कन

नेपाली लोक साहित्यको क्षेत्रमा लोकगीतको महत्व अति नै व्यापक छ । यसको गहिराइमा पुगेर चुरो पत्ता लगाउन त्यतिकै दुःसाध्य र कठिन छ । यही विषयवस्तुलाई हृदयगम गरी लोकगीतका अन्तरवस्तुलाई केस्रा केस्रा केलाएर समीक्षा गर्न अत्यन्त आवश्यक छ भने त्यस कार्यको लागि चाहिने समयको पावन्दी अर्कोतिर छ । तसर्थ सो अध्ययनलाई पूरा गर्नका लागि यस भेकमा अन्तर्निहित चतुराले, मदानपुर, थानसिङ्ग, ककनी र सुर्यमति गा.वि.स.हरूलाई यस शीर्षकको अध्ययनको लागि छनौट गरिएको छ ।

नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतहरूको अध्ययनका लागि आवश्यक समयाभावको कारणले गर्दा माथि उल्लेखित गा.वि.स.हरुलाई मात्र अध्ययन क्षेत्र र सीमाङ्कनका रूपमा लिइएको छ । यस भेकमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका निमित्त सामग्री सङ्कलन गर्दा क्षेत्रीय भ्रमण विधि र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित भेक र

क्षेत्रमा नै गई त्यहााका स्थानीय पर्व, मेला, उत्सव, कृषिकार्य आदि क्रियाकलापहरूमा संलग्न हादै ख्याती कमाएका लोकगायक गायिकाहरूसाग साक्षात्कार गरेर लोक संस्कृति झल्कने गीत भजन, श्लोक, खााडो आदि गीतहरूका ध्वनिको अभिलेख तयार पारिएको छ। यसरी सङ्कलन गरिएका लोकगीतहरू प्राथमिक स्रोतका सामग्रीहरू हुन्। यी सामग्रीलाई विश्लेषणको मूल आधार बनाइएको छ। पुस्तकालयबाट सहयोग लिइएका कृतिहरू द्वितीयक स्रोतका सामग्री हुन्। यी सामग्रीबाट सैद्धान्तिक आधार तयार पारिएको छ।

## १.८ सैद्धान्तिक ढााचा र अध्ययनविधि

प्रस्तुत अध्ययनपत्र तयार पार्दा सङ्कलित सामग्रीलाई लोकगीतका त□वको कसीमा राखी विश्लेषण गरिएको छ । अध्ययन र विश्लेषणको क्रममा प्राप्त भएका लोकगीतहरुको परिचय, प्रस्तुति, मूलपाठ, विषयवस्तु, सहभागीहरू, लय र भाका, स्थायी र अन्तरा, उद्देश्य, भाषा, अलङ्कार लगायत बिम्बविधान जस्ता कुराहरुका सैद्धान्तिक ढाँचा वा अध्ययनमा पर्दछन्।

## १.९ अध्ययन पत्रको रूपरेखा

यस अध्ययन पत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित रुपमा परिच्छेद विभाजन गरिएको छ :

- परिच्छेद एक : अध्ययन पत्र प्रस्तावना
- परिच्छेद दुई : नुवाकोट जिल्लाको परिचय
- परिच्छेद तीन : लोकसाहित्य र नेपाली लोकगीत
- परिच्छेद चार : नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतको तत्व गत विश्लेषण
- विश्लेषण
- परिच्छेद पााच : उपसंहार

परिच्छेदको अन्तमा यस अध्ययन पत्रको लागि आवश्यक सन्दर्भ सामग्री संलग्न गरिएको छ।

# परिच्छेद दुई

# नुवाकोट जिल्लाको परिचय

## २.१ पृष्ठभूमि

प्रस्तुत परिच्छेदमा नुवाकोट जिल्लाको परिचय दिइएको छ । यस क्रममा पृष्ठभूमि, नामकरण, ऐतिहासिक स्थिति, भौगोलिक अवस्था, हावापानी, सामाजिक-सांस्कृतिक जीवन, उद्योग-व्यवसाय, शिक्षा तथा स्वास्थ्य, यातायात, धार्मिक क्षेत्रको परिचय तथा नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकको परिचय दिइएको छ ।

नुवाकोट जिल्लाको समाजमा अनेकौ लोकविश्वास र परम्परा प्रचलित छ । परम्परादेखि चल्दै आएको विविध मूल्य, मान्यता र विश्वासलाई आत्मसात गर्दै नविन मूल्य र मान्यतालाई पनि अङ्गिकार गरिएको पाइन्छ । यहाँ विविध भाषाभाषी, धर्मालम्बी र जातजातीको बसोवास पाइन्छ । आफ्नो जात, धर्म, आस्थाअनुसार विभिन्न धार्मिक पर्व र उत्सवहरू मनाइने गर्छन् । धार्मिक सहिष्णुता, आपसी सदभाव, शान्ति, मेलमिलाप यस जिल्लामा लोक परम्पराकै रूपमा विकसित भएको छ । धार्मिक अन्धविश्वास, लैङ्गिक विभेद, नैतिक सन्देश, सामाजिक सदभाव, सांस्कृतिक मह□व, देशभक्ति, प्रकृतिवर्णन आदि सन्देश दिन लोकगीतको माध्यमबाट अभिव्यक्त गर्ने लोकपरम्परा पनि यस जिल्लामा रही आएको छ ।

नुवाकोट नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत वागमती अञ्चलमा पर्ने पहाडी जिल्ला हो । नेपालको राजधानी काठमाडौंसँग उतर सिमाना जोडिएको यस जिल्लाको पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा रसुवा र दक्षिणमा काठमाडौँ जिल्ला पर्दछन् । भौगोलिक स्थितिअनुसार यो जिल्ला ८४°५८′ देखि ८५°३०′ पूर्व देशान्तर तथा २७°२८′ देखि २८°६′ उत्तर अक्षांशभित्र पर्दछ । यस जिल्लाको क्षेत्रफल १,१९९ वर्ग कि.मि.छ (मेचीदेखि महाकालीसम्म, २०३०:.५७७) । समुद्र सतहबाट ५४० देखि ४६०० मी. उचाइको बीचमा यो जिल्ला पर्दछ (उप्रेती, २०५५:१) । यस जिल्लामा ६१ गाविस.र १ वटा नगरपालिका रहेका छन् ।

## २.२ नामकरण

नुवाकोट जिल्लाको नामकरण विभिन्न नौवटा कोटहरूबाट हुन गएको हो भन्ने जनश्रुति छ । कोट भन्नाले नेपाल एकीकरणपूर्व राज्यको सीमा सुरक्षाको व्यवस्था गर्ने प्रशासकीय किल्ला मानिन्थ्यो । ती कोटहरू निम्नलिखित छन् :

- बेलकोट
- भैरमकोट
- धुवाँकोट (हाल यो धादिङ जिल्लामा पर्दछ ।)
- प्यासकोट (हाल यो धादिङ जिल्लामा पर्दछ ।
- सल्यानकोट ( हाल यो धादिङ जिल्लामा पर्दछ ।)
- मालाकोट
- कालिकाकोट
- धैबुङकोट (हाल यो रसुवा जिल्लामा पर्दछ )
- सिमलकोट

यिनै नौवटा कोटलाई समेटेर नुवाकोट नामकरण गरिएको कुरा लोक प्रचलनमा रहेको छ ।

## २.३ ऐतिहासिक स्थिति

ऐतिहासिक स्थितिको दृष्टिले नुवाकोट जिल्लालाई विशेष महत्वको साथ हेर्ने गरिन्छ । नेपाल एकीकरणपूर्व नेपाल तिब्बत व्यापारमार्गको प्रमुख द्वार नुवाकोट पर्दथ्यो । विं.सं १८०१ मा नुवाकोटमाथि गोर्खालीको आक्रमण भयो र विजय प्राप्त गरे । उपत्यका विजयको लागि पूर्वाधार तयार नुवाकोटमा नै भएकोले यस जिल्लामा किल्ला निर्माण गर्नुको साथै राजदरबार निर्माण भै राजधानी नै बनाइएको थियो । नुवाकोट बसेर पृथ्वीनारायण शाहले राज्य सञ्चालन गरेको, पृथ्वीनारायण शाहको मृत्यु नुवाकोटकै तादी र त्रिशूलीको सङ्गमस्थल देवीघाटमा भएको, नुवाकोट आक्रमणमा पैसा अभावले गोर्खालीले पैसा छापेको टक्सार क्षेत्र, नेपाल तिब्बत चीन युद्ध समयको मार्ग, बेत्रावती सन्धि भएको स्थान, कुती केरुङ सन्धिको मार्ग जस्ता ऐतिहासिक महत्वको कारणले पनि नुवाकोट जिल्लाको झल्कन्छ ।

रणबहादुर शाहले सत्ता छोडी राजकुमार गीर्वाणयुद्धबिक्रम शाहलाई राजा बनाइ आफू स्वामी भएपछि जब राजनैतिक खिचातानी सुरु भयो तब दामोदर पाण्डे लगायतका

भारदारहरूले श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई नुवाकोट लगेर शासन सञ्चालन गरेका थिए । त्यसबेला शीतकालीन राजधानी नुवाकोटमा हुन्थ्यो र जाडो याममा राजा भाइभारदारहरू यहीँ आई बस्ने गर्दथे । साथै नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा पनि राजाजौटाहरूका दरबारका भग्नावशेषहरू अद्यावधि देख्न सकिन्छ ।

नेपालको राजधानीसँग पश्चिम नेपालका विभिन्न जिल्लाहरू धादिङ, गोरखा, लमजुङ, तनहुँ, पर्वत, कास्की, बाग्लुङ लगायतका जिल्लावासीहरू यातायातको सुचारु नभएको अवस्थामा नुवाकोट जिल्लाको बाटोबाट आवत-जावत गर्ने गर्दथे । यसैले यस जिल्लालाई राजधानीको ऐतिहासिक सम्पर्क जिल्लाको रूपमा लिन सकिन्छ । साथै राजधानीलाई प्रशस्त अन्न, फलफूल र तरकारी जन्य वस्तुहरूको भरथेग परापूर्व कालदेखि गर्दै आएका जस्ता विविध आधारहरूमा गौरवपूर्ण ऐतिहासिक भूमिका निर्वाह गरको विशेष जिल्लाको रूपमा लिइन्छ । (पुडासैनी,२०५८:९)

## २.४ भौगोलिक अवस्था

भौगोलिक बनावटको दृष्टिकोणले नुवाकोट जिल्लालाई तीन प्रदेशमा बिभाजन गरिएको छ : (मेचीदेखि महाकालीसम्म, २०३० : ५७७ )।

- लेकाली प्रदेश
- पहाडी प्रदेश
- बेसी तथा टार प्रदेश

यहाँ यी तीन प्रदेशको सङ्क्षिप्त जानाकारी तल क्रमशः दिइएको छ :

### २.४.१ लेकाली प्रदेश

नुवाकोट जिल्लाको उत्तरी भूभागहरू लेकाली प्रदेशमा पर्दछन् । यहाँ करिब ८,२५० फिटभन्दा माथिको प्रदेशलाई लेकाली प्रदेश मानिएको छ । यस भेकमा १६,००० फिट अग्लो गोसाइँकुण्ड तथा सूर्यकुण्ड लेकको शृङ्खलामा पर्ने फिकुरी, उर्लेनी, साल्मे, राहुचुली, गोल्फूभञ्ज्याङ, ठाडे, कँडेनी र करेजुङ डाँडा पर्दछन् । यस शृङ्खलाका केही भूभागमा बाह्रै महिना हिउँ जमेको पनि पाइन्छ । यस भेगमा बिशेष गरी सेर्पा जातिको बसोवास हुन्छ र उनीहरू आलु, जौ, गहुँ खेती र भैँडा, च्याङ्ग्रा, चौरी पालन गर्दछन् । यस भेकमा खासगरी

धुपी, गोब्रे सल्लो, खर्सु , लालीगुँरास, ठिङ्ग्रे सल्लोजस्ता लेकाली बोटबिरुवा पाउनुको साथै जडीबुटीहरूमा चिराइतो, पाँचऔंले, पदमचाल, हर्रो, बर्रो, अमला, घोडताप्रे, चुत्रो, बज्रडन्डी, निरमसी, जटामसी, बिषालु झारवुटीहरू पनि पाइन्छन् । गर्मी मौसममा हिउँ हटेको समयमा विभिन्न लेकाली भूभागहरूमा गोठ सार्दै पशुपालन व्यवसायलाई अँगालेको पाइन्छ । वन्यजन्तुहरूमा मृग, भालु, चितुवा, स्याल, बाँदर, बँदेल, दुम्सी, एक्लेढेडु जस्ता जनावरहरू रहेको पाइन्छ ।

## २.४.२ पहाडी प्रदेश

नुवाकोट जिल्लाको पहाडी प्रदेश करिब २,९७० फिटदेखि ८,२५० फिटसम्मकोउचाइमा पर्दछ । करिब २,९०० फिटभन्दा मुनिको क्षेत्रलाई वेसीटार प्रदेश मानिन्छ । त्रिशूली तादी, लिखु आदि नदीनालाहरूको आसपासमा रहेको थान्सिङ फाँट, ढिकुरे शेरा फाँट, सातविसे खरानेफाँट, सिमारा चौघडा फाँट, रातमाटे फाँट, शिखरवेसी रामती फाँट लगायत थुप्रै फाँटहरू यस जिल्लामा पर्दछन् । टारहरूमा बट्टार, पीपलटार, सिमुटार, खरानीटार, समुद्रटार, गेर्खुटार जस्ता थुप्रै टारहरू यस जिल्लामा छन् । कतिपय टारहरू सिञ्चित भइसकेका छन् भने केही बाँकी छन् । यहाँका फाँटहरूमा मुख्य बालीको रूपमा धान, मकै, गहुँ, तोरी लगायत तरकारीजन्य वस्तुहरू उत्पादित हुने गर्दछन् । यहाँका प्रायः फाँटहरूमा माथि उल्लेखित नदीनालाहरूबाट सिँचाइको सुविधा प्राप्त भएको छ ।

## २.४.३ बेसी तथा टार प्रदेश

यस जिल्लामा प्रशस्त बेसी र टार प्रदेशहरू पनि छन् । करिब २,९०० फिटभन्दा मुनिको क्षेत्रलाई बेसीटार प्रदेश मानिन्छ । त्रिशूली तादी, लिखु आदि नदीनालाहरूको आसपासमा रहेको थान्सिङ फाँट, ढिकुरे शेरा फाँट, सातविसे खरानेफाँट, सिमारा चौघडा फाँट, रातमाटे फाँट, शिखरवेशी रामती फाँट लगायत थुप्रै फाँटहरू यस जिल्लामा पर्दछन् । टारहरूमा बट्टार, पीपलटार, सिमुटार, खरानीटार, समुद्रटार, गेर्खुटार जस्ता थुप्रै टारहरू यस जिल्लामा छन् । कतिपय टारहरू सिंचित भइसकेका छन् भने केही बाँकी छन् । यहाँका फाँटहरूमा मुख्य बालीको रूपमा धान, मकै, गहुँ, तोरी लगायत तरकारीजन्य वस्तुहरू उत्पादित हुने गर्दछन् । यहाँका प्रायः फाँटहरूमा माथि उल्लेखित नदीनालाहरूबाट सिंचाईको सुविधा प्राप्त भएको छ ।

## २.५ नदीनाला ताल र झरना

जलसम्पदाको दृष्टिले यो जिल्ला असाध्यै धनी छ । यहाँ त्रिशूली, तादी, लिखु जस्ता मुख्य नदीहरू र थुप्रै सहायक नदीहरू छन् । गोसाइँकुण्ड मुहान गरी बगेको त्रिशूली नदीबाट र सूर्यकुण्ड मुहान गरी बग्ने तादी (सूर्यमती) नदीबाट जल विद्युत् उत्पादन भइसकेको र कतिपय विद्युत् शक्ति उत्पादन हुने क्रममा छ । यहाँका नदीनालाहरूबाट अनगिन्ती फाँटहरूमा सिंचाई सुविधा पुग्न गएको छ ।

यस जिल्लाका प्रसिद्ध ताल र कुण्डहरूमा गोसाइँकुण्ड, सूर्यकुण्ड, सागरकुण्ड, बाग्दिहे ताल, तथा झरनाहरूमा गोमती झरना, छहरे खोला झरना, एजु झरना, करेजुङ झरना आदि प्रसिद्ध छन् । यी ताल तथा झरनाहरू प्राकृतिक दृष्टिले मनोरम र चित्ताकर्षक देखिनुको साथै पर्यटकीय दृष्टिकोणले पनि मह□व राख्दछन् ।

## २.६ हावापानी

सामान्यतयाः नेपालका अन्य पहाडी जिल्लाहरू झैँ यस नुवाकोट जिल्लामा मनसुनी हावापानीको प्रभाब रहेको छ । यहाँ दक्षिण पश्चिमको मनसुनी हावाले साधारणतया जेठदेखि असोज महिनासम्म बर्षा हुन्छ र यस जिल्लामा विभिन्न लेक डाँडाकाँडा पर्वतमाला बेसी, टार क्षेत्रको समग्र मिश्रण भएकाले तापक्रममा भिन्नता पाइन्छ । हावापानीको दृष्टिकोणबाट यस जिल्लालाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छ ।

क) शीतप्रधान लेकाली हावापानी

ख) समशीतोष्ण हावापानी

ग) अर्धउष्ण हावापानी (उप्रेती, २०५५: १)

### २.६.१ शीतप्रधान लेकाली हावापानी

यस जिल्ला अन्तर्गत गोसाइँकुण्ड, राहुचुली, ठाडेलेक ककनी, चिसापानी जस्ता क्षेत्रहरू लेकाली भूभागमा पर्ने भएकोले यहाँ सधैँ ठण्डा भइरहन्छ र प्रशस्त हिउँ जमिरहन्छ । हिउँ हटेको समयमा अस्थायी बसोबास गरी भेडा, चौँरीपालन गर्ने गरिन्छ । प्रायः गरी यस क्षेत्रमा खेतीपाती हुँदैन ।

### २.६.२ समशीतोष्ण हावापानी

समशीतोष्ण हावापानीको प्रभाव ७००० फिटभन्दा माथिको र १३,००० फिटभन्दा मुनिको भूभागमा परेको पाइन्छ । यहाँ मानिसहरूको पातला बस्तीको बसोवास पाइन्छ । केही स्थानमा जाडो समयमा बढी जाडो हुने भए तापनि गर्मी मौसममा हावापानी अनुकूल हुन्छ ।

### २.६.३ अर्धउष्ण हावापानी

७००० फिटभन्दा मुनिको भूभागमा अर्धउष्ण हावापानी हुने गर्दछ । यस क्षेत्रमा बेसी टार बिभिन्न खोँचहरू पर्ने भएकोले अर्धउष्ण हावापानी पाइन्छ । हिउँदको केही महिना जाडो भए तापनि वर्षा मौसम निकै गर्मी हुने भएकोले यस्ता हावापानीको प्रभावले प्रशस्त अन्नपात, फलफूल र तरकारीजन्य बस्तुहरू प्रशस्त मात्रामा उब्जनी हुन्छ ।

## २.७ सामाजिक-सांस्कृतिक जीवन

नुवाकोट जिल्लाको सामाजिक र सांस्कृतिक जीवन अन्य जिल्लाका सामान्य नेपालीहरूको भन्दा फरक पाइँदैन । यहाँका अधिकांश बासिन्दाहरू कृषिमा आधारित छन् । कृषि व्यवसाय बाहेक केही सरकारी सेवा, व्यापार र वैदेशिक रोजगारमा लागेका छन् । काठमाडौं, भारतका प्रमुख सहर र अन्य मुलुकहरूमा गई आर्थिक आर्जन गर्ने गर्दछन् । केही मानिसहरू ज्याला मजदुरी गरी जीविका चलाइरहेका छन् ।

यस जिल्लामा विशेषगरी तामाङ जातिको बाहुल्यता छ भने अन्य विभिन्न जातजातिहरू पनि छन् । बाहुन, क्षत्री, नेवार, कामी, दमाई, सार्की, घर्ती, गुरुङ आदि जातिको बसोबास छ । तामाङहरू प्रायगरी उच्च पहाडी भूभागमा बस्ने गर्दछन् भने अन्य जातिहरू बेसी तथा समथर भूभाग, नदी किनार आसपास र बजार क्षेत्रमा बसेका पाइन्छन् । तामाङ जातिले आफ्नै भाषा तामाङ बोल्दछन् भने अन्य सबै जातिहरूले नेपाली भाषा मात्र बोल्दछन् । तर साझा तथा सम्पर्क भाषाको रूपमा नेपाली भाषा नै छ । नेपाली भाषाको भाषिका भेद यहाँ पाइँदैन ।

यस भेकमा बसोवास गर्ने विभिन्न जातजातिहरूमा विभिन्न थरहरू पाइन्छन् । ब्राह्मण जातिमा आचार्य, ढुङ्गाना, खतिवडा, कुँइकेल, अधिकारी, भण्डारी, गुरागाईं, कट्टेल, दाहाल, रिजाल, सापकोटा, पण्डित, लामिछाने, खनाल, ठकुरी जातिमा शाही, मल्ल, सिंह थरहरू छन् । तामाङ जातिमा मोक्तान, दोङ, स्याङदान, रुम्बा, गोले, बमजन, पाखिन, थिङ, वाइवा, गलान, तितुङ जस्ता थरहरू पाइन्छन् । त्यसैगरी दमाई कामी र सार्कीहरूमा पनि अनेक थर पाइन्छन् भने नेवारहरूका आफ्नै छुट्टै थर हुने भए तापनि सबैले आफ्नो थरमा श्रेष्ठ लेख्ने चलन छ ।

यस भेकमा बसोवास गरेका बासिन्दाहरूका समुदायमा कतिपय सकारात्मक पक्षहरू विद्यमान छन् भने केही अन्धविश्वासी र रूढिबादी परम्पराका साथै सामाजिक रूपबाट आपराधिक एवं गैर मानवीय प्रचलन पनि व्यवहारमा भोगेको देखिन्छ । घरमा छोरा छोरीमा समान व्यवहार नगर्नु, छोरीलाई सानैमा बिहे गरिदिनु, केही जातिका छोरी चेली भारतको बेश्यालय बम्बै आदि ठाउँमा वेश्यावृत्तिको लागि बेचिनु, बिरामी पर्दा धामी झाँक्रीमा विश्वास गर्नु, दलित जाति र उपल्लो जाति बीच छुवाछूत तथा छोइछिटो गरीने प्रचलन, अन्तरजातीय विवाहमा छुट नहुनु, बहुविवाह, लागुऔषध सेवन, गुण्डागर्दी, जुवातास, बोक्सीप्रथा, मद्यपान जस्ता सामाजिक समस्या विद्यमान छन् ।

नुवाकोट जिल्लाको बासिन्दाहरूका आ-आफ्नै किसिमको भेषभूषा पाइन्छ । पाको उमेरका महिलाहरू चौबन्दी चोली र फरिया लाउने, पटुकी बाँध्ने, पछ्यौरा ओड्ने तथा सारी ब्लाउज लगाउने गर्दछन् । विवाहित तथा अविवाहित युवतीहरू कुर्ता सुरवाल, सर्ट पाइन्ट, मिनिस्कर्ट जस्ता पहिरन लगाउने गर्दछन् । पुरुषहरूमा अधिकांशले सर्ट पाइन्ट र बुढापाकाहरूले दौरा, सुरुवाल, कोट, लुङ्गी धोती लगाउँछन् । उच्च पहाडी भूभागमा बस्ने तामाङ जातिले गादो (एउटा ठूलो कपडाको टुक्रालाई शरीरको चारैतिर घुमाएर गाँठो पारी लगाउने पोसाक) दौरा, बख्खु लगाउने चलन छ । तामाङ नारीहरूले चोलो, फरिया, फ्याङा (फरियाको पछाडि छोपिने गरी लगाउने पोसाक) चुरा, पोते, सिउँदोमा सिन्दुर लगाउने चलन छ ।

यस जिल्लामा बस्ने तामाङ जाति बौद्ध धर्म मान्दछन् । अन्य जाति तथा जनजातिहरू हिन्दू धर्म मान्दछन् । त्रिशूली, बट्टार आदि बजारी इलाकामा बसोवास गर्ने केही मुसलमान जातिले मुस्लिम धर्म मान्दछन् । क्रिश्चियन धर्मको पनि केही प्रभाव रहेको देखिन्छ । यस जिल्लामा

दुप्चेश्वर महादेव, देवीघाट, नुवाकोट भैरवीमाई, उत्तरगया वेत्रावती जस्ता प्रसिद्ध पवित्र तीर्थ स्थलहरू रहेका छन् । यहाँका मानिसहरूले विशेष गरी तामाङ, सेर्पा जातिले ल्होसार पर्व मान्दछन् । दशैं, तिहार, माघेसंक्रान्ति, साउनेसंक्रान्ति, तीज, न्वागी जस्ता चाडपर्वहरू मान्दछन् । देवीघाट मेला, दुप्चेश्वर मेला, तथा माघे संक्रान्तिको दिन तारुका तथा वेत्रावतीमा गोरु जुधाउने पर्व जस्ता स्थानीय पर्वहरू रमाइलोका साथ मान्ने गर्दछन् ।

यहाँको समुदायमा नारायण पूजा, एकाह, नवाह, सप्ताह, एकाहवत्ती बाल्ने (बौद्धधर्मीहरूका) आदि धार्मिक कार्य गरी ब्रत बस्ने, भजन-कीर्तन गर्ने, रथ यात्रा र बाजागाजा वजाउने परम्परा छ । मान्छे जन्मेपछि न्वारन, पास्नी, छेवार (बौद्धधर्मीको ब्रतबन्ध), ब्रतबन्ध, गुन्युचोली, गुफा र बेलविवाह (नेवार जातिको) जस्ता कर्मकाण्ड गर्ने चलन छ । मान्छेको मृत्युपछि किरिया गर्ने, घेवा गर्ने (बौद्धधर्मी), ब्राह्मण तथा लामाहरूलाई दानदक्षिणा गरेमा चीरशान्ति, मुक्ति र स्वर्गबास हुने कुरामा विश्वास गरिन्छ ।

यस भेकमा वर्षभरि विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् । आफ्ना सुख-दुखः जीवन भोगाइसँगै आ-आफ्नो रीतिरिवाज र चाडपर्वलाई जोगाइराखेको पाइन्छ । यहाँका बासिन्दाहरू बौद्धधर्मी बढी भए तापनि दशैं, तिहार, माघेसङ्क्राति, साउने सङ्क्राति, जनैपूर्णिमा, तीज, चैते दशैं, सामूहिक रूपमा मनाउने गर्दछन् भने बौद्धधर्मी तामाङ जातिले भने ल्होच्छार पर्वलाई घुमघामसँग मनाउने गर्दछन् । हिन्दू जातिहरूले दिवाली (कुलदेवताको पूजा ) गर्ने र विभिन्न चाडपर्वमा नाचगान गरेर रमाइलो र मनोरञ्जन गर्ने चलन पनि छ ।

दशैं हिन्दूहरूको महान चाड हो । यो पर्व नेपालभरि घुमघामसँग मनाइन्छ । पन्ध्र दिनसम्म मनाइने यस पर्वमा दुर्गा भवानीको पूजा गर्ने, कुखुरा, बोका, राँगाको बलि चढाउने, राम्रा लुगा लगाउने, मीठा-मीठा परिकार बनाएर खाने र मान्यजनको हातबाट टीका र आशीर्बाद ग्रहण गर्ने धार्मिक मान्यता रहँदै आएको पाइन्छ । साथै तिहार पर्वमा देउसीभैलो खेली आफ्ना दिदी बहिनीहरूको हातबाट दाजुभाइले टीका ग्रहण गर्ने पशुपङ्क्षीहरूमा गाई, कुकुर गोरुको पूजा गर्ने अनि लक्ष्मीको आरधना स्वरूप लक्ष्मीपूजा गर्ने गरिन्छ ।

यस भेकका मानिसहरू माघेसङ्क्रातिको पर्वमा घिउ चाकु , तरुल, लड्डु सहित सेलरोटी र अन्य मीठा-मीठा परिकारहरू बनाइ खाएर मनाउँछन् । साउने सङ्क्रान्तिमा सेल फुलौरा, मासु, पुरी खाने र अगुल्टो फ्याँकी लुतो फाल्ने गरिन्छ । जनैपूर्णिमाको पर्वमा विशेषगरी

जनैधारीहरूले नयाँ जनै फेर्ने, नुवाइधुवाइ गरी चोखो बस्ने र विभिन्न गेडागुडीहरू मिसाएर तयार पारिएको क्वाँटी खाने गरिन्छ । चैते दशैँमा भगवान रामको पूजा गरीनुको साथै मीठा-मीठा परिकार मासु भात खाने र नाचगान गरेर मनाउने गरिन्छ ।

तीज नेपाली हिन्दू नारीहरूको महान चाड हो । यहाँका महिलाहरू पनि तीजलाई धुमधामसँग मनाउने गर्दछन् । दर खाने, ब्रत बस्ने, स्नान गर्ने, पूजापाठ गर्ने र राम्रा लुगा लगाउने विवाहित नारीहरू आ-आफ्नो माइतीमा गई खुसी मनाउने गर्दछन् भने अविवाहित नारीहरू योग्य वर पाउन ब्रत बस्ने गरिन्छ । ब्रतको समय दिनभर नाचगान र सुख दुःख झल्कने अनेक भाकाका गीतहरू गाएर आत्मसन्तुष्टि लिएर पर्व मनाउने गर्दछन् । यसैगरी यो तीज चेली माइतीको भेटघाट साथीसँगीहरू बीच पुनर्मिलन हुने र आफ्ना सुख दुःख, मर्म, व्यथा बेदना अनि बैभव अभिव्यक्त गर्ने पर्वको रूपमा नेपाली समाजमा स्थापित भएको छ ।

यस भेकमा मनाइने गरेको अन्य बिभिन्न चाडपर्वहरूमा रोपाइँ जात्रा, लाखे नाच, चैते दशैँ, विद्यालयहरूमा सरस्वती पूजा, कार्तिक ठूलो एकादशी, बुद्धजयन्ती (वैशाख पूर्णिमा), जनै पूर्णिमा, रामनवमीसहित विभिन्न ठाउँहरूमा लाग्ने मेला पर्वहरूलाई पनि नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकको धार्मिक तथा साँस्कृतिक सम्पदाको रूपमा लिन सकिन्छ ।

## २.८ उद्योग तथा व्यवसाय

यस जिल्ला कृषि उत्पादनको दृष्टिले अग्र पङ्क्तिमा रहेकोले अन्नवाली, बेमौसमी तरकारी र फलफूल बाहेक अन्य कृषिजन्य उद्योगहरूमा दुग्ध व्यवसाय, मत्स्यपालन, वङ्गुरपालन, कुखुरा पालन, मौरीपालन, पशुपालन आदि व्यवसायहरू गरिएका पाइन्छ । कतिपय मानिसहरू घरेलु उद्योगको रूपमा राडीपाखी, डोका, थुन्चे, दाम्ला, नाम्ला, भकारी, बेतबाँस, पिसानी तथा कुटानी जस्ता उद्योगहरू सञ्चालनमा रहेका छन् । विभिन्न साना घरेलु उद्योगहरूदेखि लिएर ठूला उद्योगहरूमा कपास, ईट्टा, नदीजन्यवस्तु, कपडा, चकलेट, सावुन प्लाइ, फर्निचर आदि छन् । जल विद्युत् उद्योगहरूमा त्रिशूली र देवीघाट ठूला र अन्य स-साना जल विद्युत् उद्योगहरू पनि सञ्चालनमा छन् ।

## २.९ शिक्षा तथा स्वास्थ्य

नेपालको राजधानी काठमाडौँसँग जोडिएको र शैक्षिक संस्थाहरू सङ्ख्यात्मक रूपमा बढी भएर अन्य पक्षमा अग्रपङ्क्तिमा देखिए तापनि शैक्षिक क्षेत्रमा यो जिल्ला अन्य पहाडी जिल्लाहरूको तुलनामा केही पछाडि परेको छ । यस जिल्लामा उच्च शैक्षिक जनशक्ति उत्पादन गर्ने एउटा मात्र नुवाकोट आदर्श बहुमुखी क्याम्पस छ र यसमा स्नातकोत्तर तहसम्मको पठनपाठन हुने गर्दछ । यसै गरी थुप्रै क्याम्पस, उच्च मा.वि., नि.मा.वि., प्रा.वि. र मा.वि. स्तरका वोर्डिङ स्कुलहरू गाउँ र सहरहरूमा खुलेका छन् । नजिक र पायक पर्ने ठाउँमा विद्यालयहरू भए तापनि यस भेकका तामाङ जातिको बाहुल्य भएको तर चेतनाको कमीले तामाङ तथा दलित जातिका बालबालिकाहरूलाई विद्यालय कमै पढाइने गर्दछ । तर क्षत्री, बाहुन, नेवार जस्ता जातिमा भने साक्षरता प्रतिशत निकै बढी छ । यस क्षेत्रको साक्षरता प्रतिशत हेर्दा पुरुषभन्दा महिलाको निकै कम देखिन्छ । केही चेतनाशील र आर्थिक रूपबाट सबल मान्छेहरूले राजधानी सहर र विदेशमा समेत अध्ययनको लागि छोराछोरीहरू पठाउने गरेको पाइन्छ ।

यस जिल्लामा स्वास्थ्य सुविधाको लागि १ ओटा जिल्ला अस्पताल, ३ ओटा क्षेत्रीय अस्पताल सहित थुप्रै इलाका तथा उप स्वास्थ्य चौकीहरू स्थापित छन् । निजी स्तरमा खुलेका नर्सिङहोम तथा अस्पतालहरूले पनि स्वास्थ्य सेवा पुऱ्याउँदै आएका छन् । विभिन्न संस्थागत तथा सरकारी एम्बुलेन्स सेवा, मेडिकल स्टोर, स्वास्थ्य शिविर पनि सञ्चालन भइरहेका छन् । यसका साथै आयुर्वेदिक अस्पताल तथा औषधालयहरूबाट पनि स्वास्थ्य सेवामा ठूलो टेवा पुगेको छ ।

## २.१० विद्युत् तथा सञ्चार

यस जिल्लाका सर्म्पूण भूभागहरूमा मोवाइल, हुलाक, टेलिफोन, रेडियो तथा टेलिभिजन, इन्टरनेट सेवा सञ्चालनमा रहेको छ । छिटफुट् गाउँहरू बाहेक जिल्लाका सवै भूभागहरूमा विद्युत् सेवा उपलब्ध रहेको छ । यसै जिल्लामा ठूला विद्युत्गृहहरू भएकोले जिल्लाभर नै निरन्तर विद्युत् सेवा उपलब्ध छ । यहाँका नदीनालाहरूबाट ठूला तथा साना नयाँ जलविद्युत् आयोजनाहरू पनि बन्ने क्रममा रहेका छन् ।

## २.११ यातायात तथा सुरक्षा

यस जिल्लाको सदरमुकाम तथा विभिन्न भेकहरूबाट हिउँद वर्षा बाह्रै महिना राजधानी काठमाडौँ आवतजावत गर्न मिल्ने कालोपत्रे बाटो र ग्रामीण कच्ची सडकहरू सञ्चालनमा छन् । केही सडकहरू हिउँद याममा मात्र चल्ने ग्रामीण कच्ची सडकहरू छन् । नदीनालाहरूमा मोटर चल्ने पक्की पुलहरू बन्ने क्रम अगाडि बढिरहेको छ । शान्ति सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालय लगायत विभिन्न भेक तथा गाउँहरूमा प्रहरी सुरक्षा पोष्टहरू स्थापना भएका छन् । यस जिल्लामा सैनिक तालिम केन्द्र (मैथली ब्यारेक), प्रहरी तालिम केन्द्र, ककनी तथा लाङ्टाङ राष्ट्रिय निकुञ्ज सुरक्षार्थ सैनिक सुरक्षा पोष्ट आदि छन् । यी विभिन्न सुरक्षा पोष्टहरूले यस जिल्लाका जनताको शान्ति सुरक्षामा मह□वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

## २.१२ अन्य केही विशेषताहरू

नुवाकोट प्राकृतिक, ऐतिहासिक, धार्मिक, पुरातात्विक र सांस्कृतिक मह□व बोकेको मह□वपूर्ण जिल्ला हो । यस जिल्लामा अवस्थित डाँडाकाँडा हरिया चउर पाखापखेरा, छाँगा र छहरा देउराली र भञ्ज्याङ, ताल तलैया र झरना लाङटाङ राष्ट्रिय निकुञ्ज नागवेली आकारमा बहने तादी, त्रिशूली र लिखू नदी, समथर फाँट र टारहरू आदि प्राकृतिक छटाले युक्त रमणीय स्थानहरू छन् । नुवाकोट जिल्लाको अन्य केही विशेषताहरूलाई यस प्रकार उल्लेख गरिएको छ :

धार्मिक स्थल तथा सास्कृतिक पक्षहरुः

- नुवाकोट जिल्लामा धार्मिक गरीमाले युक्त भैरवी मन्दिर, देवीघाट, उत्तरगया, दुप्चेश्वर महादेव, सागरकुण्ड, सूर्यकुण्ड सहित अन्य थुप्रै मठमन्दिर र देवालय जस्ता धार्मिक स्थान छन् ।
- विभिन्न जातजाति र धर्मालम्बी बीच धार्मिक सहिष्णुता र आपसी साझेदारीबाट जीवन निर्बाह गर्ने गरेको ।
- आफ्नै प्रकारको कला, संस्कृति, गीतसङ्गीत, भेषभूषा, रीतिरिवाज चालचलन र शैलीले आत्मस्वाभिमानका साथ बाँच्न जानेका ।

**प्राकृतिक श्रोतहरुः**

- प्राकृतिक दृष्टिले अग्ला टाकुरा हिमचुली, राहुचुली, ठाडेलेक, गोल्फूभञ्ज्याङ, छाँगा, छहरा, नागबेली आकारले बहेको त्रिशूली, लिखू, तादी (सूर्यमती) र चाके (चन्द्रमती) नदी, समथर खेतीयोग्य फाँहरू र टारहरू अवस्थित छन् ।
- कृषिजन्य उत्पादनमा प्रशस्त, फलफूल र तरकारी, पशुपालन र मत्स्यपालन व्यवसाय सञ्चालन गरेर प्रशस्त आय आर्जन गर्न सफल क्षेत्र ।
- नेपालकै सबैभन्दा असल चामल पाइने शिखरबेशी फाँट अबस्थित ।
- जडिबुटी र प्रशस्त काठहरू प्राप्त गर्न सकिने स्थान ।
- नदीबाट थुप्रै विद्युत् शक्ति उत्पादन गर्न तयारी अवस्थामा रहेको ।
- रमणीय र सिंचाइयुक्त फाँटहरू ।

**पर्यटकिय स्थलहरुः**

- पर्यटकीय दृष्टिले लाङटाङ राष्ट्रिय निकुञ्ज (दुर्लभ वन्यजन्तु रेडपाण्डा र काँडेभ्याकुर पाइने), ककनी, बागमारा, चिसापानी, गोसाइँकुण्ड मार्गसहित वनजङ्गल, वन्यजन्तु तथा प्राकृतिक छटायुक्त स्थानहरू ।

**शिक्षा र स्वास्थ्यः**

- शिक्षाको हकमा यस जिल्लामा प्रा.वि. ३०४, नि.मा.वि. ७६, मा.वि. ५८, उ.मा.वि. ४७, स्नातक अध्ययन हुने १९ र स्नाकोत्तर अध्ययन हुने १ वटा क्याम्पस रहेको छ ।
- स्वास्थ्य सुविधाको लागि जिल्ला अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र ३, र स्वास्थ्य चौकी ६३ वटा रहेका छन् । आपत्कालिन अवस्थाको लागि एम्बुलेन्स सेवा आदिको व्यबस्था भएको छ ।

**यातायात र सञ्चारः**

- सञ्चार सेवा, बिद्युतीकरण, सामाजिक सुरक्षा र यातायात सेवाको राम्रो व्यवस्था भएको ।

## २.१३ नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकको परिचय

नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेक लिखु र कोल्पु नदीको बीचको सेरोफेरोलाई मानिन्छ । यस भेकका जम्मा ५ वटा गा. वि. स. हरू पर्दछन् जसलाई समेटेर अध्ययन पत्र तयार पारिएको छ । आफ्नै विशेषता, गुण, अस्तित्व र गरीमाले गर्दा नेपाली माटोमा अमूल्य हिस्सा ओगट्न सफल यो पावनभूमि अवस्थित छ ।

नुवाकोट जिल्लाको समग्र परिचय भन्दा यस भेकको परिचय धेरै फरक नभए तापनि यहाँका प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षमा केही मात्रामा भिन्न देखिन्छ । भौगोलिक हिसाबले विभिन्न डाँडाकाडा, बेसीटार, देउराली भञ्ज्याङ, छाँगा छहरा, तादी, चाके जस्ता नदीले सुसज्जित क्षेत्र हो ।पर्यटन क्षेत्र ककनी, सिन्दुरे फाँट, लिखु फाँट देखि लेक बेसी रहनु यसको अर्को भौगोलिक विशेषता मानिन्छ ।

यस भेकमा वस्ने बासिन्दाहरू कृषि तथा पशुपालन गर्नुका साथै जडीबुटी विक्री वितरणबाट आफ्नो जीविका चलाउँछन् भने पहाडी तथा बेसीका बासिन्दाहरू कृषि, पशुपालन, नोकरी, व्यापार व्यवसाय जस्ता आदि पेसाहरू अँगाल्दछन् । बेसीका फाँटहरूमा सिंचाईका राम्रो व्यवस्था भएकोले कृषि उत्पादन राम्रो हुने गर्दछ । यस भेकमा बग्ने तादी र सिन्दुरे खोला यस क्षेत्रमा जनताहरूलाई सिंचाई तथा विद्युतीकरणका लागि वरदान सावित भएको छ । वर्तमान समयमा यी नदीहरूबाट विद्युत् उत्पादन गृह निर्माण भैसकेका र हुने क्रम पनि छ ।

नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकको धार्मिक सांस्कृतिक र सामाजिक जीवन सामान्य नै छ । यहाँ विशेष गरी तामाङ जातिको बाहुल्यता छ भने नेवार, ब्राह्मण, क्षत्री, कामी, दमाई, सार्की आदि जातिको वसोवास छ । तामाङ जाति बौद्ध धर्म मान्छन् र आफ्नै मौलिक संस्कृति पनि उनीहरूको छ । तामाङ जाति आफ्नै तामाङ भाषा वोल्छन् भने अन्य जाति हिन्दू धर्म मान्दछन् र नेपाली भाषा बोल्दछन् । हिन्दू धर्मालम्वीहरू हिन्दू परम्परा अनुसार आफ्नै परम्परा र संस्कृतिमा चल्दछन् । तामाङहरूको मुख्य पर्व ल्होच्छार भए तापनि दशैं तिहार जस्ता पर्वहरू पनि उप्तिकै रुचिका साथ मनाउँछन् र अन्य जातिहरूले पनि ल्होच्छार जस्ता तामाङ जातिको विशेष चाड पर्वमा पनि सहभागिता जनाउनुले धार्मिक सहिष्णुता स्पष्ट झल्कन्छ ।

यस भेकको मुख्य जात्रा वासुकी मन्दिरमा हुने फागुपूर्णिमा मेला हो । मदानपुर गा. वि. स. को सिन्दुरे खोलाको दक्षिण किनारको सिन्दुरे फाँटमा  यसको मन्दिर अवस्थित छ । यहाँ पूर्णिमाको दिनमा धुमधामसँग ठूलो मेला लाग्ने भए पनि अन्य दिन र पर्वमा पनि मेला भर्ने भक्तजनहरूको  धुइरो लाग्छ । जनै पूर्णिमा पर्वमा सूर्यकुण्ड, गोसाईंकुण्ड र सागरकुण्ड मेला, माघे सङ्क्राति, बालचतुर्दशी, शिवरात्रि, रामनवमी आदि पर्वहरूमा पनि विभिन्न देवदेवालयहरूमा स-साना मेला पर्व लाग्ने गर्दछन् । यहाँका मानिसहरू तीज, ठूलो एकादशी, माघे सङ्क्राति आदि पर्वहरू मनाउँछन् ।

यो भेक शिक्षा स्वास्थ्य, यातायात, सञ्चार, सुरक्षा जस्ता पक्षमा पनि सबल छ । स्नातक तहसम्मका शिक्षा हासिल गर्ने अवसर यस क्षेत्रमा उपलब्ध छ । स्वास्थ्य सुविधाका लागि क्षेत्रीय अस्पताल, हेल्थ पोष्ट र एम्वुलेन्स सेवा समेत उपलब्ध छ । राजधानीसँग दैनिक आवत जावत गर्न पक्की सडक र ग्रामीण कच्ची सडकहरू निर्माण भएका छन् । विद्युत् सेवा, टेलिफोन तथा मोवाइल सेवा, सेना तथा प्रहरी सुरक्षा पोष्ट जस्ता सेवाहरू पनि उपलब्ध छन् ।

यस भेकका मानिसहरूको मुख्य आय स्रोत कृषि र पशुपालन हो । यसका अलावा नोकरी, व्यापार व्यसाय, घरेलु उद्योग, वैदेशिक रोजगार आदि आम्दानीका स्रोत यहाँका वासिन्दाका हुन् । यहाँ उत्पादित तथा निर्मित वस्तुहरू केही स्थानीय स्तरमा विक्री हुने गर्दछन् भने धेरै जसो वस्तुहरू राजधानी काठमाडौं लगायत अन्यत्र पनि विक्री वितरण हुने गर्दछन् ।

## २.१४ निष्कर्ष

यस परिच्छेदमा नुवाकोट जिल्लाको सामान्य परिचय र विशेषताका साथै नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेगका परिचय पनि सङ्क्षेपमा दिइएको छ । यस जिल्लाको नामकरण, ऐतिहासिक स्थिति भौगोलिक अवस्था प्राकृतिक स्वरूप, सामाजिक-सांस्कृतिक जीवन, उद्योग तथा व्यवसाय, शिक्षा तथा स्वास्थ्य, विद्युत् तथा सञ्चार, यातायात र सुरक्षा आदि विषयको सम्बन्धमा जानाकारी गराइएको छ । यी विभिन्न पक्षहरूको वर्णनबाट यो जिल्ला नेपालको इतिहासका मह□वपूर्ण घटनाहरू भएको, विविध प्रकारका हावापानी, प्राकृतिक छटायुक्त भूभागहरू अवस्थित स्थान हो । विविध जातिको बसोवास आ-आफ्नो किसिमका भेषभूषा, बोलीचाली र मातृभाषा रहेको पाइन्छ । धार्मिक हिसावले हिन्दू र वौद्ध धर्मावलम्बीहरुको बाहुल्यता पाइन्छ । हिन्दू परम्पराअनुसारकै चाडपर्वहरु प्रायः सबै जातिहरूले मान्ने गर्दछन् । प्राकृतिक एवम् पुरातात्त्विक सौन्दर्यले पूर्ण हुनु यो जिल्लाको आफ्नै पहिचान पनि हो ।

# परिच्छेद-तीन

# लोकगीतको सैद्धान्तिक स्वरूप

## ३. लोक साहित्य र नेपाली लोकगीत

### ३.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा नेपाली लोक साहित्यको प्रमुख विधाको रूपमा रहेको लोकगीतको सैद्धान्तिक स्वरूपको चर्चा गरिएको छ । नेपाली लोक साहित्य र लोकगीतका सम्बन्धमा विद्वानहरूको अभिमतको चर्चा गरिएको छ । लोकगीतको परिचय, विशेषता, तत्त्व, महत्त्व, वर्गीकरण र लोकगीतको अध्ययन परम्पराको सम्बन्धमा परिचर्चा समेत गरिएको छ ।

### ३.२ लोक साहित्य

लोक भन्नाले जनसमूह भन्ने बुझिन्छ । लोक शब्द वैदिक कालदेखि नै 'जन' को पर्यायवाची शब्दको रूपमा प्रयोग गरिएको पाइन्छ (पराजुली, २०६४:१७ ) । वैदिक साहित्यकालदेखि लोक शब्दको प्रयोग र परिभाषित गरिएको पाइन्छ । साहित्य शब्दले जनताको हितको प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ व्यक्त गर्दछ । लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरूलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरीने मौखिक साहित्य लोक साहित्य हो (पराजुली र गिरी, २०६८:१ ) । यसरी समष्टि अर्थमा लोक वा जनताको कल्याणको भावनाले लोकले आर्जेको, जनजीवनमा भोगे गरेको, लोकबाट प्रचलनमा आएको, लोकको निम्ति, लोकको सुख, दुःखलाई लिएर मौलाएको शिष्ट अभिव्यक्ति लोक साहित्य हो । मानवको जन्मसँगै अर्थात् मानव अस्तित्वसँगै प्रारम्भ भएर मानव जीवनकै इतिहास र संस्कृति बनेर लोक साहित्य स्थापित भएको छ । तर अहिले लोक शब्दको अर्थ विशेष रूपमा बुझिन थालिएको छ, त्यो हो संवेदनशील र अनुभूतिशील जनसमुदाय ( थापा, २०३०: १३) । हुन त लोक साहित्यलाई ग्रामसाहित्य, अशिष्ट साहित्य आदि शब्दले पुकार्ने पनि गरिन्थ्यो । लोक साहित्यको सम्बन्धमा मोहनराज शर्मा र खगेन्द्र लुइँटेल यसरी परिभाषित गर्दछन् " लोकज्ञान वा

लोकभावनामा आधारित श्रुति परम्पराबाट प्राप्त व्यक्ति विशेषको नभइ अपठितहरूबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा/ लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाको रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोक साहित्य भनिन्छ ( शर्मा र लुइटेल, २०६३:१४) । साथै लोक जीवनका सुख-दुःख, रीतिरिवाज, आस्था, निष्ठा एवम् परम्परागत त□वहरू विद्यमान रहेको काल्पनिक एवम् मौखिक कलात्मक अभिव्यक्ति लोक साहित्य हो, यसमा सामूहिक अवचेतनाका भावहरू विद्यमान हुन्छन् तथा लोकमानसका भावहरू मौखिक साहित्यका लोकगाथा, लोककथा, लोकनाटक, लोकोक्ति आदि विविध विधाहरू रहेका हुन्छन् । मौखिक अभिव्यक्तिको समष्टि स्वरूप लोक साहित्य हो ( पराजुली र गिरी, २०६८ :.५)। लोक साहित्य मौखिक परम्पराबाट हुर्किएको साहित्य हो । यस साहित्यले जनसमाजमा लोकव्यवहार, मनोरञ्जन, मनोभावना आदनप्रदानका क्रममा स्वभाविक र स्वच्छन्दता साथसाथै सरल पाराले गायन, वाचन र श्रवण गर्ने गरिन्छ । यो साहित्य हाम्रो लोकजीवनको साझा सम्पत्तिको रूपमा मौलाई रहेको छ । यस साहित्यमा लोकजीवनको आँसु-हाँसो, हर्ष-विष्मात्, सुख-दुःख अभिव्यक्त भएको हुन्छ । लोक साहित्य सहज, स्वच्छन्द र चोखो अभिव्यक्ति हो । मानव मनमष्तिष्कबाट र मानव मुटुको धड्कन तथा स्पन्दनबाट मुटुको ढुकढुकी बनेर हाम्रो गाउँ, समाज, सहर, बजार र रनवनमा विचरण गरिरहेको छ । लोक साहित्यको सिर्जना कसबाट भयो ? कहिले भयो ? भन्ने एकिन गर्न सकिन्न, यो त वर्षौं वर्षसम्म कथ्य रूपमै विकसित भै मौलाएको हो । यसैले लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो र आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो । लोक साहित्य लोक जीवनको कहिल्यै नहराउने सम्पत्ति हो । लोक साहित्य अध्ययन गर्दै जाँदा जाति, धर्म, सम्प्रदाय, समाज, संस्कृति, रीतिरिवाज र देशकै छवि देख्न सकिन्छ (थापा र सुवेदी, ,२०४१ :३) । यसरी लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल बाणीगत अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकमर्यादामा आरक्षित मानव जीवनको हर्ष-विस्मात्, सुख-दुःख आदिको चित्रण भएको मौखिक साहित्य लोक साहित्य हो ।

लोक साहित्यको सम्बन्धमा केही पूर्वीय र पश्चिमा विद्वान्हरूले आ-आफ्ना ढङ्गले परिभाषित गरेका छन् ।

"लोक साहित्य एक गतिशील साहित्य हो । " – आर.आर.मेरिट (पराजुली,२०६८:४)

"सर्वसाधारण समाजलाई मौखिक रूपमा भावमय अभिव्यक्ति दिने लोकरञ्जनी साहित्य नै लोक साहित्य हो ।" –सत्यव्रत सिन्हा (पुडासैनी,२०५८:२२)

"भावुक र कल्पनाशील व्यक्तिहरूको द्रवीभूत यथार्थ व्यञ्जना नै लोक साहित्यको पहिचान हो ।" –वासुदेव त्रिपाठी (पराजुली,२०६८:४)

## ३.३ लोकगीतको परिचय

नेपाली लोक साहित्यअन्तर्गत सबभन्दा महत्वपूर्ण लोकपद्यविधाको रूपमा लोकगीतलाई लिन सकिन्छ । अन्य विधाहरू भन्दा ब्यापक, समृद्ध र अत्यन्त लोकप्रिय विधा लोकगीत हो । सर्वप्राचीन र सर्वव्यापी रूपमा फैलिएको यस विधाको रचनाकाल र रचनाकार समेत अज्ञात हुन्छ । लोक गीत कुनै महानदीमा हजारौँ वर्षसम्म बग्दै हजारौँ किलोमिटर दूरी पार गरेको डुङ्गासँग तुलना गर्न सकिन्छ ,(आचार्य, २०६२ :.१) । यसर्थ लोकगीतले डुङ्गाले जस्तै घातप्रतिघात पार गर्दै समसामयिक युगमा आइपुग्दा पनि अत्यन्तै लोकप्रिय, गतिशील, संवेदनशील र जनप्रिय विधाको रूपमा विकसित भइरहेको छ । संसारको सबै भाग र क्षेत्रमा व्याप्त प्राचीन साहित्यिक विधा लोकगीत नै हो । वेदकालीन युगका ठूला ठूला पत्रहरूदेखि रामायण महाभारतजस्ता पत्र समेतको विकास श्रुति-स्मृति परम्पराबाट, लोकगीत ढाँचा र उपजबाट विकसित भएको अनुमान गर्न सकिन्छ ।

लोकगीत शब्द लोक र गीत दुई शब्द मिलेर बनेको हो । अङ्ग्रेजीमा 'फोल्क सङ्ग' पनि भनिन्छ । लोक भनेको जनसमुदाय र गीत भनेको साङ्गीतिक अभिव्यक्ति अर्थात् प्रत्येक समुदाय वा लोकको लोकभावना अभिव्यक्ति गर्ने, लोककै सुख-दुःख, हर्ष-विस्मात, उकाली-ओराली आदिका अनुभूति एवम् अनुभवलाई लयबद्ध अर्थात् साङ्गीतिक अभिव्यक्ति नै लोकगीत हो । लोकगीतलाई जनगीत र ग्रामगीत भन्ने गरिएको पाइए तापनि के सहर के बजार, गाउँ, टोल, रनवनमा आ-आफ्नो रुचि, लय, भाका आदिका आधारमा घन्कने गर्दछ । लोकगीतमा मान्छेका सुखदुःख, घातप्रतिघात, जितहार, उतारचढाउ र आस्थासँग सम्बन्धित अनुभूति तथा अनुभव सरल एवम् लयबद्ध रूपमा प्रकट भएका हुन्छन् (पराजुली र गिरी, २०६८ : २४) । नेपाली समाजमा जातीय विभाजन अनुसार फरकफरक लोकगीतहरू गाउने

चलन पनि छ । जस्तै बाहुनक्षेत्रीहरूमा सिलोक, कविता, गीत, भजन सङ्गीत, गुरुङ मगरमा घाटु, सोरठी, रोदी, तामाङ शेर्पा जातिमा सेलो गाउने चलन छ । साथै फरक समुदाय र स्थान अनुसार फरकफरक लोकगीतहरू गाएर सुख-दुःखको साथी बनेको हुन्छ । नेपाली शब्द सागरले लोकगीतलाई जनतामा परम्परादेखि गाइँदै चल्दै आएको मधुर गीत भनेर अर्थ्याएको छ (शर्मा, २०६१ :११७४) । यसरी लोकगीतलाई जनताले निर्माण गरेका र परम्परादेखि चल्दै आएको लोकजीवनको लयात्मक अभिव्यक्ति हो भन्ने सन्दर्भमा दुई मत हुन सक्दैन । लोकगीतलाई चिनाउनुको सन्दर्भमा पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले विभिन्न पत्रहरूमा आ-आफ्नै किसिमले परिभाषा गरेको पाइन्छ । नेपाली साहित्यकोशमा लोकगीतलाई यसरी अर्थ्याइएको छ - नेपाली लोक साहित्यको प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैँले जन्माउँछ । यो सरल हुन्छ , सुबोध्य हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कबिहरूको नाम उल्लेख भएको पाइँदैन । यसको संरचनामा कुनै पूर्वयोजना पनि हुँदैन ( बराल र अन्य, २०५५ : ११८८ ) । महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदनभित्र 'सज्जनवर्गप्रति' भन्ने उपशीर्षकमा "झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन" भन्दै लोकगीतको झ्याउरे लयलाई मह▯व दिएका छन् (देवकोटा, २०५४ भूमिका) । यसरी भाव र लयले पूर्ण भएको मानव अन्तष्करणबाट बाहिर उद्दीप्त भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो । लोकगीतको सन्दर्भमा धर्मराज थापा र हंसपुरे सुवेदी भन्छन् -" लोकगीत जनताको गलागलाबाट अनवरत बगिरहने छहरा हो । यो स्वच्छ हिमशिखरबाट बगेको कञ्चन जलप्रवाहझैँ स्वच्छ र उदार मानव ह्रदयजस्तै विशाल छ ।" यसै गरी नेपाली लोक साहित्यका अर्का अध्येता लक्ष्मण लोहनी ले "मानवीय क्रियाकलापसँगै बाह्रै महिना डम्फू, मादल, झ्याली, करताल, खैँचडी, मुजुरा आदि लोकवाद्यको रन्कोमा रोदीघरदेखि डाँडापाखाहरूमा गुञ्जने सुमधुर स्वरलहरीहरूलाई लोकगीत भनेका छन् ( लोहनी, २०२२ : ८) । लोकगीत लोकजीवनका प्रिय माध्यम हो । यसै क्रममा कृष्णप्रसाद पराजुलीले लोकगीतलाई यसरी परिभाषित गर्न खोजेका छन्, -" लोकगीत अँधेरीमा टिमटिमाउने तारा हो भने उजेलीमा प्रहरै पिच्छे मधुरता दिने समय धारा पनि हो (पराजुली, २०६४ : ६३ ) । लोकगीत एउटै विषयवस्तु एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भूखण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई

एउटै परिभाषामा समेट्न सम्भव छैन । उपर्युक्त विद्वान्हरूका परिभाषाअनुसार लोकगीत आफ्नो सांस्कृतिक परिवेशअनुसार समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो । लोकगीतले गेयात्मकता, निर्वैयक्तिकता, तीव्रता, सरलता, मार्मिकता, रागात्मकता र विश्वव्यापकता आदि विशेषता बोकेको पाइन्छ । बौद्धिकताको जटिलताबाट लोकगीत टाढै रहेको हुन्छ भने यसमा हार्दिक पक्षको बर्चश्व रहेका हुन्छन् । यसमा भाषा लयदार हुन्छ र भावना तथा सङ्गीतात्मकताको समन्वय पाइन्छ । समालोचक दयाराम श्रेष्ठले लोकगीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिला मनोरञ्जन तथा तुरुन्तै प्रभाव उत्पन्न गराइ हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यो लोकप्रिय बनेको छ भन्ने धारणा राख्दछन् (श्रेष्ठ , २०२८ : १५ ) ।

यसरी सबै विद्वान्हरूले लोकगीतको बारेमा परिचय तथा परिभाषा दिन खोजिए पनि यसको ब्यापकता र जटिलतालाई समेट्न अझै अध्ययनकर्ता विद्वान्हरू लागीपर्नु पर्ने देखिन्छ । सबै विद्वान्हरूको मतलाई समेटेर भन्नु पर्दा लोकगीत समाजको आदिकालदेखि श्रुतिपरम्पराका आधारमा सामूहिक रूपमा विचरण गर्दै विकसित भइरहेको लोकको अनुपम नासो तथा अभिव्यक्ति हो । लोकगीतमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ र यसले गाउँबेशी, हिमाल, पहाडमा आइपरेका मान्छेको जीवनका दु:ख-सुख हर्ष-विस्मात, दया-माया, प्रेम-घृणा, उकाली-ओराली, मेलापात जस्ता मानवीय भावलाई अभिव्यक्त गर्नुको साथै शासन व्यवस्था स्वतन्त्रता र निरङ्कुशता, राष्ट्रियता र स्वाभिमानका स्वभाविक र प्रभावकारी सन्देशहरू लयात्मक अभिव्यक्तिका साथ प्रकट गर्दछ ।

## ३.४. लोकगीतका विशेषता

लोक साहित्यका विभिन्न विधाहरू मध्ये सबभन्दा प्रमुख एवम् मह वपूर्ण विधा लोकगीत हो (पराजुली र गिरी, २०६८:२४) । समाजका राम्रा नराम्रा घटनाहरू, मानिसको रहन-सहन तथा रीतिरिवाज, जीवनमा भोगिने सुख-दु:खका अवस्था आदि कुरा लोकगीतमा प्रतिविम्बित हुन्छन् (आचार्य,२०६२:१०) । लोकगीतको कोमल र कठोर दुबै प्रकारको जीवनभोगाइबाट निस्कने कल्पना र यथार्थका विविध पक्षलाई समेटेको हुन्छ । नेपाली लोकगीत खेतीकिसानी गर्दाको थकाइ मेट्न, गोठालो, मेलापातमा समय कटाउन, नारी जीवनको भोगाइ र दु:खमा, मायाप्रीति बाँड्न, केटाकेटीमा खेल्न-रमाउन बुढ्यौलीमा शान्ति प्राप्त गर्ने माध्यमको रूपमा आएको हुन्छ । यसर्थ परापूर्वकालदेखि प्रचलनमा आएको लोकगीतको क्षेत्र स्वरूप र

विशेषता यति नै छ भनेर भन्न सम्भव छैन, यसको गुण र विशेषताका बारेमा रौँ चिरेर व्याख्या विश्लेषण गर्न सकिने अवस्था नहोला तैपनि विभिन्न विद्वान्हरूका मत र देखेभोगेका अनुभवबाट प्राप्त विशेषताहरूलाई बुँदागत रूपमा तल चर्चा गरिएको छ ।

## क) अज्ञात रचयिता

लोकगीत परापूर्वकालदेखि कथ्य भाषाको रूपमा पुस्ता हस्तान्तरण हुँदै जनजीब्रोमा झुण्डिदै आएको हो । यसको वास्तविक रचयिता को हो ? कहिले रचना भएको हो ? ज्ञात छैन । हरेक हाम्रा गाउँघर, पाखा वस्तीहरूमा अनि रनवनमा, विवाह, व्रतवन्ध विभिन्न चाडपर्वहरूमा वर्षौं पहिलेदेखि आफ्नो लोकप्रियतालाई जीवित राख्ने साझा सम्पत्ति लोकगीतको रचायिता सदा अज्ञात हुनु नै महत्वपूर्ण विशेषता हो । लोकगीत स्वतस्फूर्त रूपमा जन्मन्छन् । लोकगीत पहिलेदेखि नै लिपिबद्ध नहुने हुँदा यसका रचनाकार गौण हुन्छ । साथै गीत पनि समय र स्थानअनुसार संअध्ययनन र परिवर्तन भइरहन्छ । तलको लोकगीतको रचनाकार हो हुन् भनी कसैले भन्न सक्दैन-

मेरो माया छ भनी त्यता,  
छमछम चुरा बजाउँदै आउ यता ।

## ख) मनोरञ्जनात्मकता

लोकगीतले मनलाई हँसाउने, खुसी बनाउने, मनोरञ्जन दिनुको साथै दुखेको र बरालिएको चित्त बुझाएर शान्त बनाउने काम पनि गर्छ । मेला, पर्व, विवाह आदिमा मानिस जमघट हुँदा होस्, गाउँमा नयाँ अतिथि पाहुनाको आगमन हुँदा होस्, खेतीपातीको थकाइ पट्टयार मेटाउन होस्, लोकगीतले प्रत्यक्ष्य तथा अप्रत्यक्ष ढङ्गबाट मनोरञ्जन प्रदान गरिरहेकै हुन्छ ।

## ग) मौखिक परम्परा

लोकगीत मौखिक परम्पराबाट र श्रुतिपरम्पराबाट पुस्ता हस्तान्तरण हुँदै आएका हुन्छन् । लोकगीतलाई लिपिबद्ध गरी सङ्कलन गर्न सकिन्छ तर यो एक जिब्रोबाट अर्को जिब्रोमा, एक मेलापर्वबाट अर्को मेलापर्वमा, एक विसौनीबाट अर्को विसौनीमा, एक खोलाबाट अर्को

खोलमा, एक ऋतुबाट अर्को ऋतुमा र एक युगबाट अर्को युगमा सर्दै र विकसित हुँदै आउँछ । यसर्थ लोकगीतले लिखित रूप धारणा गऱ्यो भने यस्को मृत्यु हुन्छ भन्ने कसैकसैको भनाइ छ । यसर्थ मौखिक परम्परामा जन्मनु, हुर्कनु र वयस्क भै मुग्ध बनाउनु यसको विशेषता हो ।

## घ) सहजता र सरलता

लोकगीत चोखो, सरल र सहज हुन्छ । यसको भाषा वास्तविक लोकजीवनका भावभङ्गी र बोलीचालीमा मिल्दो हुन्छ । लोकमानसले पचाउन सक्ने मिल्दो कृत्रिमताको गन्ध नभएको विशुद्ध नेपाली जनमनको भाषा हुन्छ । आँसुप्रबाह र स्वतःस्फूर्त ढङ्गबाट सामान्य जनमानसकै सिर्जनामा सबै भेक, क्षेत्र र स्थानमा अस्तित्व जमाउन लोकगीतले सक्छ । लोकगीत जुन समयमा पनि जस्तै मेलापात घाँस दाउरा, ढिकी जाँतोमा पनि फुर्न सक्छ । बिना सङ्गीत, बिना कलाकार स्वतःस्फूर्त रूपमा सिर्जना हुन्छ ।

## ङ) संक्षिप्तता

लोकगीतको आकार प्रकार छोटो हुन्छ । यसलाई विभिन्न भाका एवम् थेगोको प्रयोग गरेर मात्र लम्ब्याउन सकिन्छ । दोहरी गायन तथा नाचगानमा नयाँनयाँ भाका र फाँकी गाँसेर लोकगीतलाई लम्ब्याउन सकिन्छ ।

## च) मौलिक अभिव्यक्ति

लोकगीतको अभिव्यक्ति स्वच्छ, सरल, सरस र स्पष्ट हुन्छ । लोकमानसले पत्याउन र पचाउनको लागि स्थानीयताको कसीमा बाँधिएको हुन्छ । लोकगीतको भाषाले विशुद्ध लोकप्रचलन र लोक नेतृत्व गरेको हुन्छ । यसमो कतैबाट आयतीत तथा नक्कल गरेका अन्य भाषाहरूको प्रयोग हुँदैन । आफ्नै मौलिकता बोकेको हुनाले लोकगीतका भावहरू सजिलै बुझ्न र ग्रहण गर्न पनि सकिन्छ ।

## छ) प्रश्नोत्तर प्रवृत्ति

लोकगीत जुवारी, युगल जोडी गीतको रूपमा गाइने हुनाले प्रश्नोत्तरप्रधान गीत हुन् । प्रश्नोत्तरप्रधान गीतहरूमा सिधा प्रश्न र उत्तर हुन्छन् अनि ती सहज तथा रागात्मक भएर

सामाजिक भावनासँग सम्बद्ध हुन्छन् । जुवारी खेल्दा गीतमा सवाल खस्न नपाउँदै भाका छोपेर गीतैमा जवाफ फर्काउने र भट्याउने प्रक्रिया पनि त्यत्तिकै रसमय हुन्छ ।

### ज) स्वच्छन्दता

लोकगीत कुनै निर्धारित नियम एवम् शास्त्रीय विधि विधानका अनुशासन बाँधिएको हुँदैन । यसमा छन्द, अलङ्कार, रस, गण, सङ्केत आदि शास्त्रीय नियमको सीमामा सीमित हुनु पर्दैन । यो त लोकसर्जक एवं लोक गायक पारखीहरूबाट बिना झन्जट, बिना कसरत, एक से एक सिर्जनात्मक र लोकगीतरत्नहरू तयार हुन्छन् । एकछिनको भेटमा मायामा, मनोरञ्जनमा, देउराली र भञ्ज्याङमा अनि सुख र दुःखमा उन्मुक्त तरिकाबाट सिर्जना हुन्छ । यसका लय, छन्द भाकामा आफ्नोपन हुन्छ । लोकजीवनमा चलन चल्तीमा रहेको लय निख्खरा बनेर स्वच्छ अभिव्यक्ति दिइरहेको हुन्छ ।

### झ) पुनरावृत्ति र थेगोको प्रयोग

लोकगीतमा प्रत्येक चरणपछि भइरहने पुनरावृत्तिलाई 'टेक' पनि भनिन्छ । लोकगीत गाउँदा कतिपय अवस्थामा पहिलो पङ्क्ति प्रायः दोहोर्‍याएर गाइन्छ । शब्द शब्द वा वाक्य वाक्य दोहोर्‍याई चरण पूरा गर्ने क्रिया नै लोकगीतको आफ्नो शैली हो । लोकगीतमा थेगो वा रहनीको प्रयोग पनि अत्यन्तै रसिलो हुन्छ ।

यसरी माथि उल्लेखित विशेषताहरू मोटामोटी रूपमा कोट्याइएको छ । यस भित्र गहिरिएर अध्ययन अनुसन्धान गर्दा अझ अन्य विविध विशेषताहरू पनि लुकेका छन् । यसको चर्चा–परिचर्चा गर्दा लोकगीत नेपाली लोकजीवनका अभूतपूर्व गतिशील र भावप्रवाहमा कहिल्यै नसक्ने र कहिले नरित्तिने हिमगङ्गाको पानी हो, अभिव्यक्तिको मर्म र मुटु हो ।

## ३.५ लोकगीतका तत्त्वहरू

कुनै पनि वस्तुको संरचनामा आवश्यक हुने तथ्य वा वस्तुलाई तत्त्व भनिन्छ । जसरी एउटा घर बन्नको लागि ढुङ्गा, माटो, जस्ता, काठ, सिमेन्ट, फलाम आदि तत्त्वको आवश्यकता पर्दछ, त्यसैगरी लोकगीत बन्नको लागि पनि आवश्यक अवयव वा साधनहरूको आवश्यकता पर्दछ । लोकगीतलाई श्रुतिमाधुर्य र सशक्त बनाउन पनि विभिन्न

त□वहरूको आवश्यकता पर्दछ । कृष्णप्रसाद पराजुलीले लोकगीतका त□वलाई संरचना, लय, गेयता, कथनपद्धति, भाषा र भाव गरी ६ प्रकारका मुख्य त□व र सहायक त□वको रूपमा नृत्य र वाद्य (पराजुली,२०५७:७६) हुन भनेर केलाएका छन् । चुडामणि वन्धुले लोकगीतको संरचनामा कथ्य, भाषा, चरन वा पद, स्थायी र अन्तरा, रहनी र वथन, लय र भाका तथा नृत्य र वाद्य पाइने कुरा उल्लेख गरेका छन् । वाद्य र नृत्य लोकगीतमा अनिवार्य नहुने कुरा पनि उल्लेख गरेका छन् (बन्धु,२०५८:११५-११९) । मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीले विषयवस्तु, भाषा, भाव/ सन्देश, लय र भाका, स्थायी र अन्तरा, लोकत□वलाई अनिवार्य त□व र रहनी वा थेगो, नृत्य र बाजालाई वैकल्पिक त□व (पराजुली र गिरी,२०६८:३०) को रूपमा वर्गीकृत गरिएको पाइन्छ । गोविन्द आचार्यले लोकगीतका त□वहरूलाई मूलतः अनिवार्य त□व र ऐच्छिक त□वको रूपमा वर्गीकृत गरिएको पाइन्छ (आचार्य, २०६२:२ ) । यहाँ लोकगीतमा निम्न त□वहरूको सविस्तार वर्णन गरिएको छ -

## अ) अनिवार्य त□व

लोकगीतमा नभइ नहुने मुख्य त□वलाई लोकगीतका अनिवार्य त□व भनिन्छ । ती यस प्रकार छन् :

### क) विषयबस्तु

लोकगीत कुनै न कुनै विषयबस्तुसँग सम्बन्ध राख्दछ । नेपाली समाजका सेरोफेरोमा रही धार्मिक, सामाजिक, ऐतिहासिक, आर्थिक, पौराणिक आदि विषयलाई समेटेर रचना गरिन्छ । यी विषयवस्तुले हाम्रा सुख-दुःख, उकाली-ओराली र जीवनका विभिन्न उतार चढावको प्रतिबिम्बित गरेको हुन्छ ।

### ख) भाषा

लोकगीतको अभिव्यक्तिको माध्यम भाषा हो । भाषाकै माध्यमद्वारा व्यक्त गरिने हुनाले भाषालाई लोकगीतको. अनिवार्य त□व मानिन्छ । नेपाल बहुभाषी र बहुजाति मुलुक भएर पनि होला, नेपाली लोकगीतहरू नेपाली भाषीहरू नेपाली, भोजपुरी, अवधी, गुरुङ, राई, लिम्बू, तामाङ, मगर आदि भाषामा अभिव्यक्त भएका पाइन्छन् । लोकगीत कथ्य भाषामा

प्रयोग गरिए तापनि सामान्य बोलीचालीको भाषाभन्दा फरक हुन्छ । भाषा सरल र संबेद्य हुनुपर्छ , मिठासपूर्ण र लयका दृष्टिमा परिपक्व हुनुपर्छ ।

### ग) सङ्गीत

लोकगीतको अनिवार्य त□वको रूपमा सङ्गीतलाई लिन सकिन्छ । यस विनाको लोकगीत खल्लो हुन्छ । लोकगीतलाई श्रृतिमाधुर्य र मिठासपूर्ण बनाउने काम सङ्गीतले गर्दछ । यसको ताल, राग र स्वरले गीत तिख्खर बन्दछ ।

### घ) लय वा भाका

लोकगीतको आत्मा लय हो । लयरूपी सुमधुराताले गर्दा स्रोतावर्गलाई तरङ्गित र मनमुग्ध तुल्याउने काम गर्दछ । लयले मानिसलाई लठ्याएर नाचूँ-नाचूँ, हाँसू-हाँसू बनाउँछ । लोकगीतका सर्जकहरूले विना सङ्गीतकार नेपाली मनमष्तिष्कबाट कल्पना गरेर नयाँ-नयाँ, लय र भाका सिर्जना गर्दछन् । विभिन्न काल, समय र युग अनुसार र सामाजिक परिस्थिति र अवस्थाहरू अनुसार अनेकौं लय र भाकाहरू निर्माण गर्दछन् । यो सृष्टि रहुञ्जेल लोकगीतका भाकाहरू नरित्तिने र नसिद्धिने हुन्छन् ।

### ङ) गायक-गायिका

लोकगीत मौखिक रचना हो । यो श्रुति-स्मृति परम्पराबाट विकसित हुने हुनाले गायक गायिका अनिवार्य त□वको रूपमा पर्दछन् । गीतलाई सुरिलो, श्रुतिमनोहर र रसात्मक बनाइ आनन्दको थप अनुभूति दिन गायक-गायिको प्रमुख भूमिका रहन्छ । लोकगीत प्रायः सामूहिक गायनमा गाइन्छ भने केही मात्रामा युगल तथा एकल प्रस्तुति पनि भेटिन्छ ।

## आ) ऐच्छिक त□व

लोकगीतमा ऐच्छिक रूपमा प्रयोग गरिने वस्तुलाई लोकगीतका ऐच्छिक त□व भनिन्छ । ती यस प्रकार छन् :

## क) अलङ्कार

यो लोकगीतको गहना वा सुन्दरता हो । यसलाई अझ सुन्दर बनाउन विभिन्न किसिमका आलङ्कारिक शब्द, थेगो आदिको प्रयोग गरिन्छ । लोकगीत सर्वसाधारण कलाकारहरूबाट सहज र स्वाभाविक रूपमा अभिव्यक्त हुने भएकाले कलात्मक गीत र कवितामा जस्तो अलाङ्कारको प्रवृति पाइँदैन । तै पनि जीवन जगत्का विविध सन्दर्भलाई अलङ्कारको रूपमा लोकगीतमा प्रस्तुत गरिन्छ । यसमा शिष्ट साहित्यमा जस्तो सचेत रूपमा अलङ्कारको. प्रयोग नभए तापनि स्वतः र सहज रूपमा अलङ्कारको प्रयोग हुन्छ ।

## ख) बिम्ब र प्रतीक

लोकगीतलाई जीवन्त बनाउन लोक गायकहरूले कहिल्यै नविर्सिने गरी गीतबाट प्राप्त भएका छाँया र स्मृतिलाई बिम्ब र प्रतीकको रूपमा ल्याउने गर्दछन् । लोकगीतको सन्दर्भमा भन्दा बिम्ब एक किसिमको छाँया हो भनिएको छ (पराजुली, २०६४: ५३१) । स्रोतावर्गमा अमीट छापको रूपमा लोकगीतका विषयवस्तु र भावलाई बिम्व र प्रतीकका रूपमा राखी रहने त␣वको रूपमा लिन सकिन्छ । बिम्ब र प्रतीक लोकगीतमा कृत्रिम नभएर सहज ढङ्ले मानव मनबाट स्वतः प्रस्फुटित हुने गर्दछ । लोकगीतमा प्रतीकको एउटा शैली नै बनेको हुन्छ, जुन शैलीले अभिव्यक्तिलाई प्रभावित तुल्याउादै लोकगीतमा भाषिक सौन्दर्य र भावगाम्भीर्य ल्याएको पाइन्छ (पराजुली, २०६४: ५३१) ।

## ग) रहनी वा थेगो

रहनी वा थेगो विना पनि लोकगीत भेटिन्छ । तर केही लोकगीतमा पङ्क्तिको आदि, मध्य र अन्त्य जहाँ पनि ऐच्छिक त␣वको रूपमा रहनी वा थेगो आउन सक्छ ।

## घ) फाँकी

लोकगीतमा निरर्थक शब्दको रूपमा फाँकी पनि आउन सक्छ । यसले कथ्यलाई सुन्दर तुल्याएर छन्द एवम् सङ्गीत व्यवस्थालाई समेत सघाउँछ ।

### ङ) स्थायी-अन्तरा

लोकगीतमा स्थायी पटक-पटक गाइने अंश हो भने अन्तरा गीतलाई विस्तार गर्न आउने अंश हो । स्थायी अंशबाट गीतको समग्र भाव बुझ्न सकिन्छ । यसको पटक-पटक गायनले गायक र स्रोतामा गहिरो प्रभाव पार्दछ ।

### च) वाद्य

वाद्य लोकगीतको ऐच्छिक त□व हो । वाद्य विना पनि लोकगीत गाउन सकिन्छ । तर यसको प्रयोगले लोकगीतलाई श्रुतिमधुर बनाउँछ ।

### छ) नृत्य

लोकगीतमा नृत्यको प्रचलन पनि  पाइन्छ । यो एकल, युगल वा सामूहिक प्रस्तुति पनि हुन सक्छ । यसले गीतलाई रोचक र दर्शकलाई मनोरञ्जन दिलाउँछ ।

### ज) अभिनय / पहिरन

लोकगीत अभिनय र पहिरन विना पनि गाइन सक्छ । तर धार्मिक तथा अन्य केही गीतहरूमा लीला गायनको रूपमा राम, कृष्ण, हनुमान जस्ता चरित्रको अभिनय गर्दा चरित्र अनुसार पहिरनको प्रयोग गर्ने चलन पनि छ ।

### झ) स्रोता वा दर्शक

लोकगीत एक पुस्ता वा व्यक्तिबाट अर्को पुस्ता वा व्यक्तिमा सर्दै जाने हुनाले अनुकरण गर्नका लागि पनि ऐच्छिक त□वको रूपमा स्रोता वा दर्शक हुनु जरुरी छ ।

यी सवै त□वहरूको संयोजनबाट लोकगीत निर्मित हुन्छ ।

## ३.६. लोकगीतको मह□व

लोकगीतले कुनै पनि समाजमा मह□वपूर्ण सम्बन्ध राखेको पाइन्छ । लोकजीवनका सुख-दुःखका प्रत्येक अवस्था, प्रत्येक घटनाहरू लोकगीतका माध्यमबाट प्रस्फुटन हुने गर्दछन् । प्रत्येक समुदायमा र भाषामा लोकगीतकै सङ्ख्या अत्यधिक  पाइने कुरा विज्ञहरूको भनाइ

छ । यो गीत मानवको बोली प्रस्फुटन भएदेखि प्रारम्भ भएको सर्वप्राचीन र समृद्ध विधा भएकोले समाजमा महत्त्व  ठूलो छ । लोकगीतको प्रमुख महत्त्वहरूलाई बुझाउन निम्न बुँदागत रूपमा छुट्याइएको छ ।

## क) सामाजिक एवम् सांस्कृतिक महत्त्व

नेपाल बहुभाषी, बहुधार्मिक र बहुसांस्कृतिक समाजको समष्टि रूप हो । नेपाली समाजमा परापूर्वकालदेखि नेपाली जनजीवनका रीतिथिति, रहनसहन, चाडपर्व आदिदेखि लिएर लवाइखवाइ, भेषभूषा र सामाजिक कार्य जस्ता सांस्कृतिक महत्त्व झल्कने लोकगीतबाट यसको परिचय पाइन्छ । स्थानविशेष अनुसार आ-आफ्नो संस्कार र संस्कृति अँगालेर वर्षौं पहिलेदेखि आजसम्म लोकगीतलाई निरन्तरता दिइएको पाइन्छ । असारको रोपाइँ गीत, मङ्सिरको दाँइगीत, तिहारको देउसी भैलो, विवाहको रत्यौली जस्ता गीतहरूले नेपाली जाति र यसका संस्कृति र संस्कारलाई उजागर गरीरहेको हुन्छ । यदि लोकगीत अभिव्यक्त गर्ने प्रचलन नभएको भए नेपाली सामाजिक र सांस्कृतिक अस्तित्वलाई गुम्स्याएर राख्नु बाहेक अर्को उपाय हुने थिएन ।

## ख) ऐतिहासिक महत्त्व

जुन-जुन समय र कालखण्डको शासन व्यवस्था, शासकवर्ग जनताको इतिहासलाई सोही-सोही समयका गीतहरूले अभिव्यक्त गर्दछ । लिखित परम्पराको विकास नभएको अवस्थामा भएका ऐतिहासिक घटनाहरूलाई जीवित एवम् दुरुस्त  राख्न  लोकगीतको भूमिका ठूलो हुन्छ । पुर्खाले भोगेका जीवनभोगाइ, ऐतिहासिक वीर महापुरुष, राजा महाराजाहरूबाट भए गरेका पुरुषार्थका वीरगाथा एवम् गद्दारहरूको बेइमानी, प्राकृतिक प्रकोप आदिको वर्णन गीत तथा सवाइको माध्यम अपनाइने भएकाले पनि लोकगीतको ऐतिहासिक महत्त्व अति नै छ ।

## ग) भाषिक महत्त्व

लोकगीत गाउँ बेसी, कुनाकाप्चा र कन्दराहरूमा हुर्कने हुनाले यसको भाषा, लय, छन्द, झर्रोपन, चोखोपन र मौलिकता पाइन्छ । लोकजीवनका सेरोफेरोमा भिजेका शब्दहरूमा कृषि क्षेत्रका बाउसे, रोपाहार, हली, कोदाली, मेलो, वस्तुहरूमा पाडा-पाडी, गोरु, राँगा

पेसामा सिकर्मी, डकर्मी, कुमाले वाद्यवादनमा मुर्चुङ्गा, डम्फू, खैँचडी गीतहरूमा रोदी, सँगिनी, दोहोरी, न्याउली, मारुनी, ख्याली, भ्याउरे जस्ता परिभाषिक शब्दहरूको प्रयोग सम्बन्धी ज्ञान प्राप्त हुनुको साथै गीतका विभिन्न थेगो, रहनी, टुक्का लोकोक्तिको प्रयोगले भाषिक अध्ययन र भाषिक विकासमा महत्त्वपूर्ण टेवा पुग्दछ ।

## घ) साहित्यिक महत्त्व

लोकगीत कथ्य वा श्रुतिपरम्पराबाट हुर्कदैं आएको लोक सिर्जना हो । लोकजीवनका आँसु-हाँसो, उकाली-ओराली चाडपर्व आदि झल्काउने गीतहरू स्वतःस्फूर्त सिर्जना हुन्छन् । युवायुवती बीचमा दोहोरी गायनमा होस् या पर्व र संस्कार झल्काउन गाइने गीतहरू तयारी गीत नभइ अवस्था अनुसार तुरुन्त रचना गर्नु पर्ने र तुरुन्त सवाल-जवाफ दिनु पर्ने हुनाले मनमष्तिष्कबाट फुरेर निस्कने गीतहरू साहित्यिक हुन्छ । सवालको जवाफलाई रोचक र छेडिलो बनाउन पनि नयाँ नयाँ शब्द भाषा संयोजन गर्नु पर्ने हुनाले साहित्य सिर्जना आफसे आफ हुन जान्छ । लोकगीतका सर्जक भनेको आशुकवि हुन् । उनीहरूको कविता वा गीत साहित्य हो । साथै कतिपय साहित्यकारहरूले लोकगीतको प्रभावबाट साहित्य सिर्जना गर्ने प्रेरणा पाउँछन् ।

## ङ) भौगोलिक महत्त्व

लोकगीतले विभिन्न भूगोलका भौगोलिक वर्णन र प्रशंसा गरेको पाइन्छ । गीतको माध्यमबाट विभिन्न स्थानको धरातलीय बनोट र प्राकृतिक विशेषताको वर्णन पाइन्छ । विभिन्न देश, विदेश, सहर, गाउँ, नदी, तलाउ, पाल्पा, बुलबुले ताल, सुर्खेत, जुम्ला, भक्तपुर, नुवाकोट, गोसाइँस्थान, पशुपति, भञ्याङ, चुली, माछापुच्छ्रे आदिको भौगोलिक चर्चा गरी लोकगीतको संयोजन हुने हुनाले यस्को भौगोलिक महत्त्व छ ।

## च) आर्थिक महत्त्व

लोकगीतमा समाजका गरिब-धनी, सुखी-दुःखी, परिश्रमी-अल्छी अनि आलस्य, अभाव, कष्ट आदि कार्यबाट जीवनमा भएका वा भोग्नु परेका सुख दुःखको आर्थिक चित्रण पाइन्छ । परिश्रम गर्दा आर्थिक लाभ हुने, मीठो खान पाइने, नगर्दा दुःख र भोक बेहोर्नु पर्ने, गरीबीको मारले घर परिवार छोडेर विदेशिनु परेको कथा व्यथा, गीतमा अभिव्यक्त हुन्छ । खेती

व्यापार, व्यवसाय गरेर सुखी र सम्पन्न जीवन बिताउने चाहना व्यक्त गर्ने होस् या सुनचाँदी गहना रेशमका सारी लाउने रहर जस्ता आदि आर्थिक अवस्थाजन्य वर्णन लोकगीतमा हुने भएकोले यसको आर्थिक महत्त्व पनि छ ।

लोकगीत कुनै पनि राष्ट्रको सम्पत्ति हो । लाखौँ लाख नेपालीहरूको अनुभूति एवम् जीवन भोगाइका परिदृश्यहरूलाई अजर र अमर बनइ राख्न लोकगीतको महत्त्वपूर्ण भूमिका रहन्छ । यस्तो सम्पदाको संरक्षण सम्वर्द्धन र विकास गर्न सबै तह र तप्काका साहित्यनुरागी एवम् स्वाभिमानी शुभचिन्तक नेपालीहरूको महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

## ३.७ लोकगीतको वर्गीकरण र नेपाली लोकगीत

नेपाली लोकसाहित्यको अत्यन्त सम्पन्न विधा लोकगीत भएकाले यसको अध्ययन, वर्गीकरण र प्रकार निर्धारण गर्न निश्चय नै कठिन छ । लोकगीतको अध्ययन अनुसन्धान गर्ने स्वदेशी तथा विदेशी विद्वानहरूले आ-आफ्नै दृष्टिकोणबाट यसको वर्गीकरण गरेको पाइन्छ । लोकगीतको वैज्ञानिक अध्ययन नेपालको तुलनामा विदेशमा राम्रो भएको पाइन्छ । यसैले नेपाली लोकगीतको वैज्ञानिक अध्ययन नभएकोले यसको खोज र अध्येताहरूले आ-आफ्नै तरिकाले वर्गीकरण गरेका छन् । "विभिन्न विद्वान्हरूले विभिन्न किसिमले वर्गीकरण गरेका छन् । लोक साहित्यको अहिलेसम्म गरिएका वर्गीकरणबाट समग्र लोक साहित्यको प्रकार निर्धारण हुन सकेको देखिदैन ( पराजुली, २०४०:८०) भनी मत अगाडि सारेका छन् । लोकगीतमा विविधता, बहुरूपता र नित्य नवीनता देखिनाले यसको वर्गीकरण गर्दा कुनै विद्वान्ले आफूभन्दा पहिलेका विद्वान्ले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणा अनुसार नयाँ वर्गीकरणलाई पेस गरेका छन् तर कुनै पनि विद्वान्ले गरेका वर्गीकरणलाई सर्वसम्मत र वैज्ञानिक भने मान्न सकिने स्थिति छैन ।

लोकगीतको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले पनि आ-आफ्नो धारणा राखेका छन् । पूर्णप्रकाश नेपाल 'यात्री' ले आफ्नो विचार प्रस्तुत गर्दै लोकसिर्जित गीत, लोकरचित गीत र लोक विषयक गीतमा भिन्नता देखाउने प्रयास गरेका छन् (नेपाल 'यात्री', वर्ष १५, अंक ८,२०३९) । अर्का लोक साहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई सामयिक लोकगीत (ऋतु, मौसम वा चाड अनुसार) गाइने र सामान्य (जहिले पनि गाउन सकिने) गरी २ भागमा वर्गीकरण गरेका छन् (जोशी, २०१२ :.१४५) ।

यसरी नै काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको पस्तुतीकरणलाई आधार मानेर सकर्मक अकर्मक गरी दुई भागमा बाँडेका छन् ( कन्दङ्वा, २०२०:१३) । उनले आफूले सङ्कलन गरेका लोकगीतहरू मध्ये सकर्मक ऋतुकालीन लोकगीतमा असारे गीत, मारुनी गीत, दाँइ गीत (जुन कर्मसहित गाइन्छ) लाई समावेश गरेका छन् र सकर्मक बाह्रमासेमा बाह्रै महिना गाउन सकिने डम्फू, सेलो, मादले गीत, खैँचडी, भजन आदि गीतलाई समावेश गरेका छन् । त्यस्तै अकर्मक ऋतुकालीनमा झ्यौसी भैलो, तिजे, मालश्री आदि र अकर्मक बाह्रमासेमा सिलोक, भजन, दोहा, रसिया आदि गीतलाई समावेश गरेका छन् । उनले गरेका यस वर्गीकरणलाई नेपाली लोकगीतमा तुलनात्मक रूपमा राम्रो वर्गीकरण मान्न सकिन्छ । समालोचक दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन् ती हुन् - १) संस्कारसम्बन्धी लोकगीत २) ऋतुकालीन लोकगीत ३) क्रियासम्बन्धी लोकगीत ४) विविध लोकगीत ( श्रेष्ठ 'सम्भव' २०२८: १५) । धर्मराज थापा र हंसपुरे सुवेदीले लोक साहित्यको चर्चा गर्दा लोकगीतको वर्गीकरण सात किसिमबाट गरेका छन् । ती हुन् - १) सामान्य गीत २) ऋतु वा व्रत सम्बन्धी गीत ३) संस्कार गीत ४) कर्मगीत ५) पर्वगीत ६) लोकनृत्य वा नृत्यगीत ७) विविध ( थापा र सुवेदी, २०४१:३) ।लोकगीतको वर्गीकरण गर्ने क्रममा कृष्णप्रसाद पराजुलीले लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्र र जीवनचक्र गरी दुई प्रकारको लोकगीतको बारेमा चर्चा गरेका छन् (पराजुली,२०५७:१४८) । वर्षचक्रका लोकगीतलाई बाह्रमासे लोकगीत र ऋतुकालीन लोकगीत गरी दुइ भेद देखाएका छन् । ऋतुकालीन लोकगीतलाई पनि पर्वगीत र कर्मगीत गरी दुई भागमा विभाजन गरेका छन् भने अर्कोतिर जीवनचक्रसम्बन्धी लोकगीतलाई संस्कारगीत, उमेर अवस्थासम्बन्धी गीत र नृत्य गरी ३ भेद देखाएका छन् ( पराजुली, २०५१:१६ ) । यस प्रकार लोक साहित्यका विभिन्न अध्येता विद्वानहरूद्वारा गरिएको अध्ययन, विश्लेषण र वर्गीकरणका आधार र ढाँचाहरूलाई पहिचान गर्दा नेपाली लोकगीतको वर्गीकरण निम्न आधारमा गर्नु सान्दर्भिक देखिन्छ ।

## १) विषयवस्तुका आधारमा

लोकगीतको विषयवस्तु समाज, समय, प्रसङ्ग आदिले गर्दा फरकफरक हुन्छ । नेपाली लोकगीतको सन्दर्भमा हेर्दा खाँडो, कर्खा धार्मिक तथा ऐतिहासिक विषयवस्तुमा आधारित

हुन्छन् । बालन, घाटु, सोरठी, भजन आदि पौराणिक विषयवस्तुमा आधारित हुन्छन् भने देउसी, भैलो, रत्यौली, तीजेगीत, झ्याउरे आदिमा सामाजिक विषयवस्तु बढी पर्दछ ।

## २) स्वरूपका आधारमा

स्वरूपका आधारमा लोकगीत आख्यानयुक्त, आख्यानमुक्त र फुटकर गरी तीन प्रकारको लोकगीत हुन्छन् । त्यसैगरी आकारका आधारमा हेर्दा मध्य आकार, लधु आकार, लधुतम आकारका गरी तीन किसिमका लोकगीतहरू पाइन्छन् ।

## ३) कार्यको आधारमा

कामविशेषको समयमा गाइने लोकगीत कार्यका आधारमा गाइने गीतहरूमा पर्दछन् । जस्तै रोपाइँमा असारे, दाइँमा दाइँगीत, दशैँमा मालाश्री, कोदो रोप्दा साउने गीतहरू काम विशेषमा गाइने गरेका पाइन्छ ।

## ४) उमेर, लिङ्ग र जातिका आधारमा

लोकगीत उमेरअनुसार गाउने चलन पनि छ । बालकहरू बालगीत, युवायुवतीहरू मायाप्रीति, विरह र विछोडका गीत जस्ता शृङ्गारिक गीतहरू, झ्याउरे, असारे, दोहोरी गीतहरू पनि युवायुवतीमै लोकप्रिय हुन्छ । बृद्धबृद्धा विशेषगरेर घाटु, बालुन भजन, सिलोक आदि गाउँछन् । लिङ्गका आधारमा गाइने गीतहरूमा विवाहमा रत्यौली र तीजमा महिलाहरू, खाँडो मालसिरी दाइँ आदिमा प्रायः पुरुषहरूको सहभागिता हुन्छ । जातिका आधारमा चाहिँ चुड्का भजन, बालन आदि ब्राह्मण क्षत्री र सोरठी घाटु मगर गुरुङ आदि जातिले साथै कर्खा गन्धर्वहरूले गाउने गरेको देखिन्छ । झ्याउरे गीत सबैले गाउने गर्दछन् ।

## ५) प्रस्तुतिको आधारमा

लोकगीतको गायन र प्रस्तुति पनि आ-आफ्नै तरिकाका हुन्छन् । कुनै वाद्यवादन विना पनि गाउन सकिने घाँसे गीत अनि सेलो, भजन, गाइने गीत वाद्यवादन सहित र बालुन, सोरठी, मारुनी, घाटु नृत्य वाद्यसहित  गाइन्छ ।

## ६) गायनका आधारमा


कुनै एकजनाले मात्र गाउने गीत एकल गीत हो भने घाँसे, भ्याउरे, दोहरी गीत आदि युगल रूपमा  र सामूहिक रूपमा गाइने गीतहरूमा देउसीभैलो आदि पर्दछन् ।

### ७) रसभावका आधारमा

लोकगीत आँसु-हाँसो र मनोरञ्जनको लागि गाइन्छ । हास्य, वीर, करुण, शान्त शृङ्गार आदि रसभावका आधारमा पनि लोकगीतको वर्गीकरण गर्न सकिन्छ ।

### ८) प्रकार्यको आधारमा

लोकगीतलाई प्रकार्यको आधारमा निम्न अनुसार वर्गीकरण गर्न पनि सकिन्छ ।




### क) संस्कार गीत

लोकवासीले जन्मदेखि मृत्युपर्यन्त सम्पन्न गरिने विभिन्न संस्कारहरूमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । जन्म, विवाह, व्रतबन्ध आदि संस्कारहरूमा मनोरञ्जन, खुसियली र आत्मशुद्दिका लागि संस्कार गीतहरू गाइन्छन् । नेपाली समाजमा प्रचलित रत्यौली, खाँडो, महाल आदि संस्कार गीतहरूमा पर्दछन् ।

### ख) ऋतुकालीन कर्मगीत

नेपाली लोकजीवनको नाता विभिन्न ऋतुहरूसँग गाँसिएको हुन्छ । कृषि पेसामा संलग्न कृषकहरू आफ्नो कृषिकर्मका क्रममा हुने थकाइ, दिग्दारी, आलस्य मेटाउनका साथै मनोरञ्जन लिन यस्ता गीतहरू गाइन्छन् । यसरी ऋतु र कर्मसँग गाँसिएका यस्ता गीतहरूलाई ऋतुकालीन कर्मगीत अथवा श्रमगीत भनिन्छ । यस्ता गीतहरूमा असारे, दाइँगीत, घाँसेगीत आदि पर्दछन् ।

## ग) पर्वगीत

नेपाली लोकसंस्कृति र परम्परा अनुसारका विभिन्न पर्वहरूमा गाइने गीतलाई पर्वगीत भनिन्छ । महत्त्वपूर्ण पर्वहरूका अवसरमा आध्यात्मिक सन्तुष्टिको अनुभूति र मनोरञ्जनका लागि यस्ता गीतहरू गाइन्छन् । यस्ता गीतहरू नगाउनाले पर्व नै अपूर्ण भएको महसुस हुने भएकाले पूर्णताका लागि तीजगीत, मालसिरी, देउसी, भैलो आदि गीतहरू पर्वगीतको रूपमा गाइन्छन् ।

## घ) धार्मिक गीत

धर्म प्राप्त गर्ने भावनाले अभिप्रेरित भई धार्मिक अवसरमा गाइने सबै प्रकारका गीतहरूलाई धार्मिक गीत भनिन्छ । नेपाली समाजमा प्रचलित धार्मिक अवसरहरूमा ब्रत, पूजा र स्तुति गरी देवीदेवताहरूमा राम, कृष्ण, शिव, पार्वती, गणेश, सरस्वती आदिका चरित्र, गुण, विशेषता, महिमा र पुरुषार्थको बखान गर्दै धार्मिक गीतहरू गाइन्छन् ।

## ङ) बाह्रमासे गीत

बाह्रै महिनाभरि, जहिले पनि, जुनसुकै विषयकमा र जुनसुकै समयमा पनि गाइने र गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । यो गीत जनमानसमा सबैभन्दा बढी लोकप्रिय र प्रचलित छ । यस्ता गीतहरूमा माया-पिरती, सुख-दुःख, विरह-वेदना, प्रेम-विछोड आदि मानवीय भाव व्यक्त हुन्छन् । सबै उमेर समूह र वर्गका मानिसहरूले अनेकौं लय र भाकामा यस्ता गीतहरू गाइन्छन् । दोहारी गीत, झ्याउरे, घाँसे, बालन, सेलो, सिलोक, ख्याली, वालगीत आदि गीतहरू बाह्रमासे गीतअन्तर्गत पर्दछन् ।

## ३.८ नेपाली लोकगीतको अध्ययन परम्परा

नेपाली लोकगीतमा आफ्ना भावना र अनुभूतिहरूलाई लोकगीतको माध्यमबाट पोख्न थालेको सयौँ वर्ष भैसकेको छ । लोकगीतको अस्तित्व वैदिक युगदेखि नै रहेको पाइन्छ । कतिपय विदेशी विकसित मुलुकहरूले लोकगीतको अध्ययन र विवेचना गर्ने कार्य सयौँ वर्ष अघिदेखि गरेको पाइन्छ तर नेपाली लोकगीतको सङ्कलन सँगसँगै अध्ययन र विवेचना गर्ने कार्य प्रारम्भ भएको धेरै समय भएको छैन ।

नेपाली लोकगीतको प्रचलन भाषाको उद्भव–कालदेखि नै हुन्छ भन्ने अनुमान नेपाली लोक साहित्यका विद्वान्हरूले लगाएका छन् । नेपाली भाषाको लेख्य रूपको विकास एघारौं शताब्दीबाट सुरु भएर शिलालेख, अभिलेख, तामपत्र, कनकपत्र आदिका रूपमा विकसित भएको पाइन्छ । यसै क्रममा मौखिक लोककाव्यको रूपमा लहरी, सवाई र झ्याउरे आदि गीतलाई लोकलयको साहित्यिक रचनाको रूपमा विकसित भएको पाइन्छ । वसन्त शर्माको 'समुद्रलहरी', सन्त ज्ञानदिलदासको 'उदयलहरी', कृष्णप्रसाद रेग्मीको 'वीरलहरी', दानराज लामिछानेको 'बाह्रमासा' आदि पर्दछन् । यी खण्डकाव्य स्तरका रचना हुन् तापनि यिनमा गेयात्मकता थियो । झ्याउरे गीतहरूमा अश्लिलता र बढी शृङ्गारिकता पाइने हुनाले लोकजीवनमा भिज्न नसक्ने रचनाहरू पनि पाइन्छन् । नेपाली इतिहास भाषा साहित्यका अन्वेषणकर्ता बाबुराम आचार्यले "पुराना कवि र कविता" मा 'नेपाली लोकगीत २००३ पूर्व मौखिक रूपमा बाँचेको थियो' भनेका छन् ( आचार्य, २०३४ :१) । वि.सं. २००३ सालको 'शारदा' पत्रिकामा धर्मराज थापा र सत्यमोहन जोशीले नेपाली लोकगीत सङ्कलनको पहिलो काम गरे ।

वि.सं. २००७ को राजनैतिक परिवर्तनसँगै साहित्यका नयाँ नयाँ ढोका खुल्नुको साथै अध्ययन परम्परामा निकै सुधारहरू आउन थाले । २००७ सालमा रेडियो नेपालको स्थापना, धर्मराज थापा, पासाङ गोपर्मा, काजीमान कन्दङ्वा आदिको सक्रियतामा वि.सं. २०१० मा स्थापित लोकगीत सङ्ग्राहलय, रोयल नेपाल एकेडेमी, नेपाल राष्ट्रिय विद्यापीठ, मदनपुरस्कार पुस्तकालय, रत्न रेकर्डिङ संस्थान, संस्कृति विभाग, त्रिभुवन विश्वविद्यालय अन्तर्गत उच्च शिक्षाको नेपाली पाठ्यक्रम लोक साहित्य समाविष्ट गरी गरिएका प्रयासहरूबाट लोकगीतको अध्ययनमा थप टेवा पुगेको पाइन्छ । यसका अतिरिक्त व्यक्तिगत रूपमा पनि थुप्रै विद्वान्हरूले आ-आफ्नो क्षेत्रबाट लोकगीतको अध्ययन अनुसन्धान गरेको पाइन्छ ।

नेपाली लोकगीतको सङ्कलन र अध्ययन कार्यमा विशेष योगदान दिने व्यक्तिहरूमा धर्मराज थापाको नाम अग्रस्थानमा आउँछ । उनले राष्ट्रिय र क्षेत्रीय स्तरका लोकगीतको अध्ययन गरी थुप्रै पत्रहरू प्रकाशमा ल्याएका छन् । उनले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भ्रमण गरी मेरो नेपाल भ्रमण (२०१६), हाम्रो लोकगीत (२०२०), गण्डकीका सुसेली (२०३०)

र धर्मराज थापा र हंसपुरे सुवेदीको नेपाली लोक साहित्यको विवेचना (२०४१) पुस्तकमा नेपाली लोकगीतको विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ ।

नेपाली लोकगीतको अध्ययन गर्ने अर्को व्यक्ति सत्यमोहन जोशी हुन् । उनले 'हाम्रो लोक संस्कृति' (२०१४) नामक कृतिमा, काजीमान कन्दङ्वाले 'नेपाली जनसाहित्य' (२०२०) मा नेपाली लोकगीतहरूको चर्चा, परिचर्चासहित विश्लेषण गर्ने काम गरेका छन् । अध्ययनकै क्रममा लक्ष्मण लोहनीले 'रोदीघर' (दो.सं. २०२२) मा लोकगीतको सामान्य परिचय दिनुको साथै नुवाकोट जिल्लामा गाइने गीतहरू समेत सङ्कलन गरेका छन् । कालीभक्त पन्तले 'हाम्रो सांस्कृतिक इतिहास' (२०२८), कृष्णप्रसाद पराजुलीको 'नेपाली लोकगीतको आलोक' ( २०५७), गोविन्द आचार्यको लोकगीतको विश्लेषण (२०६२), मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीको 'नेपाली लोकसाहित्यको रूपरेखा' (२०६८) आदि कृतिहरूमा लोकगीतको विस्तृत अध्ययन गरी लोकगीतको सङ्कलन एवम् वर्गीकरण गर्ने कार्य समेत भएको पाइन्छ । यसका साथै नेपाली लोकगीतको अध्ययन अन्वेषणलाई गतिशील बनाउन लागि पर्नेहरूमा चूडामणि बन्धु, सुबी शाह, दयाराम श्रेष्ठ 'सम्भव', रामदयाल राकेश, जनकलाल शर्मा, पारसमणि प्रधान, रत्नाकर देवकोटा, हिरण्य भोजपुर आदि सक्रिय देखिन्छन् ।

नेपाली लोकगीतको क्षेत्रीय स्तरमा अध्ययन गर्ने क्रममा देवकान्त पन्तको 'डोटेली लोक साहित्य' (२०३२), प्रदीप रिमालको 'कर्णाली लोकसंस्कृति' खण्ड ५ (२०२८), विजय चालिसेको 'डोटेली लोकसंस्कृति र साहित्य' (२०३९), पूर्णप्रकाश नेपाल 'यात्री' 'सेतीको नालीबेली र सेतीका तारा' (२०३४), भेरी लोकसाहित्य (२०४१), तेजप्रकाश श्रेष्ठ 'अछामी लोक साहित्य' (२०४४) आदि छन् । उक्त कृतिकारहरूका कृतिहरूमा नेपाली लोक साहित्यका साथै नेपाली लोकगीतको अध्ययन भएको पाइन्छ । त्यस्तै त्रिभुवन विश्वविद्यालयको केन्द्रीय नेपाली शिक्षण विभाग अन्तर्गत गराइएको अध्ययनकार्यले पनि नेपाली लोकगीतको क्षेत्रीय अध्ययनको लागि ठूलो भूमिका खेलेको छ । नेपाली लोकगीतलाई जनस्तरसम्म पुऱ्याउन र यसको विकासमा विभिन्न सांस्कृतिक मञ्चहरू, साहित्यिक संस्थाहरू, कला मन्दिरहरू, गुठीहरू लगायत नेपालभरि छरिएर रहेका लोकगायक तथा लोकगीतकर्मीहरूको भूमिका महनीय छ । विद्वान् लेखकहरूले आफ्ना पुस्तकहरूमा र विभिन्न पत्रपत्रिका सिडी, भिडियो, भिजुयल आदिका माध्यमबाट पनि लोकगीतको अध्ययन अनुसन्धानका दिशामा मह□वपूर्ण सहयोग पुऱ्याउन सक्ने अनुमान गर्न सकिन्छ ।

यसरी नेपाली लोकगीतको अध्ययन परम्परालाई हेर्दा नेपाली लोकगीतको मौखिक परम्परा शताब्दियौँ अगाडिबाट सुरु भएर विभिन्न कालखण्डमा नेपाली विद्वान्हरूबाट भएका अनुसन्धान र विश्लेषणलाई सम्मान गर्न सकिन्छ । तर यस किसिमको अध्ययन अनुसन्धान र विश्लेषण गर्ने कार्य पूर्ण भएको पनि छैन र रोकिने कार्य पनि होइन । अनि एकैचोटि हुन सक्ने पनि होइन । लोकको यस अमूल्य निधिलाई बचाउनको साथै अझै समृद्धितर्फ छिचोल्न लोक साहित्यप्रेमी विद्वान् स्रष्टा एवम् अनुसन्धानकर्ताहरू जन्मनु पर्छ र लोकगीतलाई अझै जीवन्त बनाउँदै लैजानुपर्ने टड्कारो आवश्यकताको महसुस हुनुपर्छ ।

## ३.९ निष्कर्ष

नेपाली लोक साहित्यको प्रमुख अङ्गको रूपमा स्थापित लोकगीत नेपाली जनमानसमा ढुकढुकी बनेर रहेको छ । यो गीत मौखिक र श्रुतिपरम्पराबाट पुस्ता हस्तान्तरण हुदै आएको हो । लोकगीत मौखिक अभिव्यक्तिबाट व्यक्त हुने हुनाले यसका सर्जकहरू अज्ञात हुन्छन् । यसर्थ लोकगीतको स्वरूप परिचय, वर्गीकरण, त□व आदि सैद्धान्तिक विषयमा विद्वानहरू एकमत हुन सकेका छैनन् । यस अनुच्छेदमा आजसम्म प्राप्त तथ्यका आधारमा लोकगीतको सैद्धान्तिक पक्षलाई केलाइएको छ ।

# परिच्छेद-चार

# नुवाकोट जिल्लाका दक्षिणपूर्वी भेगमा प्रचलित लोकगीतको विश्लेषण

## ४.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकका चतुराले, मदानपुर, ककनी, सुर्यमति र थानसिङ्ग गाविसबाट सङ्कलन गरिएका लोकगीतहरूको विश्लेषण गरिएको छ । यस क्रममा यस क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण गरी संस्कार गीत, ऋतुकालीन कर्मगीत, पर्वगीत, धार्मिक गीत, बाह्रमासे गीत र बालगीतलाई लोकगीतका त□वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ नुवाकोट जिल्लाका दक्षिणपूर्वी क्षेत्रका लोकगीतको वर्गीकरण तथा विश्लेषण

नेपालको राजधानी काठमाडौँको दक्षिणपूर्वी भागमा चतुराले, मदानपुर, ककनी, सुर्यमति र थानसिङ्ग गा.वि.स.हरू पर्दछन् । यो क्षेत्र लेक-बेसी, डाँडा-पाखा र समथर फाँटले भरिएको छ । यस क्षेत्रमा विभिन्न समय, ऋतु, पर्व, क्रियाकर्म आदि कार्यहरूमा  लोकगीतको प्रयोग अत्याधिक मात्रामा हुँदै आएको छ । नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा प्रचलित लोकगीतहरूको सङ्कलन विश्लेषण र वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

हरेक समाज, देश, जातिहरूका आ-आफ्नै मौलिक संस्कृति, रीतिरिवाज, वातावरण र परम्परा पाइन्छ । त्यस अनुसार त्यहाँका लोकगीतको प्रवृत्ति पनि फरक-फरक हुने गर्छ । यो भेक विभिन्न जाति, धर्म, वर्ग र संस्कृति आदिको विविधताले गर्दा लोकगीतमा पनि विविधता पाइन्छ । कृष्णप्रसाद पराजुलीको नेपाली लोकगीतको आलोक ( पराजुली,२०५७ : १४८) मा लोकगीतलाई वर्षचक्र र जीवनचक्रको आधारमा गरिएको वर्गीकरण र मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीका नेपाली लोकसाहित्यको रूप रेखा (पराजुली र गिरी,२०६८: ३४) मा प्रकार्यको आधारमा गरिएको वर्गीकरणलाई आधार मानेर यहाँका लोकगीतहरूलाई पूर्ण रूपले समेट्ने गरी निम्न छ वर्गमा राखी वर्गीकरण गरिएको छ ।

) संस्कार गीत

- ऋतुकालीन कर्मगीत
- पर्वगीत
- धार्मिक गीत
- बाह्रमासे गीत
- बाल गीत

नुवाकोट जिल्लाको दक्षिणपूर्वी भेकमा गाइने गीतहरूलाई निम्न तालिकामा देखाइ सोही अनुसार अध्ययन र विश्लेषण गरिएको छ :

नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेकका लोकगीत

| संस्कार गीत | ऋतुकालीन कर्मगीत | पर्वगीत | बाह्रमासे गीत | धार्मिक गीत | बालगीत |
|---|---|---|---|---|---|
| १. रत्यौली | १.असारे | १.तीजे गीत | १. सिलोक | १. भजन कीर्तन/ खैँचडी भजन | १. बालगीत |
| २. खाँडो | २.दाइँ गीत | २.भैलो गीत | २. सेलो | | |
| | | ३. देउसी गीत | ३. घाँसेगीत | | |
| | | ४.मालसिरी | ४. भ्याउरेगीत | | |

## ४.३.१ संस्कार गीत

नेपाल बहुजाति, बहुभाषी र बहुधार्मिक मुलुक हो । फरक-फरक जातिको जन्मदेखि मृत्युपर्यन्त फरक-फरक संस्कारहरू पाइन्छन् । जुनसुकै जाति तथा धार्मिक सम्प्रदायहरूमा जन्म, मृत्यु, विवाह आदि संस्कारहरूमा विभिन्न गीतहरू गाउने चलन पाइन्छ ।

परापूर्व कालदेखि आ-आफ्नो संस्कार र धर्म रक्षाको लागि राग-अनुराग, संयोग-वियोग, दया-माया, मर्म-पीडा, आँसु-हाँसो, उत्पीडनदेखि उल्लास उमङ्गले भरिएका यस भेकमा प्रचलित संस्कार गीतहरूलाई यहाँ क्रमशः प्रस्तुत गरिन्छ ।

### रत्यौली

विवाहको समयमा दुलहा अन्माइसकेपछि दुलहाको घरमा राति महिलाहरू जम्मा भइ गरिने ठट्टयौलीपूर्ण नाचगान वा मनोरञ्जनलाई रत्यौली भनिन्छ । रतिलीला भन्ने शब्दबाट अपभ्रंस

भै रत्यौली शब्द बनेको हो, अर्थात रतिक्रिडाको अनुकरण गर्नु हो भन्ने तर्क राखेको पनि पाइन्छ (थापा र सुवेदी , १८५) ।. रातमा गाइने भएर पनि यस्तो गीतको नाम रत्यौली रहेको हो । 'रात' मूल शब्दमा 'यौली' प्रत्यय लागेर शब्द निर्माण भएको छ । नुवाकोट जिल्लाको यस दक्षिणपूर्वीभेकमा पनि रत्यौली खेल्ने चलन व्यापक छ । तर आजकाल प्रायः एक दिने दिवा विवाह गरिने चलनले दिउँसो नै रत्यौली खेल्ने चलन बढेको छ ।

रत्यौली गीतमा प्रायः पुरुषहरूको सहभागिता नहुनु पर्ने परम्परागत मान्यता भए तापनि आजकाल पुरुष र महिलाबीच दोहोरी गीत चल्ने गरेका, पुरुष र नारी साथमा नाच्ने गरेको पाइन्छ । अझै पनि रत्यौलीमा कहीँकतै महिलाहरू पुरुषको कपडा लगाएर नाच्ने, जोगी बनेर महिलासँग अङ्कमाल गर्ने जस्ता हास्य व्यङ्ग्यात्मक र शृङ्गारिक क्रियाकलाप गरेको पनि देख्न पाइन्छ । यहाँ प्रचलित रत्यौली गीतको केही नमूना प्रस्तुत गरिएको छ -

**मूलपाठ**

ऐया बाबा घैया पाक्यो चिउरी कुटाइ देऊ न
पारिबाट जन्ती ल्यायो बेहुली लुकाइ देऊ न
पार्कोटेले भैँसी ल्यायो खुट्टी टेकाइ–टेकाइ
हाम्रो दाइले स्वास्नी ल्यायो ऐना देखाइ–देखाइ ।

भाका : जाइफूलको बासना

नबोले नि हाँसी राखन
केटा- माया भनी म यसै मर्ने
बिचल्लीमा परेमा के गर्ने
जाइफूलको बासना................

केटी- तादीखोला पानी नि छैन नि
तिमी जस्तो दहीच्युरे हैन नि
जाइफूलको बासना................

केटा- साँचो कुरा बुझ्याछु मैले नि
मासुभात टुट्दैन कैले नि

जाइफूलको बासना.................

केटी-		कालो कलम कापीमा दाग्लाउनी
		कोदो छैन मासुको धाक लाउनी
				जाइफूलको बासना.................

केटा-		भगवान् बेलैमा ल्याउँला नि
		घोर्ले खसी काटेर दिउँला नि
				जाइफूलको बासना.................

		म छोडेर माइतीमा जानेलाई
		सधैँभरि भोकै छ खानेलाई
				जाइफूलको बासना.................

		कुरा सुन ए जेठी सासू
		मीठो मानी खानेछौ फूलमासु
				जाइफूलको बासना.................

(रत्यौली २०७१, चतुराले)

## विषयवस्तु

यो गीत सामाजिक तथा सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छ । दुलही ल्याउने खुसीयाली जनाउने र केटा र केटी बीच माया प्रेमका शिष्ट शृङ्गारिक विषयवस्तु र भाषा समेटिएको छ ।

## लय र भाका

झ्याउरे लयमा 'जाइफूलको बासना' भन्ने भाकामा गाइएको यो गीत १७ अक्षरको संरचना र ४, ४ अक्षरमा विश्राम हुने गरी सृजित छ । दोस्रो गीतमा ९ अक्षरको संरचना र चार अक्षरमा विश्राम छ ।

### स्थायी र अन्तरा

स्थायीको रूपमा 'जाइफूलको बासना' र बाँकी शब्दहरू अन्तराको रूपमा प्रयोग भएको छ ।

### उद्देश्य

परापूर्वकालदेखि नेपाली संस्कृतिमा जरा गाडेर बसेको र परम्परालाई जीवन्त राख्न अनेक भाका र शैलीका  यस्ता भाका र लयका अनगिन्ती गीतहरू गाइन्छ । बिहेमा जम्मा भएका पाहुनाहरू तथा टोल छरछिमेका जन्त नगएकाहरूले मनोरञ्जन लिन, दिन, खुसीयाली व्यक्त गर्न, सामूहिक कार्यमा जाँगर भर्न यस्ता गीतहरू गाइन्छन् । यसका साथै वर्तमान समयमा रत्यौलीको वहानामा प्रेमी-प्रेमिका बीच माया साटासाट गर्ने मौकाका साथै आफूसँग रहेको प्रतिभा देखाउन पनि यी गीतहरू गाइन्छ ।

### भाषा

यस गीतमा कथ्य नेपाली भाषाको प्रयोग भएको छ । अभिव्यक्तिलाई मिठासपूर्ण बनाउने शब्दावलीहरूको प्रयोग भएको छ । पार्कोटे, घोर्ले जस्ता स्थानीय शब्दहरू, मासु, मीठो जस्ता तद्भव शब्दहरू, ऐया जस्ता अनुकरात्मक शब्दहरू यहाँ प्रयोग भएका छन् ।

### निष्कर्ष

यो गीत नेपाली समाजमा विवाहको अवसरमा मनोरञ्जन लिन, नवविवाहित वधुको गृहप्रवेशको खुसियालीका साथै वरवधुको सुखद दाम्पत्य जीवन र पारीवारिक सन्तुष्टिको कामना गर्न यस्ता गीतहरूले मह□व राख्दछ ।

## ) खाँडो

खाँडो वीरताको भाव अभिवृद्धि गर्न गाइने वीरगाथात्मक लोककविता हो (पराजुली,२०६४ : ३६१) । रणभूमिमा भिड्न जाने बेलामा लडाकुहरूलाई वीरभाव जगाउनको लागि खाँडो गाइने चलन परापूर्व कालमा थियो । तर अहिले बाहुन क्षत्रीहरूको विवाहको समयमा जग्गेमा गाउने चलन छ । त्यसैले यो गीत पनि संस्कार गीतभित्र पर्दछ । भारतका मुसलमान राजाहरूबाट हिन्दूहरूमाथि आक्रमण बढ्दै गएपछि नेपाल पसेका राजपूतहरूले

गोर्खा राज्यको खिलुङ भन्ने ठाउँमा आएर कालिकास्थान बनाइ खाँडो गाउने चलन बसेको हो (पन्त , २०२८ :१७१) । यो गीत भारतको चितौडतिरबाट आएकाले पनि भाषिक अभिव्यक्तिमा हिन्दी मिश्रित रूप पाइन्छ । जग्गेमा विवाहको काम सकिने बेलामा क्षत्री जातिको लोग्ने मानिसले दापबाट खुकुरी वा तरवार, खुँडा उचालेर उमङ्ग र जोसका साथ खाँडो गाइन्छ । त्यसपछि एउटा केटो हातमा घडा लिएर खुट्टा उचालेर उभिन्छ । यसरी वीरतापूर्ण अभिव्यक्ति दिने खाँडो गीतले नव विवाहितहरूलाई जोस्याउन, वीरभाव पैदा गराउन, सुखद दाम्पत्य जीवनमा आइपर्ने वाधाअड्चन, चुनौति र गतिरोधलाई परास्त गर्न लक्ष्यमा पुग्न सक्छन् भन्ने मान्यता पनि राखिन्छ ।

## मूलपाठ

श्री श्री आगे श्रीनाथ चले
श्री श्री श्री ५ महाराजाधिराज ,
श्री राजदल चले, श्री नाथ बज्र बहादुर, भैरवनाथ
काली बहादुर, भैरवबहादुर, श्री बहादुर
शम्सेर मल्ल महाराज दल चले
जर्नेल कर्नेल चले,
सुवेदार जम्दार हल्दार सिपाही चले
राइफल पल्टन भए तयारी नगरा निशान भेरी
गर्जन लागे,
देश विदेश पृथ्वी चले,
श्री ३ मन्त्री जङ्गबहादुर सवारी होइ,
लावालस्कर पहरा,
श्री ३ मल्लमहाराज सवारी होइ
सुसारे बैठके, ढोके सब चलती होइ,
सूर्यमती, चन्द्रमती, विष्णुमती सरस्वती
बाग्मती, ऐसे ऐसे चलते है
गोर्खाली लर्कन लागे , नवरत्न टक्कर
गोर्खाली सर्कन लागे

विदेशी थर्कन लागे
सिसा गोली पड्कन लागे
छर्रा, गोली कटारी, तरवार
बर्सन लागे ।
बैरीको थाप्लामा खुँडा जाग्यो
बैरीको थाप्लामा खुँडाले ठ्याँकू ।
कैयन वैरी भाग्न थाले
टिस्टामा गई खुँडा पखाले
श्री श्री श्री त्रिशूली भैरवकुण्ड
गोसाइकुण्ड,
भोटेको जाती
श्री श्री ३ : खाँडो जाग्यो
१२ हजारको टाउकोमा छ्याक्क छ्याक्क छ्याक्क ।

(खाँडो २०७१, चतुराले)

## विषयवस्तु

यो गीत धार्मिक, सामाजिक, ऐतिहासिक तथा सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छ । धार्मिक तथा वीरभाव झल्काउने, राष्ट्रियता र देशप्रेमको भावना जगाउने, ऐतिहासिक वीरपुरुष तथा राजा महाराजाहरूको पराक्रम र भक्तिभाव आदि जनाउने विषयवस्तु वीररसपूर्ण र रौद्ररसपूर्ण अभिव्यक्तिबाट व्यक्त गरिएको छ ।

## लय र भाका

यो गीत गद्यशैलीको भएकोले पद्यात्मक लय छन्द भाकाको प्रयोग भएको छैन । यसमा गद्य लयको मात्र प्रयोग भएको छ ।

## स्थायी र अन्तरा

कथात्मक ढाँचाको गद्य लयको प्रयोगले यस गीतमा अन्तरको मात्र प्रयोग भएको छ ।

## उद्देश्य

यस गीतको मूल उद्देश्य नवविवाहित जोडीहरूमा देशप्रेम राष्ट्रियता जोश जाँगर र वीरता जगाउनु हो । जीवन भोगाइका समयमा आइ पर्ने अनेकौं चुनौतीहरूलाई सहज ढङ्गले सामाधान गर्न मद्दत पुगोस् । इतिहासका काल खण्डमा भएका कठोर त्याग र योगदानहरूको सम्मान गर्दै आफूमा परिआउने यस्ता भूमिकाहरूमा पनि पछि नहट्न नवविवाहित जोडीलाई सन्देश दिनु पनि यस गीतको मुख्य उद्देश्य हो ।

## भाषा

यस गीतमा हिन्दी भाषाका शब्दहरूको व्यापक रूपमा प्रयोग भएको छ । हिन्दीका चले, चल्ती, ऐसे, होइ, सवारी अङ्ग्रेजीका राइफल जस्ता आगन्तुक शब्दहरू, स्थानीय शब्दमा ठ्याँकू (काट्ने), अनुकरणात्मक शब्दमा छ्याक-छ्याक प्रयोग भएको छ ।

## अलङ्कार / बिम्ब र प्रतीक

यो गद्यलयको गीत भए पनि प्रंत्येक पङ्क्तिमा चले, होइ, लागे पखाले शब्दले अन्त्यानुप्रास अलङ्कार, अभिव्यक्तिलाई प्रभावशाली पार्न बढाइ चढाइ विषय वर्णन भएकाले अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

## निष्कर्ष

यो गीत विशेष गरी ब्राह्मण र क्षत्रीहरूको बिहेमा गाइन्छ । वीररसपूर्ण यस गीतले नवविवाहिताहरूलाई भविष्यमा परिआउने चुनौतीहरूसँग सामाना गर्ने हौसला बढ्ने छ । आफ्नो देश र जनताप्रति उत्तरदायी बनेर कुदृष्टि राख्ने परचक्रीहरू प्रति एक जुट भएर जाइ लाग्ने प्रेरणा जाग्ने छ । साथै दाम्पत्य जीवन सुखमय र सफल हुनमा मद्दत गर्ने छ ।

## ४.३.२ ऋतुकालीन कर्मगीत

नेपाल कृषिप्रधान देश हो । हरेक ऋतुहरूमा नेपाली लोकजीवन र कृषि पेसासँग सम्बन्धित कर्महरूमा बाली थन्काउने, बाली लगाउने गोडमेल आदि कामहरू पर्दछन् । बालीनाली लगाउँदाको थकाइ, दिग्दारी, आलस्य आदिबाट छुट्कारा दिलाइ मनोरञ्जनात्मक ढङ्गबाट

कामलाई अझ बढी सक्रिय बनाउन गीतहरू गाउने चलन यस भेकमा परापूर्व कालदेखि नै चल्दै आएको हो । हरेक ऋतुहरू र महिनाहरूका आ-आफ्नै विशेषताहरू हुन्छन् । यसरी ऋतु र महिना अनुसार विभिन्न श्रमगीत वा कर्मगीतहरू गाउने चलन छ, जस्ले गर्दा कामको प्रकृतिलाई लोकजीवनको सुख दुःख र मर्मसँग जोडेको पाइन्छ । यस भेकमा खेतीपातीको समयमा हरेक किसिमका कर्मगीतहरू गाउने गरिन्छ । विभिन्न कामहरूमा विभिन्न भाकामा ठाडो र झ्याउरे गीतहरू गाइन्छ । यस भेकमा वास्तविक रूपमा असारे गीत, दाइँ गीत जस्ता कर्मगीतहरू गाइने गरिन्छ । यो गीत एकल, युगल र सामूहिक गरी तीन किसिमले गाउने गरिन्छ ।

## असारे गीत

असार महिनामा धान रोप्दाको समयमा गाइने गीत भएकाले यस गीतको नाम असारे गीत रहन गएको हो । कृषकहरूको मुख्य बाली धान रोप्ने समय असारमा पर्दछ । असारमा कामको चटारो र दुःख हुने हुनाले पनि अत्याधिक रूपमा असारे गीत गाउने चलन छ । असारमा हली, लाठे, रोपाहार आदि मिली रोपाइँ गर्छन् । केही धनीमानी मान्छेहरूबाट रोपाइँ गर्दा पञ्चे बाजा बजाउने, भोज खुवाउने जस्ता कार्य पनि गरिन्छ । यस्तो रोपाइँलाई बेठी हालेको भन्ने चलन छ । यसै समयमा गाउने असारे गीतमा बाद्य तथा नृत्यको प्रयोग हुँदैन । भावका दृष्टिले यस समयको गीतले प्रकृति चित्रण, छोरी चेलीको बेदना, देवस्तुति, महिलाहरूको आशा निराशाका साथै हाँस्य व्यङ्ग्यात्मक दोहोरी गीतको रूपमा अभिव्यक्त गरिन्छ । साथै ठाडो काँठे गीत वा घाँसेगीत दोहोरीको रूपमा धान रोप्ने समय असार लगायत अन्य जुनसुकै समयमा पनि गाइन्छ ।

## मूल पाठ

हे परमेश्वरी मेलो सर सर
आजलाई पानी नपर
घाम छँदै घर, घाम छँदै घर
हे दुप्चेश्वरी माई
रक्षा गर सबैलाई,
हे सिमे भूमि रक्षा गर है

आजको मेलोमा पानी नपार है
काले गोरु थाले प्वाँले गोरु मिल्के
गजुवा गोरु झिल्के, हजुर गजुवा गोरु झिल्के
गैरी खेतको रोपाइँ आज रमाइलो गरौँन
बाचुञ्जेल हाँस र खेल खुसीले मरौँन
बाबा है ज्यूको गहिरी खेत आली नै मिलेको
विउको मुठा व्याडेले बाँधी क्या राम्रो खिलेको
छुपु छुपु रोपौँ है धान नमार जाँगर
यो ज्यान बाँचे तिमीलाई पनि किन्देलान् घाँगर
गहिरी खेतमा नौ हल गोरु सँग सँगै नारेको
खेतका आली सलक्कै पारी बाउसेले पारेको
घरपेटी बाबा विउका मुठा दिएनौ बेसरी
लामो छ मेलो, रोप्नु छ धेरै सिध्याउनु कसरी
बेसी है खेतको गह्रुङ्गो माटो गोरु नै धकाए
खाजा है खानी बेला भो आमै खेताला भोकाए
आफैँले ल्याए खाजाका साथ क्या मिठो अचार
हेर्दामा हेर्दै क्या छिटो गरी लागेङ्गो माटो गोरु नै धकाए
खाजा है खानी बेला भो आमै खेताला भोकाए
आफैँले ल्याए खाजाका साथ क्या मिठो अचार
हेर्दामा हेर्दै क्या छिटो गरी लागेछ असार

## असारे दोहोरी

केटा- असारको मेलो जुरेछ आज भेट्ने साइतैमा परेछ -२
नभनेर मात्रै, हो भनेर साँच्चै साइतैमा परेछ -२
कर्मको खेल, असारमासको भेल, भेटै हाम्रो भएछ -२
हेर्दा साह्रै गोरी, उत्ताउली मोरी, भेटै हाम्रो भएछ -२

केटी- आज नि रोपाइँ भोलि पनि रोपाइँ पर्सि पनि जानु छ -२
असारको मैना कहिल्यै फुर्सद छैन पर्सि पनि जानु छ -२

भेट हाम्रो भयो मेलापातले गर्दा फेरि खुसी ल्याउनु छ -२
हे मोरो कैले, भन्ने पऱ्यो मैले फेरि खुसी ल्याउनु छ -२

(असारे गीत २०७१ चतुराले-८)

## विषय वस्तु

यो गीत धार्मिक र सामाजिक विषयवस्तुसँग सम्बन्धित छ । कृषिकर्मसँग जोडिएका कार्यहरूको वर्णन, प्रकृति वर्णन, इलम र सीपको वर्णन गरिएको छ। शिष्ट शृङ्गारका भाषा गीतमा समेटिएको छ।

## लय र भाका

गीतको. शुरूमा पद्यात्मक लयको प्रयोग भएको थियो भने बीच-बीचमा असारे झ्याउरे लय र अन्त्यमा घाँसे गीतको लय प्रयोग गरिएको थियो। असारे झ्याउरे १६ अक्षरको पाँच, पाँच अक्षरमा विश्राम र घाँसेगीतमा २० अक्षरको ६, ६ मा विश्राम भएको पाइन्छ।

## स्थायी र अन्तरा

यस गीतको शुरूमा स्थायी नभएको र अन्तरामात्र गाइएको छ भने 'साइतैमा परेछ' 'भेट हाम्रो भएछ'जस्ता शब्दावली थेगोको रूपमा दोहोरिएर गीतको अन्त्यमा आएको छन्।

## उद्देश्य

शुरूमा रोपाहरहरूले दिनभरिको मेलो सजिलोसँग सरोस्, झरी बादल आदिले काम गर्नेलाई दुःख नदियोस् भने कामना गरिएको छ। हल गोरु लगायत कामदारहरूको प्रशंसा, मीठा-मीठा खाजाका परिकारको कल्पना गरिएका सन्देश मूलक गीतहरू गाइएको छ। मेलो सक्न सजिलो होस् भन्नका लागि केटा-केटीहरू बीच हाँसखेल र मनोरञ्जनपूर्ण उद्देश्यहरू राखेर गीतहरू गाइएको थियो।

## भाषा

प्रस्तुत गीतमा कथ्य नेपाली भाषाको प्रयोग भएको छ। अभिव्यक्तिलाई मिठास र रोचक बनाउने शब्दावलीहरूको प्रयोग भएको छ। रक्षा भूमि जस्ता तत्सम शब्द, बिउ, मिठो,

असार जस्ता  तद्भव शब्द, सिमेभूमे (स्थानीय देवता ) ब्याडे, वाउसे जस्ता स्थानीय शब्दहरूको प्रयोग भएको छ ।

## अलङ्कार/ बिम्ब र प्रतीक

यस गीतको पहिलो पाउको अन्त र दोस्रो पाउको अन्तमा 'मेलो सरसर' 'पानी नपर' 'घाम छँदै घर'अनि झिल्के र मिल्के, धकाए र भोकाए आदि शब्दहरू अनुप्रास अलङ्कारको रूपमा प्रयोग भएका छन् । साथै प्रेमीलाई गोरी र उत्ताउली मोरी भनेर सङ्केत गर्नु श्लेष अलङ्कारको प्रयोग भएको छ । गीतको भावसौन्दर्य बढाउन बिम्बको रूपमा रमाइलो हाँस खेल गर्दा जिन्दगी बिताउन र नमरुन्जेलसम्म सन्तोष हुने सङ्केत गरिएको छ । प्रतीकको रूपमा गहिरी खेत, गह्रुगौं माटो, हल गोरु जग्गा र सिर्जनाका रूपमा आएको छ ।

## निष्कर्ष

लोकगीत श्रुतिपरम्पराबाट हुर्केको सामूहिक सम्पत्ति हो । ग्रामीण भेकमा बस्ने किसान तथा मजदुरहरू आफ्नो कृषिकार्यमा बढी समय व्यस्त हुनु पर्ने भएकोले सामान्य बोलीचालीको शैली भन्दा फरक ढङ्गले मनोरञ्जन प्राप्त गर्न लोकगीतलाई अपनाउँछन् । कृषिप्रति उत्साह र जाँगर बढाउन कामदारहरूलाई मनोरञ्जन प्रदान गर्दै तोकिएको समयमा आ-आफ्ना कार्यहरू पूरा गर्न गीतको मद्दत लिएको पाइन्छ । यस्ता  सिर्जनाका गीतहरू गाउँदै धान उत्पादनमा बृद्धि गर्न सबैतिर प्रेरणा जाग्नु पर्छ । असारे गीतको माध्यबाट प्रत्येक वर्ष आउने असार उत्साह जोस जाँगर मेहनत र परिश्रमको प्रतीक बन्नु पर्छ ।

## दाइँगीत

किसानहरूले मङ्सिरे धानको दाइँ गर्दा गाइने गीतलाई दाइँगीत भनिन्छ । यो गीत पुरुषप्रधान तथा श्रम गीत हो । यो गीतमा वाद्य र नृत्यको आवश्यकता पर्दैन । किसानहरूले असारमा बढो मेहनतका साथ धान रोपेर मङ्सिर भिफ्याउने  खुसियालीमा गाउने यो गीतमा खुसीभाव व्यक्त गरिएको पाइन्छ । खेतको माझ क्षेत्र र ठूलो  गरा भएको खलाको बीचमा मियो गाडेर लहरै गोरुहरू बाँधी धान पराल छिरल्दै र पराल माड्न गोरुहरू धपाउँदै गर्दा गोरुकै प्रशंसा गरी यो गीत गाउने चलन छ । यस गीतमा घरपेटी, दयँरे, धान, पराल, जग्गा, समय आदिको पनि प्रशंसा गरिएको हुन्छ । साथै धानको ठूलो

रास होस्, सह बसोस् भनी किसानहरू सुख-दुःख, भविष्य र समृद्धिको कामना गर्दै दाइँगीतमा तल्लीन रहन्छन् ।

## मूलपाठ

दाइँ बरादो हो ........ हो ........... हो ............
दाइँ बरादो हो.......हो...........हो............ ह.......ह.......ह........../

हिँड मेरा भाइ हो परालै माथि
एउटा भाइ माले अर्को भाइ झुले
ह .............ह .......... माले झुले
दाइँ बरादो हो .......... हो ........... हो ...........
हिँड मेरा भाइ हो खाऊ परालै पेटभरि
घुमी घुमी जिउ नचाइ नचाइ
माड पराल र धान - दाइँ बरादो हो ......
बारबिसे फाँट, नौबिसे फाँट, खाउ पराल
मीठो मानी मानी खाऊ भाइ हो ....
पानी प्यास लागे पानी दिउँला
दाइँ बरादो हो ............
सकिनै लाग्यो धान पराल माडी
जाउँला माल ८ फुकाइ घर घरमा, (८ गोरु बाँध्ने दाम्लो)
दाइँ बरादो हो .............
भूमे पूजा गरी दाइँ बरादो हो ...........
मियोको टुप्पामा बयो सिमल चरी
असीमुरी माडुला त माड है
दाइँ बरादो हो ............
ह ........ ह........... ह...........

(दाईगीत २०७१ चतुराले-८)

## विषयवस्तु

यो गीत सामाजिक तथा सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छ । कृषिकार्यको प्रशंसा र कृषिकार्यका लागि अति उपयोगी र मह□वपूर्ण मानिएको गोरुको कामको प्रशंसा यस गीतको माध्यमबाट गरेको पाइन्छ । सिमेभूमे देवी देवताहरूका आराधना जस्ता विषयवस्तु पनि समेटिएको छ ।

## लय र भाका

यस गीतमा परम्परागत रूपमा चलीआएको दाइँगीतको गद्यात्मक लयको प्रयोग भएको छ । यस गीतमा अक्षर सङ्ख्या र विश्राम कुनै खास नियम अनुसार बाँधिएको छैन ।

## स्थायी र अन्तरा

यस गीतमा हो..... हो ....हो , ह.... ह....ह.....र दाइँ बरादो स्थायी तथा अन्तरा भने बाँकी गीतहरूमा रहेको छ ।

## उद्देश्य

कृषिको प्रशंसा र सम्मान, गोरुले कृषिकार्यमा पुऱ्याएको सहयोग प्रशंसा, प्रकृतिको चित्रणका साथ काममा जाँगर भर्नु, अन्नको सह तथा भविष्यको सुख समृद्धिको कामना गर्नु दाइँगीतको उद्देश्य रहेको छ ।

## भाषा

प्रस्तुत गीतमा कथ्य नेपाली भाषाको प्रयोग भएको छ । अभिव्यक्तिलाई मिठास र रोचकपूर्ण बनाउने शब्दावलीहरूको प्रयोग भएको छ । यस गीतमा स्थानीय भाषको रूपमा दाँइ वरादो हो, माल, (गोरु बाँध्ने दाम्लो) माले, झुले (गोरुको. नाम ) को प्रयोग भएको छ । आगन्तुक शब्दको रूपमा प्यास तद्भव शब्दको रूपमा मीठो जस्ता शब्दको प्रयोग भएको छ ।

## अलङ्कार/ बिम्ब र प्रतीक

यस गीतको पहिलो पाउको अन्त र दोस्रो पाउको अन्तमा 'मेलो सरसर' 'पानी नपर' 'घाम छँदै घर'अनि झिल्के र मिल्के, धकाए र भोकाए आदि शब्दहरू अनुप्रास अलङ्कारको रूपमा प्रयोग भएका छन् ।

## निष्कर्ष

लोकगीत श्रुतिपरम्पराबाट हुर्केको सामूहिक सम्पत्ति हो । ग्रामीण भेकमा बस्ने किसान तथा मजदुरहरू आफ्नो कृषिकार्यमा बढी समय व्यस्त हुनु पर्ने भएकोले सामान्य बोलीचालीको शैली भन्दा फरक ढङ्गले मनोरञ्जन प्राप्त गर्न लोकगीतलाई अपनाउँछन् । कृषिप्रति उत्साह र जाँगर बढाउन कामदारहरूलाई मनोरञ्जन प्रदान गर्दै तोकिएको समयमा आ-आफ्ना कार्यहरू पूरा गर्न गीतको मद्दत लिएको पाइन्छ । यस्ता सिर्जनाका गीतहरू गाउँदै धान उत्पादनमा बृद्धि गर्न सबैतिर प्रेरणा जाग्नु पर्छ । असारे गीतको माध्यबाट प्रत्येक वर्ष आउने असार उत्साह जोस जाँगर मेहनत र परिश्रमको प्रतीक बन्नु पर्छ ।

## ४.३.३ पर्वगीत

नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसंस्कृतिक मुलुक हो । यहाँ आ-आफ्नो रीतिरिवाज अनुसार विभिन्न चाडपर्वहरू मनाउने गरिन्छ । विशेषगरी यो भेक हिन्दू समाजको प्रभावका कारणले दशैं, तिहार, तीज जस्ता पर्वहरूमा पर्वगीत गाएर मनोरञ्जन लिने परम्परा छ । नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेकमा प्रचलित पर्वगीतहरूमा तीजेगीत, मालसिरी, देउसी भैलो गीतहरू गाइन्छन् । ती गीतहरूको नमूना तल क्रमअनुसार पेस गरिएको छ ।

## तीजगीत

नेपाली हिन्दू नारीहरूको महान चाडको रूपमा तीजलाई लिने गरिन्छ । तीज पर्व भाद्र शुल्क द्वितीयादेखि पञ्चमीसम्मको चार दिनलाई मानिन्छ । हिन्दू समाजका विवाहित नारीहरू आ-आफ्नो माइतीमा गएर स्वतन्त्रतापूर्वक निर्धक्क भएर आफ्ना घरका व्यथा वेदना, सासू ससुराका व्यबहार र आफूले भोगेका सुख-दु:खका क्षणलाई गीतमा उतार्ने गर्दछन् ।

पौराणिक धर्मपत्र अनुसार हिमालय पुत्री पार्वतीले महादेब पति पाउनको लागि निराहार तपस्या गर्दा सफल भएकाले विवाहित नारीले पतिको दीर्घायू र अविवाहित नारीहरूले योग्य वर प्राप्त गर्न, आफ्नो अटल सौभाग्य र जन्मजन्मान्तरको पापनाशको अपेक्षा गर्दै व्रत बसी पूजा गर्ने गर्दछन् ।

यस नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेकका नारीहरू पनि उक्त अवसरमा व्रत बसी पवित्र तीर्थस्थलहरूमा स्नान गरी मन्दिर वा देवस्थलहरूमा पूजा गर्नुका साथै नाचगान गर्ने गर्दछन् । यी गीतहरू सामाजिक सुख-दुःखका भावमा आधारित हुन्छन् । यी गीतहरूमा सामाजिक स्वतन्त्रता र विद्यमान राजनैतिक अवस्थाका भावहरू अभिव्यक्त हुने गर्दछन् ।

यी गीतहरू स्त्रीजातिहरूबाट मात्र गाइने प्रचलन भए तापनि आजभोलि पुरुषहरू समेत संलग्न भै नृत्य र वाद्यको प्रयोग गरी दोहरी लोक गीतहरू, काँठे गीतहरू समेत गाउने चलन छ । यस भेकमा चलन चल्तीमा आएका तीजे गीतहरूको केही नमुना यहाँ प्रस्तुत गरिएको छ ।

## मूलपाठ

तीजै आयो भन्छन्  सबै माइत जान्छन् -२
अभागिनी मै चेली कसको माइत जाऊँ -२
अभागिनी भनौँ भने मेरै माइती धेरै छन्  -२
भाग्यमानी भनौँ भने लिन आउँदैनन् -२
तीजको बेलैमा सबै जान्छन् माइत-२
म चेलीलाई माइत जाने आएन साइत-२
तीजको बेलामा माइत जाने रहर -२
आफ्नो माइत भए पनि छैन त्यो घर-२
स्कुल गएर क,ख,ग,घ पढ्ने बेलामा-२
आफू भन्दा ठूलो डोको बोकेँ मेलामा-२
कि त भने बाबाले स्कुल पढाइदेऊ-२
कि त भने भाइ सरह अंश दिलाइदेऊ -२
गाउँ घरका दिदी बहिनी उठौँ कम्मर कसेर -२

अब हामी नबसौँ पछि हटेर -२
पुरुषको थिचोमिचो कति बसौँ सहेर -२
सधैभरि पुरुषको खेलौना भएर-२
पढेकी चेलीले पढ्छन् चिठी खरर-२
नपढेकी म चेलीको आँसु बरर-२

(तीजगीत २०७१, चतुराले बजार)

**घाँसे गीत**

केटा - उडेर आयो हवाइजहाजको ठाँडो गयो उस्कै देशतिर
वायुमण्डल केर्दै माथि हेर्दा हेर्दै गयो उस्कै देशतिर
यो काले ज्यानलाई जोडा मिल्न खोज्ने कोही छन् कि यस्तिर
पाए किन रुन्थैँ, भाग्यमानी हुन्थैँ कोही छन् कि यस्तिर द्रद्रद्र

केटी - तादीमा खोला बाढी आयो होला आउँछ्यौ भेरी तरेर
नआउँ भेट छैन, पुलको गेट छैन आउँछ्यौ भेरी तरेर
पिरती लाउने आँटै गर्छौ भने आऊ अघि सरेर
रालुका माई साक्षी बसी दिन्छिन् आऊ त अघि सरेर द्रद्रद्र

(घाँसेगीत २०७१, मदानपुर)

## विषयवस्तु

यो गीत सामाजिक तथा सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छ । यस गीतमा प्रेम- बिछोड ,सुख-दुःख, घर-माइती, पढ्न नपाएका पीडा, लैङ्गिक विभेद र नारी वेदना जस्ता विषयवस्तुहरू समेटिएको पाइन्छ ।

## लय र भाका

यस गीतमा तीजे गीतको झ्याउरे लय र काठे गीतको घाासे लय प्रयोग भएको छ ।

### स्थायी र अन्तरा

यस गीतमा प्रत्येक हरफको गीतलाई दुई- दुई चोटि गाइएको भए तापनि स्थायी रूप गीतमा छैन । अन्तरा मात्र गीतमा प्रयोग भएको छ ।

### उद्देश्य

विवाहित चेलीहरू माइत जाने मौका, साथै घरमा भोग्नु परेको दुःख र पीडालाई माइतमा गई पोखेर आत्मशान्ति प्राप्त गर्ने गीतहरू गाइएको छ । विद्यालयमा गएर पढ्ने धोको, छोरा सरहको अंश पाउनुपर्ने, पुरुषको अन्याय, घरको थिचोमिचो, प्रकृति वर्णन, चोखो पिरती लाउने आशा जस्ता उद्देश्य राखेर गीत गाइएको पाइयो ।

### भाषा

प्रस्तुत गीतमा कथ्य नेपाली भाषाको प्रयोग भएको छ । अभिव्यक्तिलाई मिठास र रोचकपूर्ण बनाउने शब्दावलीहरूको प्रयोग भएको छ ।

### अलङ्कार/ बिम्ब र प्रतीक

यस लोकगीतमा प्रत्येक हरफको अन्तमा अनुप्रास अलङ्कारको प्रयोग भएको छ । पुरुषको थिचोमिचो र खेलौना बन्नु पर्ने नारीको कर्मलाई दृष्टान्त अलङ्कारको प्रयोगको साथै पढेकी चेली र पढ्न नपाएकी चेलीको अवस्था फरक हुने कुराले स्वाभावोक्ति अलङ्कारको प्रयोग भएको छ । माइतीको माया नपाउने चेली अभागी हुने, शिक्षाको महत्त्व र पुरुषवादी नेपाली समाजको बिम्ब अनि हवाईजहाजको ठाँडो यातायातको प्रतीक, तादी खोला र भेरी नदी प्रकृति र सौन्दर्यको प्रतीक, रालुकामाई धार्मिक आस्थाको प्रतीकको रूपमा गीतमा अभिव्यक्त छ ।

### निष्कर्ष

तीजगीत पनि लोक साहित्यकै सामूहिक सम्पत्ति हो । नेपाली समाजका हिन्दु महिला दिदीबहिनीहरूको विशेष पर्वको रूपमा तीजलाई लिइन्छ । तीजगीतकै माध्यमबाट आफ्ना

सुख दु:ख जीवनका आरोह अवरोह आँसु, हाँसो, समृद्धि, उन्नति र प्रगति आदि कुराको अभिव्यक्त हुनेहुनाले सवै वर्ग, लिङ्ग, सम्प्रदायका विभिन्न तह र तप्कामा रहेकाहरूले यस गीतको संरक्षणका लागि ध्यान दिनु पर्ने देखिन्छ । हाम्रो देशमा विद्यमान नारी शोषण तथा हिंसा, लैङ्गिक भेद, शैक्षिक विभेद जस्ता सामाजिक असमानताहरूको अन्त्य गरी भेदभावमुक्त सभ्य, सुन्दर र विकसित समाजको सिर्जना गर्न यस्ता गीतहरू सहायक सिद्ध हुनु पर्दछ ।

## भैलोगीत

हिन्दूहरूको मात्र नभई सम्पूर्ण नेपालीहरूको महान चाड तिहार पर्वको गाइतिहारे औँशीका दिन भैलोगीत गाइन्छ । भैलो देउसीगीत सोह्रौं शताब्दीका खसानका बलिराजाबाट थालनी गरिएको भन्ने ऐतिहासिक मान्यता पाइन्छ । यहाँबाट शुरू भएको भैलोगीत बाइसे चौबिसे राज्यको समयदेखि नै गाउने चलन चल्दै आएको र व्यापक हुँदै आएको कुरा उल्लेख भएको छ ( पराजुली, २०५७: .१८८) । यस भेकमा यो गीत महिला र पुरुषहरूको छुट्टाछुटै समूह मिलेर गाउने गरिन्छ । तर कुनै सामाजिक कार्यको लागि अर्थ सङ्लन गर्ने उद्देश्यले भैलो खेल्दा भने महिला पुरुष सामूहिक रूपमा खेल्न हिँड्छन् । भैलो खेल्दा एउटा गुरु हुन्छ जसले भट्याउने र समूहका अरूहरूले भैली रे भनेर गाउँछन् । भैलो खेल्ने क्रममा झ्याउरे गीतहरू पनि बीच बीच गाउँदै मादल र अन्य वाद्यको तालमा नाच्ने पनि गरिन्छ । प्रत्येक घर-घर डुलेर भैलो खेल्दा नाङ्लोमा धान चामल, फलफूल, सेलरोटी पैसा आदि वस्तुहरू दान दिने चलन छ । यसरी दान थापेपछि घरवेटीलाई उन्नति प्रगतिको आशीर्वचन दिई पर्व मनाउने चलन छ । यसरी तिहारको भैलीलाई दिएको दानले पुण्य कमाइन्छ भन्ने लोकविश्वास रहँदै आएको छ ।

## मूलपाठ

केटा समूहले गाउने भैलो

ए है रामै राम - भैली राम
ए है मेरा भाइ हो - भैली राम
ए है भैली राम भन - भैली राम
ए है वर्ष दिनको - भैली राम
ए है चाड हाम्रो - भैली राम

ए है भैली खेल्दै आयौँ - भैली राम

ए है भैली भन - भैली राम

ए है तिहारैमा - भैली राम

ए है लक्ष्मी पूजा - भैली राम

ए है गोरु पूजा - भैली राम

ए है भाइ पूजा - भैली राम

ए है नेपालीको - भैली राम

ए है महान चाड - भैली राम

ए है घरघरमा - भैली राम

ए है बत्ती भिलमिली - भैली राम

ए है घरवेटी आमै - भैली राम

ए है उठ्नुहोस् - भैली राम

ए है भैलीको दान - भैली राम

ए है कार्त्तिको को दान - भैली राम

ए है हजुरको घरमा - भैली राम

ए है आयौँ हामी - भैली राम

ए है यो बडाघरको - भैली राम

ए है बढै चाला - भैली राम

ए है यो घर कत्रो - भैली राम

ए है सिंहदरबार जत्रो - भैली राम

ए है यो आँगन कत्रो - भैली राम

ए है टुँडिखेल जत्रो - भैली राम

ए है खुसी दान - भैली राम

ए है कति दिने भन्छन् - भैली राम

ए है छिटो छिटो गरौँ - भैली राम

ए है अन्त पनि जानुछ - भैली राम

ए है नाङ्लोमा बत्ती - भैली राम

ए है रुपैयाँ र दान - भैली राम

ए है धान र चामल - भैली राम

ए है मन खुसी भयो - भैली राम

ए है भैँसीको गोठमा - भैली राम

ए है भैँसीले भरुन - भैली राम

ए है गाईको गोठमा - भैली राम

ए है गाईले भरुन - भैली राम

ए है सुनको छाना - भैली राम

ए है आशीक हाम्रो - भैली राम

ए है लागोस् भैलीको - भैली राम

ए है अहिलेलाई बिदा - भैली राम

ए है अर्को साल भेटौँला - भैली राम

## महिला समूहले गाउने भैली

भैलिनी आइन् आँगन
गुन्यु चोली माँगन
हे औँशी बारो, गाईतिहार भैलो
हरियो गोबरले लिपेको
लक्ष्मीपूजा गरेको
हे औँशी बारो, गाईतिहार भैलो
यो औँशीको रातमा
दिदी बहिनी साथमा
हे औँशी बारो, गाईतिहार भैलो
छानाभरि घिरौँला
के के दिन्छन् हेरौँला
हे औँशी बारो, गाईतिहार भैलो
जस्ले दिन्छन् मुठी
उस्कै सुनको गुठी
हे औँशी बारो, गाईतिहार भैलो

जस्ले दिन्छ मुरी
उस्को सुनको धुरी
हे औँशी बारो, गाईतिहार

(भैलोगीत २०७१, चतुराले)

## विषयवस्तु

यो गीत धार्मिक, साँस्कृतिक र सामाजिक विषयवस्तुमा आधारित छ । यहाँ सुख र समृद्धि, उन्नति र प्रगति, सामाजिक सदभाव र विकास, आर्थिक सवलीकरण, पाप पुण्य, दान धर्म आदिको कामना गरिएको छ । साथै दान धर्म र भैलीको सम्मानले भैलीको आसिकले दान दिनेको उन्नति, प्रगति, सम्पन्नता आदि प्राप्त हुने विश्वास यस भैलीगीतमा उल्लेख छ ।

## लय/ छन्द

भैली गीतको झ्याउरे लयमा यो गाइएको छ । लयबद्ध ढङ्गबाट समूहका मूलीले भट्टयाउने र अन्य साथीहरूले भैली राम भन्ने झ्याउरे छन्दको प्रयोग भएको छ ।

## स्थायी/ अन्तरा र थेगो

यो गीतमा समूहका मूलीले अन्तराको रूपमा रामै राम, मेरा भाइ हो, तिहारैमा, महान चाड आदि अन्तराको रूपमा  भट्याउने र समूहका अन्य साथीहरूले स्थायी वा थेगोको रूपमा भैलीराम प्रयोग भएको छ ।

## उद्देश्य

यस्ता गीतहरू नेपाली समाजमा परापूर्व कालदेखि साँस्कृतिक परम्परा जोगाउन, मनोरञ्जन प्राप्त गर्न, विकास निर्माण तथा सामाजिक कार्यका साथै सो कार्यलाई सफल बनाउनका लागि आवश्यक पर्ने आर्थिक सहयोग जुटाउने, समाजमा विकृति र विसङ्गतिहरूको अन्त गरी, सभ्य शिक्षित र विकसित समाजको सिर्जना गरी शान्तिपूर्ण र सुमन्नत राष्ट्रको रूपमा विकसित नेपालको परिकल्पना गर्ने उद्देश्य गीतले बोकेको पाइन्छ ।

## भाषा

यस गीतमा कथ्य नेपाली भाषाको प्रयोग गरिएको छ । धार्मिक र सांस्कृतिक मह□व दिने खालका आलङ्कारिक शब्दहरूको प्रयोग पनि भएको छ ।

## अलङ्कार / बिम्ब र प्रतीक

अनुप्रास, दृष्टान्त र उपमा आदि अलङ्कारको प्रयोग भएको छ । बिम्बको रूपमा गाईतिहारे औँशीको दानबाट धर्म प्राप्त र पाप नाश हुने, धनधान्यपूर्ण भइ आर्थिक रूपमा मजबुत हुन सक्ने भाव व्यक्त भएको छ । बडा घर र सुनको छानो प्रतीकको रूपमा अनि टुँडिखेल जत्रो आँगन र सिंहदरवार जत्रो घर उपमा अलङ्कार आदिको प्रयोग भएको छ ।

## निष्कर्ष

विशेषगरी नेपालीहरूकै महान् पर्वको रूपमा तिहार नेपालीको उन्नति, सुख, समृद्धि र मनोरञ्जनको प्रतीकको रूपमा विकसित होस् । यस्ता पर्वहरू भड्किलो, अशान्ति, खर्चालु र भेदभावको. रूपमा विकसित नभई नेपाली संस्कृति र शैली अनुसार परम्परालाई जोगाइ राख्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ । यो पर्वका गीतहरूले नेपाल र नेपालीहरूको उन्नतिलाई धार्मिक सहिष्णुता, जातीय एकता, लैगिक समानता, विकास आदि कुराहरूलाई चित्रण गरेको पाइन्छ ।

## देउसीगीत

नेपालीहरूको महान चाड तिहार पर्वमा गाइने भैलीगीत जस्तै लक्ष्मीपूजाको भोलिपल्ट गोवर्द्धन पूजाका दिन गाइने गीत देउसीगीत हो । आजकाल सामाजिक कार्य सम्पन्न गर्नको लागि आवश्यक रकम जुटाउन पनि देउसी कार्यक्रम बनाएर देउसीगीत गाइएको पाइन्छ । देउसी प्रायः पुरुषहरूले मात्र गाउने गर्दछन् । भैलीगीत जस्तै देउसीगीत गाउनुको उद्देश्य कुनै पनि घर धनधान्य होओस्, देवताले धनसम्पत्ति दिऊन् भन्ने आशीर्वचन दिइने चलन पनि छ । यो गीत समूहको नाइकेले भट्याउने र अन्यले देउसी गाउने चलन पनि छ । देउसीलाई यथासक्य दान दिएमा त्यस घर धनधान्यपूर्ण हुन्छ भन्ने जनविश्वास पनि छ ।

यहाँ प्रचलित देउसी गीतको नमूना तल दिइएको छ ।

**मूलपाठ**

ए रामै राम - देउसी रे ।
ए मेरा भाइ हो - देउसी रे
ए राम्ररी भन - देउसी रे
ए स्वर मिलाइकन - देउसी रे
ए वर्ष दिनको - देउसी रे
ए तिहार पर्व - देउसी रे
ए आयौँ हामी - देउसी रे
ए घुम्दै फिर्दै - देउसी रे
ए देउसी खेल्न आयौँ - देउसी रे
ए रातो माटो - देउसी रे
ए चिप्लो बाटो - देउसी रे
ए औँशीको रातमा - देउसी रे
ए लड्दै पड्दै - देउसी रे
ए घुँडा ठोक्दै - देउसी रे
ए यो बडा घरमा - देउसी रे
ए देउसी खेल्न आयौँ - देउसी रे
ए यो बडा घरको - देउसी रे
ए बडै चाला - देउसी रे
ए मेरी आमै - देउसी रे
ए मेरा बाबा - देउसी रे
ए कार्तिकको दान - देउसी रे
ए नाङ्लोमा हाली - देउसी रे
ए बत्ती बाली - देउसी रे
ए झिलमिल पारी - देउसी रे
ए ल्याउनु भो आमैले - देउसी रे
ए देउसे भाइ हो - देउसी रे
ए देउसी रे भन - देउसी रे

ए हजुरको घरमा - देउसी रे

ए फलोस् फुलोस् - देउसी रे

ए बस्तुको गोठमा - देउसी रे

ए बस्तुले भरून् - देउसी रे

ए घरको भकारीमा - देउसी रे

ए अन्नले भरून् - देउसी रे

ए देउसी दिएको - देउसी रे

ए आसिक लागोस् - देउसी रे

ए नमरी बाँचे - देउसी रे

ए कालले साँचे - देउसी रे

ए भैसीको गोठमा - देउसी रे

ए अहिलेलाई बिदा - देउसी रे

ए अर्को साल भेटौँला - देउसी रे

(देउसीगीत २०७१, चतुराले)

## विषयवस्तु

यो गीत धार्मिक, सांस्कृतिक र सामाजिक विषयवस्तुमा आधारित छ । सुख र समृद्धि, उन्नति र प्रगति, सामाजिक सद्भाव र विकास, पाप र पुण्य, दानधर्म, मनोरञ्जन, आर्थिक उन्नति आदि भाव जनाउने विषयवस्तु समेटिएको छ । साथै कार्तिकको दानले घरभेटीको हरेक प्रगतिको बाटाहरू खुल्ने विश्वास पनि गीतले अभिव्यक्त गरेको छ ।

## छन्द/ लय र भाका

देउसीगीतको झ्याउरे लयमा यो गीत गाइएको छ । लयबद्ध ढङ्गले मूलीले भट्याउने र अरू साथीहरूले देउसी रे भन्ने लयात्मक झ्याउरे छन्द प्रयोग भएको छ । यस गीतमा छन्दगत अक्षर सङ्ख्या र विश्रामको निश्चित व्यवस्था छैन ।

## स्थायी, अन्तरा र थेगो

यो गीतमा समूहको मूलीले अन्तराको रूपमा भट्याउने र समूहका अन्य साथीहरूले स्थायी थेगोको रूपमा 'देउसी' रे भनिन्छ ।

## उद्देश्य

नेपाली सांस्कृतिक परम्परालाई जीवन्त दिन, मनोरञ्जन गर्न, विकासका निमार्णका लागि आर्थिक सहयोग जुटाउन यस्ता गीतहरू गाइन्छन् । यसको. साथै समाजमा देखिएका विकृति र विसङ्गति अन्त गरी सभ्य अनुशासित वातावरण सिर्जना गर्न, सन्देश दिन यो गीत गाइन्छ ।

## भाषा

यस गीतमा कथ्य नेपाली भाषाको प्रयोग भएको छ । धार्मिक तथा सांस्कृतिक मह□व दिने आलाङ्कारिक शब्दहरू प्रयोग भएको छ । ग्रामिण परिवेशका स्थानीय शब्दहरू लड्दै-पड्दै, घुँडा ठोक्दै, आगन्तुक शब्दमा बडा, इच्छार्थक क्रियापदहरू, झिलिमिली जस्ता अनुकरणात्मक शब्दहरू औंसी र कार्त्तिक जस्ता तत्सम शब्द रातो माटो जस्ता तद्भव शब्दहरूको प्रयोग भएको छ ।

## अलङ्कार/ बिम्ब र प्रतीक

प्रत्येक पटक भट्याउँदा 'माटो बाटो लड्दै पड्दै' जस्ता अनुप्रास अलङ्कारको प्रयोग भएको छ । देउसीलाई दान गरेमा धर्म प्राप्त भई पाप नाश हुने र श्रीसम्पत्ति वढ्ने बिम्बको रूपमा व्यक्त छ । दुःख तथा हैरानीको प्रतीकको रूपमा चिप्लो बाटो र औसीको रात, अन्न भकारी भँसी गोठ धनी व्यक्तिको प्रतीकको रूपमा गीतमा व्यक्त भएको छ ।

## निष्कर्ष

यो गीत नेपाली घर आँगनीमा तिहारको रमझमलाई अझ रमाइलो बनाउन, नेपाली सांस्कृतिक सम्पदालाई जीवन्तता दिन फरक फरक उमेर समूहका दौतरीहरू मिलेर सहभागिता जनाउँछन् । यस पर्वका गीतहरूले नेपाल र नेपालीहरूको उन्नतिलाई धार्मिक

सहिष्णुता, जातीय एकता, लैङ्गिक समानता, विकास आदि कुराहरूलाई नेतृत्व गरेको पाइन्छ । यस्ता पर्वहरू भड्किलो, अशान्ति, खर्चालु र भेदभावको. रूपमा विकसित नभई नेपाली संस्कृति र शैली अनुसार परम्परालाई जोगाइ राख्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## मालसिरी

पर्वकालीन गीतहरू मध्ये मालसिरी गीत पनि एक हो । यो मालश्री सङ्गितको एक रागिनी हो र त्यस रागिनीमा रचिएको गीत हो (पराजुली, २०५७: १८५) । वास्तवमा दशैँको बेला दुर्गा भवानीको आराधनाको लागि कोतघर, दशैँघर र घरघरमा मालसिरी गाइन्छ । यसमा देवीको रूप, साहस र विजय यात्राको वर्णन गर्नुका साथै शक्तिको आराधना पनि गरिन्छ । मालसिरी हिन्दू समाजका ब्राह्मण र क्षत्री समाजमा बढी प्रचलित छ । नारी र पुरुषले सामूहिक सहभागितामा गाइने यो गीत सरल र सहज गायन हुँदैन । यसमा नेपाली भाषाको अतिरिक्त हिन्दी, बज्र र फारसी भाषाको मिश्रण पाइन्छ ।

## मूलपाठ

जयदेवी कालिका अम्बिका माता असुरमरिणी चण्डिका
प्रथम देवीजी कैलाश जनम अम्बिका नाम जो पाइये
त्रिभुवन मण्डल मधुकैटप व्यापिये विष्णु रूप जगाइये
मायालु रूप से मधुकैटप बानिये विष्णु रूप सिहारिये
× × × ×
जयदेवी भैरवी दर्शन देऊ भवानी
असुर विनाशिनी जगत्की हितकारिणी
श्री देवी भगवती दुर्गा भवानी
जयदेवी गोरखकाली दर्शन देऊ भवानी
हे हृदयजननी, हे चण्डिका त्रिलोकको
जगत्को प्रतिपाल गर माई
हा हा दुर्गे प्रचण्ड रूपिणी
कालिके प्रतिपाल गर १

(मालसिरी २०७१, मदानपुर-२)

## विषयवस्तु

यो गीत कथ्य शैलीको धार्मिक तथा पौराणिक विषयवस्तुमा आधारित छ । देवीको शक्ति र पराक्रमको भाव झल्कने खालको अभिव्यक्ति गीतमा छ ।

## लय र भाका

यो गीत २१ अक्षरको संरचना र ७, १२ अक्षरमा विश्राम भएको लयात्मक प्रस्तुति हो ।

## उद्देश्य

यस्ता गीतहरू विशेष गरी नवदुर्गाको पूजामा गाइन्छ र धार्मिक भाव पैदा गराउनु नै मुख्य उद्देश्य हो । मानिसहरूमा अनुशासन, मर्यादा र नैतिकताका पाठ सिकाउन अनि ईश्वरीय पात्रहरूका योगदानका साथै सांसारिक मोहजालबाट मुक्ति दिलाई मृत्यु पछिको चोला सुखद बनाउने उद्देश्य रहेको छ ।

## भाषा

प्रस्तुत भजनगीतमा कथ्य नेपाली, हिन्दी आगन्तुक शब्दहरूमा पाइये, जगाइये, तत्सम शब्दमा माता, जगत, प्रचण्ड आदि शब्दहरू पनि प्रयोग भएका छन् ।

## अलङ्कार / बिम्ब र प्रतीक

ईश्वरीय रूपको स्वभाविक वर्णनबाट स्वभावोक्ति अलङ्कार, शब्द विचित्रता भन्दा पनि अर्थगत वैशिष्ट्यको चमत्कार दिने खालको शब्दहरू अर्थालङ्कारको रूपमा प्रयोग भएको छ । दुर्गा अम्विका माता दानवका नाश गरी मानव कल्याण गर्ने बिम्बको रूपमा मधुकैटभ पापी र विष्णु, चण्डिका, दुर्गे मानव कल्याणका प्रतीकको रूपमा आएका छन् ।

## निष्कर्ष

प्रस्तुत गीतले देवीको रूप, साहस र विजय यात्राको वर्णनका साथै दैवी शक्तिको आराधनाका माध्यमले यस सांसारिक तथा मानवीय जीवनलाई सफल र सार्थका तुल्याउन धर्मको रक्षा गर्नु पर्छ भन्ने भाव बोकेको छ । धर्मले मानिसहरूलाई लगनशील, मर्यादित,

अनुशासित र नैतिकवान् बनाउन मद्दत गर्दछ । वर्तमान विश्वमा बढ्दै गइरहेको. अशान्ति, असहिष्णु र दानवीय प्रवृत्ति विरुद्ध चेतना जगाउन यस्ता धार्मिक गीतहरू गाइन्छ ।

## ४.३.४ धार्मिक गीत

नेपाल हिन्दू धर्माबलम्बीहरूको बाहुल्य भएको मुलुक हो । यहाँ विभिन्न धार्मिक पर्वहरूमा धर्मको रक्षा र ईश्वरको आराधना गरीने, ईश्वरीय शक्तिको प्रशंसा एवम् उनीहरूको कीर्तिको बारेमा वर्णन गरीने खालका धार्मिक गीतहरू गाइन्छन् । यस भेकमा प्रचलित धार्मिक गीतहरू यहाँ प्रस्तुत गरिएको छ ।

### भजन-कीर्तन/ खैँजडी भजन

भजन-कीर्तन धार्मिक अनुष्ठानमा गरीने धार्मिक क्रियाकलापको बेला गाइने गेयात्मक अभिव्यक्ति हो । यस भेकमा पनि मन्दिर तथा देवस्थल र हिन्दू संस्कार अनुसार घरघरमा गरीने सप्ताह, पुराण, नवाह, एकाह, सत्यनारायण आदि पूजाहरूमा भजन-कीर्तन गाउने चलन छ । साथै विभिन्न धार्मिक पर्वहरू कृष्णाष्टमी, ठूलो एकादशी, श्रीपञ्चमी, रामनवमी आदि पर्वहरूमा भक्तजन तथा भजनिया टोलीहरूबाट हार्मोनियम, तवला, मुजुरा आदि वाद्यवादनको सहायताले ताली बजाएर नृत्यसहित गाउने गरिन्छ । भजनमा भगवान राम, कृष्ण, महादेव, देवी, विष्णु आदि पौराणिक पात्रहरूको सेरोफेरोमा आधारित कथालाई विषयवस्तु बनाइएको हुन्छ ।

भजनहरूमा छुट्टै बिशेषता बोकेको भजन खैँजडी भजन हो । अन्य भजन जस्तै यो भजन पनि गाउँघर तथा मन्दिरमा धार्मिक कार्य गर्दा गाइन्छ । यो भजन गाउन खैँजडी र मुजुरा वाद्यको प्रयोग हुन्छ । यस भजनमा भट्याउने गुरु र ४/५ जनाको गाउने र नाच्ने समूह हुन्छ । गुरुले भट्याएर चुड्का छोडेपछि वरिपरि गाउन बसेका समूहले वाद्यवादन बजाई एकैचोटि सबै जना घुमी-घुमी नाच्छन् । यसमा भट्याउने गुरुले बीच बीचमा ‘नारायण’ भन्छन् अनि एकै स्वरमा समूहले ‘हरि हरि’ भन्छन् ।

भजन गाउन शुरू गर्दा आरति जगाएर देवस्तुति गान गरेपछि कथानक शुरू गरिन्छ । कथानक विशेष गरी धार्मिक भाव झल्कने हुने गर्दछ ।

## मूल पाठ

भजन

हरे राम हरे राम हरे राम

हरे कृष्ण हरे कृष्ण हरे कृष्ण

हरे राम हरे राम हरे हरे

हरे कृष्ण हरे कृष्ण हरे हरे

राम राम हरे हरे

कृष्ण कृष्ण हरे हरे

× × ×

हे कृष्ण नजाऊ है छोडेर -२

गर्छु विन्ती दुई हात जोडेर -२

तिम्रो दर्शन गर्न भनी हामी सबै आयौँ -२

भक्तजनलाई भुलाएर तिमी कता गयौ -२

हे कृष्ण नजाऊ है छोडेर -२

गर्छु विन्ती दुई हात जोडेर -२

कति हेर्नु तिम्रो बाटो आँखा तानी तानी -२

वृन्दावनमा एक्लै बस्ने कस्तो तिम्रो बानी -२

हे कृष्ण नजाऊ है छोडेर -२

गर्छु विन्ती दुई हात जोडेर -२

× × × × ×

नुवाकोटको भैरवी परेँ शरण - २

भक्ति गर्ने भक्तजनको रक्षा गरन - २

रक्षा गरन आमा रक्षा गरन - २

भक्ति गर्ने भक्तजनको रक्षा गरन - २

दुप्चेश्वरी महादेव परे शरण - २

भक्ति गर्ने भक्तजनको रक्षा गरन - २

रक्षा गर बाबा रक्षा गरन - २

भक्ति गर्ने भक्तजनको रक्षा गरन - २

## खैँजडी भजन

| | |
|---|---|
| भट्याउने गुरु - | राम राम राम राम राम राम राम......... |
| | नारायण |
| गाउने समूह - | हरि हरि |
| भट्याउने गुरु - | जय गुरु गणेश |
| गाउने समूह - | ए हेर लौ जय गुरु गणेश, हो हो जय गुरु गणेश |
| | हरे हरे जय गुरु गणेश हो, हो, जय गुरु गणेश |
| गुरु - | नारायण |
| समूह- | हरि हरि |
| गुरु - | मुखमा सरस्वती, मनमा नारायण |
| समूह - | ए हेर लौ मुखमा सरस्वती मनमा नारायण |
| | हो हो मनमा नारायण, हो हो मनमा नारायण |
| गुरु - | नारायण |
| समूह - | हरि हरि |
| गुरु - | दुप्चेश्वरी माईको शरणमा पर्छु |
| | रक्षा गर सबैको |
| समूह - | ए हेर लौ रक्षा गर सबैको |
| गुरु - | राम राम राम राम राम............ |
| | ए मेरा बाबु हो |
| समूह - | हजुर |
| गुरु - | ए सुन्दरा माई, पञ्चकन्या माई, बच्छला माई |
| | रक्षा गर सबैको |
| समूह - | ए हेर लौ रक्षा गर सबैको |
| | हो हो रक्षा गर सबैको |

## *कृष्णचरित्रमा आधारित भजनको अंश*

गुरु - राम राम राम राम ..........

महाराज ! हो हो आकाशवाणी भो

समूह - ए हेर लौ आकाशवाणी भो

हो हो आकाशवाणी भो ।

हरे हरे आकाशवाणी भो

गुरु - हेर्दा हेर्दै देख्दा देख्दै आकाशवाणी भो

समूह - हो हरे राम हेर्दा हेर्दै देख्दा देख्दै आकाशवाणी भो

गुरु - नारायण !

समूह - हरि हरि !

गुरु - कस्तो आकाशवाणी भयो भनौला भनेदेखि कंससुर,

महाराजलाई तँ आज बहिनी ज्वाइँ पुऱ्याउन भनेर

जान्छस् । त्यसको गर्भबाट जन्मेको सन्तानबाट तैंले मर्नुपर्छ । यो कुरा

कंससुरको कानमा पर्नगयो र कंससुर पनि

नारायण !

समूह - हरि हरि !

गुरु - पऱ्यो रनभुल

समूह - ए हेर लौ पऱ्यो रनभुल, हो हो पऱ्यो रनभुल

हरे हरे पऱ्यो रनभुल, हो हो पऱ्यो रनभुल

गुरु - कुरो सुन्दा मनमा गुन्दा पऱ्यो रनभुल

समूह - हो हरे राम कुरा सुन्दा मनमा गुन्दा पऱ्यो रनभुल

गुरु - नारायण १

समूह - हरि हरि १

गुरु - यसरी आकाशवाणी भएको सुनेपछि कंससुर हिँड्न लागेको

पनि रोकियो ।

अब बहिनी ज्वाइँलाई पुऱ्याउन जान्नँ,

यसको कोखबाट जन्मेको बालकले मलाई मार्छ भने

म यसैलाई मारिदिन्छु । बोटकाटे फल के लाग्ला भनेर कंससुरले ।

नारायण१

समूह - हरि हरि !

गुरु - तरबार झिकेर

समूह - ए हेर लौ तरबार झिकेर

हो हो तरबार झिकेर

हो हो तरबार झिकेर

समूह - हे हो राम रिसको चूरले, राजा कंससुरले तरबार झिकेर

गुरु - नारायण !

समूह - हरि हरि ! आदि

(भजन-कीर्तन/ खैँजडी भजन २०७१, चतुराले-८)

## विषयवस्तु

यी भजनहरू धाार्मिक तथा पौराणिक विषयवस्तुमा आधारित छन् । प्रारम्भमा स्थानीय देवीदेवतालाई प्रार्थना गरेर श्रीकृष्ण कथामा आधारित कथा प्रस्तुत गरिएिको छ । यस भजनको अंशमा देवकी-वसुदेवको विवाहका अवसरमा आकाशवाणी भई देवकीका गर्भबाट जन्मेका बालकबाट कंसको मृत्यु हुने भविष्यवाणी गरिएको छ ।

## च) लय/ छन्द र थेगो

भजन कीर्तन भ्याउरे भजनको लयमा गाइएको थियो । यसको ४,४ अक्षरमा विश्राम र १२

अक्षरको संरचना छ भने खैँजडी भजनतर्फ मूल गुरुले स्थानीय लयात्मक रूपमा कथालाई भट्याएका छन् ।

## स्थायी अन्तरा र थेगो

हरे राम, हरे कृष्ण, हरे हरे र हे कृष्ण नजाऊ........ स्थायीको रूपमा र अन्य गीत अन्तरको रूपमा भजनमा प्रयोग भएको छ भने खैँजडी भजनमा राम! राम! हरि! हरि! स्थायी वा थेगोको रूपमा र अन्य कथात्मक गद्यलय अन्तराको रूपमा प्रयोग भएको छ ।

## उद्देश्य

यस गीतको मुख्य उद्देश्य मानिसलाई अनुशासित, नैतिकवान्, कर्मशील र विनयी बनाइ धार्मिक भाव पैदा गराउनु हो ।

## भाषा

यहाँ कथ्य नेपाली भाषाको प्रयोग भएको छ । तत्सम शब्दमा कृष्ण, दर्शन, भक्ति, तद्भवमा हात, कान, आगन्तुक शब्दको रूपमा महाराज, सन्तान आदि शब्दहरूको प्रयोग भएको छ ।

## अलङ्कार/ बिम्ब र प्रतीक

देवी भगवती, कृष्ण मानव कल्याणका बिम्बको रूपमा सरस्वती शिक्षाको अनि कंशसुर दानवीय प्रवृत्तिका प्रतीकको रूपमा प्रयोग भएको छ ।

## निष्कर्ष

प्रस्तुत गीतमा भगवानको रूप, साहस र विजय यात्राको वर्णन गरिएको छ । उनीहरूको शक्तिको आरधनाका माध्यमले यस सांसारिक तथा मानवीय जीवनलाई सफल र सार्थक तुल्याउन सकिन्छ । धर्म रक्षाका लागि दानवीय प्रवृत्तिलाई हावी हुन नदिइ मानवीय प्रवृत्तिको विकास हुनु पर्छ । मानिसहरूलाई लगनशील, मर्यादित, अनुशासित र नैतिकवान् बनाउन धर्मले मद्दत गर्दछ भन्ने मूलभाव प्रस्तुत भजनमा पाइन्छ ।

## ४.३.५ बाह्रमासे गीत

एकवर्षको बाह्रै महिनामा जहिले पनि गाउने गीतलाई बाह्रमासे गीत भनिन्छ । यो जनमानसमा सबैभन्दा बढी प्रचलित प्रिय, सहज र सरल गीत हो । खासगरी बाह्रमासे गीत

सामाजिक रीतिस्थिति, परम्परा, संस्कार र पर्वसँग आबद्ध नभइकन, कुनै समयको विशेष ख्याल नगरीकन सामान्य प्रकारले गाइने गरिन्छ । यस्ता गीतहरूमा माया-प्रीति, सुख-दुःख, विरह-बेदना, हर्ष-उल्लास आदि मानवीय भावहरूलाई विभिन्न भाकामा एकल, युगल र सामूहिक रूपमा प्रस्तुत गर्ने गरिन्छ । यी गीतहरू सबै उमेर र सबै वर्गका मान्छेहरूले गाउँदछन् । बुढा-पाकाहरूले सिलोक, बालन भजन जस्ता धार्मिक भक्तिका गीतहरू गाउने

गरेको देखिन्छ भने तन्नेरी तथा बैँसालुहरूले माया प्रीतिको भावमा आधारित गीतहरू गाउने गरेको पाइन्छ । नेपाली गाउँघर, वनपाखा, पर्वमेला, जात्रामात्रा, पूजा आदि समयमा एकल, दोहरी र सामूहिक तिनै प्रकारले यो गीत गाउने चलन छ । यो गीत वाद्य र नृत्यसहित, नृत्य र वाद्यरहित दुबै हुनसक्छ । बालबालिकाले गाउने वा उनीहरूको लागि गाउने यस्ता गीतहरूमा उपदेशात्मक सन्देश हुन्छन् ।

## सिलोक

सिलोक भन्नाले संस्कृतको 'श्लोक' शब्दलाई बुझाउँछ । प्रायः शास्त्रीय छन्दमा आवद्ध भएर पद्यात्मक रूपमा व्यक्त हुने अभिव्यक्तिलाई सिलोक भनिन्छ । लोकजीवनमा सिलोकहरू प्रायः विवाह, अर्ती, उपदेश दिइँदा, गोठाला वा गाईबस्तु चराउँदा समय कटाउन वा मनोरञ्जन गर्न गाउने गरिन्छ । सप्ताह, नारायणपूजा, विवाह र व्रतबन्ध आदि धार्मिक तथा सामाजिक संस्कारमा पनि सिलोक मुखाग्र गरी गाउने गर्दछन् । विवाहको समयमा वधू पक्ष र वर पक्षका जन्तीहरू बीच सिलोकमा जुवारी चल्दछ । धार्मिक तथा पौराणिक पत्रहरूमा आधारित रही मुखाग्र गाउने पनि गरिन्छ । यसका अतिरिक्त स्वनिर्मित सिलोकहरू पनि गाउने चलन छ । सिलोकमा वाद्य तथा नृत्यको प्रयोग हुँदैन । लोकनिर्मित सिलोकभित्र हास्यव्यङ्य, छोरी बुहारीको चरित्र, विवाह सम्बन्धी क्रियाकलापहरूका विषयमा पनि गाइनु यसको छुट्टै विशेषता मान्न सकिन्छ ।

## मूलपाठ

ए नानी तिमी त अत्यन्त रूपकी दन्तै हँसिलो अति
कस्ता छन् तिमरा८ देवर जेठाजु कस्ता छन् तिम्रा पति (८ तिम्रो)
× × × ×
जेठाजु रुपको देवर सीपको मुखै सुवासका पति
जुकाम पतिको तयार नहुँदा लाग्दैन माया रति
धार्नीको कोदालो सतारको ओरालो बेसी कसरी झरौँ
बाबाले दिनुभो यो दुःखी ठाउँमा निर्वाह कसरी गरौँ
घरमा गाली गरी गरी मकन रुवाउँछन् धर-धरी यहाँ
यो मुटुको पीडा बुझिदिने यो संसारमा छैनन् त्यहाँ

× × × ×

श्री ३ महाराज ठूला प्रतापी थिए ।
भालडाँडाको माथि पुल बनाइ दिए ॥
आफ्नो स्वरूप  बल ताकत देखाई ।
रैतीहरूका देखभाल बढी गराई ॥

(सिलोक२०७१,थानसिङ-२)

## विषयवस्तु

सिलोक सामाजिक मह्त्वका विषयवस्तुसँग सम्बन्धित छ । यहाँ कुनै विवाहित नारीसँग प्रश्नोत्तर गरिएको विषय प्रस्तुत गरिएको छ भने अन्तिम सिलोकमा श्री ३ ले भालडाँडामाथि पुल बनाइ विकास निर्माणको काम गरेकोमा प्रशंसा गरिएको छ ।

## लय र भाका

प्रस्तुत सिलोक शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यसको एक पाउमा १९अक्षर र ७, अक्षरमा विश्राम भएको छ ।

## स्थायी र अन्तरा

यस सिलोकमा स्थायीको व्यवस्था गरिएको छैन् ।

## उद्देश्य

यस्ता सिलोकहरू नेपाली लोकसमाजमा सामाजिक अनुशासन र मर्यादालाई पालना गर्न प्रेरित गराउनु हो ।

## भाषा

प्रस्तुत सिलोकमा तत्सम शब्दका रूपमा दन्त, पति, प्रतापी, स्थानीय शब्दमा तिमरा आगन्तुक शब्दमा रैती आदि शब्दहरु प्रयोग भएका छन् ।

## अलङ्कार / बिम्ब  र प्रतीक

यस सिलोकमा पाउको अन्तमा झरौं, गरौं / पति-रति जस्ता शब्दका पुनरावृत्तिले अनुप्रास अलङ्कार; जेठाजु रूपको देवर सीपको सुवासको पति भए तापनि पतिको भूमिका राम्रो नभएको बिम्ब दुःखलाई धार्नीको कोदालो रूपको प्रतीकको रूपमा हँसिलो मुहार आदिको प्रयोग भएको छ ।

## निष्कर्ष

यस्ता सिलोकहरू नेपाली सामाजका विकृति र विसङ्गति, व्यक्तिको चरित्र, सुख-दुःख आदि कुराहरू चित्रण गर्ने क्रममा रचिएका हुन् । समाजलाई रूपान्तरण गर्न, अनुशासन र नैतिक चरित्रको विकास गर्न पनि यस्ता सिलोकहरूले मह वपूर्ण भूमिका खेल्दछन् ।

## सेलो

सेलो तामाङ जातिको अति लोकप्रिय गीत हो । यो गीत तामाङ जातिले आफ्नै  तामाङ भाषामा गाउने गरेको भए तापनि नेपाली भाषामा पनि गाउने गर्दछन् । विशेषगरी तामाङ सेलो गीत प्रचलित गीतहरूमै पर्दछन् । यी तामाङ जातिले विवाह, छेवर, जात्रा, पूजा, घेवा आदि पर्व तथा समयमा डम्फू, ढ्याङ्ग्रो मादल आदि वाद्यको साथ नृत्यसहित यो गीत गाउँछन् । तामाङ सेलोलाई नेपाली भाषामा गाउँदा पनि केही तामाङ शब्द पनि मिसिन्छन् । यस भेकमा यो गीत बढी मात्रामा दुप्चेश्वर मेला, गोसाईँकुण्ड मेला र अन्य स्थानीय मेलापर्वहरूमा  अत्याधिक गाउने गरिन्छ । यस गीतमा तामाङ जातिको भेष-भूषा, रहन-सहन, रीतिरिवाज, दुःख-सुख झल्काउने र प्रेमका भावना साटासाट गर्ने गीतहरू गाइन्छ । दोहोरी गीतको रूपमा पनि रातभर जाग्राम रही डम्फूको तालमा गीत गाई रात कटाउने पनि गर्दछन् । यो गीत एकल, जुवारी र दोहोरीको रूपमा पनि गाइन्छ ।

## मूलपाठ

हाम्रो त घरको मुसो त
कोदो त हेर्दै हेर्दैन
मकै त छुँदै छुँदैन

एक दिनको तीन तोल घिउ खान्छ
धानचरी भन्दा ज्यू भन्छ
मेरो त अभागी खप्पर
बिहे नि भएको छइन
मैच्याङ्ले ८ पत्याउने होइन (८कान्छी, तामाङ भाषामा)
के गरौँ यो च्याङ्वाले ८ (८कान्छा, तामाङ भाषामा)
डम्फूको तालैमा नाचौँला

गोठेलौरी भाँचौला
मारे नि कसम छ मेरो
यो मैच्याङलाई नलगी छोड्दिनँ ।

× × × ×

मकै त रोप्यो ढोड मात्रै, है मकै त रोप्यो ढोड मात्रै
कोदो त रोप्यो नल मात्रै, है कोदो त रोप्यो नल मात्रै
खेर त गयो बल मात्रै, है खेर त गयो बल मात्रै
फर्सी त रोप्यो झाल मात्रै, है फर्सी त रोप्यो झाल मात्रै
तिम्रो र हाम्रो माया र प्रीति, मुखैमुखको ख्याल मात्रै

बज्दछ बाजा घुनुनु, है बज्दछ बाजा घुनुनु
मलाई फेरि फेरि सम्झेर, नरुनू है नरुनू
धोबीले लुगा धुँदैन, है धोबीले लुगा धुँदैन
दिदी र बहिनी, दाजु र भाइको यसरी भेट कहिल्यै हुँदैन
मैलो र सारी धुनाले है भाग्य त हाम्रो भए भेट होला ।

रातै त काटौँ कुनसित है रातै त काटौँ कुनसित
आकाशैमा जूनसित है आकाशैको जूनसित
रातै काटौँ कुनसित है आकाशैको जूनसित
दिन त काट्छु, सूर्यलाई हेरी रातै काट्छु जूनसित
दिनमा आउँछु घुमिफिरी, जोबन आउँछ एकैबार ।

(धान्य पूर्णिमा २०७१)

## विषयवस्तु

प्रस्तुत गीतमा माया प्रेम गर्दा वास्तविक मायामा आधारित हुनुपर्छ । अन्यथा मकैको ढोड, कोदाको नल, फर्सीको झाल जस्तै हाम्रो माया पनि ख्याल-ख्यालको हुनेछ भन्ने विषय प्रस्तुत गरिएको छ । साथै हाम्रो भाग्य भए पछि पछि पनि भेट हुनेछ र जीवन सँगै बिताउन पाउनेछौँ भन्ने भाव व्यक्त गरिएको छ ।

## लय / छन्द

तामाङ सेलोको झ्याउरे लयमा यो गीत प्रस्तुत गरिएको थियो । यो सोलो ३ र ९ अक्षरमा विश्राम भएको छ ।

## उद्देश्य

यस्ता गीतहरू मेलालाई आकर्षक बनाउन, माया प्रेम गाँस्न र मनोरञ्जनका साथै व्यक्तिमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न पनि गाइन्छ । परापूर्व कालदेखि नेपाली लोक समाजमा जीवन्त रहँदै आएको यस्ता गीतहरूलाई जीवन्तता दिन पनि यो गीत गाइन्छ ।

## भाषा

यो गीत तामाङ सेलो भएकाले तामाङ भाषाको रूपमा आगन्तुक शब्द मैच्याङ (कान्छी), च्याङ्वा (कान्छा), एकबार (हिन्दी आगन्तुक) शब्दको प्रयोग, धानचरी (मुसो), ढौँड जस्ता स्थानीय शब्दहरूको प्रयोग भएको छ । अनुकरणात्मक शब्दमा घुनुनु तद्भवमा रात आदिको प्रयोग भएको छ ।

## अलङ्कार / बिम्ब र प्रतीक

यस सेलो गीतमा बिम्बको रूपमा मैच्याङलाई लैजान जतिसुकै प्रतिज्ञा र कष्ट गर्नु परे पनि तयार हुने सङ्केत देखाएको छ भने प्रेमिकाको प्रतीकको रूपमा आकाशको जून दुःखीको प्रतीकको रूपमा अभागी खप्पर जस्ता शब्दहरू प्रयोग भएको छ ।

## निष्कर्ष

यो गीतहरू नेपालको पहाडी भूभागमा बस्ने तामाङ जाति बीच लोकप्रिय छ । यो सामूहिक सम्पत्तिलाई जीवन्त राख्न र लोप हुन नदिन सबै तह र तप्काका व्यक्ति तथा संस्थाहरूको सहयोगको खाँचो छ ।

## घाँसेगीत

## परिचय

काठमाडौँ जिल्लाको वरिपरि काँठ क्षेत्रबाट विकासित  भएको यो ठाडो घाँसे गीत वा काँठे गीत हो । यो गीत प्रायः बाह्रै महिना गाउने गरिन्छ । असारको रोपाइँ, भदौको कोदो रोप्दा, घाँसदाउरा गर्दा, गोठालो जाँदा, विभिन्न चाडपर्व र मेलाहरूमा यो गीत गाइन्छ । यो प्रायः पुराना पुस्ताका मानिसहरूको दृष्टिमा असाध्यै लोकप्रिय गीतको रूपमा परिचित छ । यही गीतले प्रेमी-प्रेमिका बीच नयाँ प्रेमको थालनी र नयाँ घरबारको व्यवस्था समेत हुने गर्दछ । भोक, निद्रा, दिन-रात आदि समस्याको पर्वाह नगरी लामो समयसम्म पनि जुवारीको रूपमा यो गीत गाइन्छ भने स्रोतावर्ग पनि गीत प्रति उत्तिकै लालयित हुने गर्दछन् । यस गीतलाई कतै झ्याउरे गीत, असारे गीत, घाँसे गीत, ठाडो गीत, काँठे गीत, भन्ने पनि गरिन्छ । यस भाकाका गीतले काठमाडौँ उपत्यकाका काँठ-कछाड र डोल-पाखालाई ढाकेको छ भने काठमाडौँदेखि पश्चिमपट्टि नुवाकोट, धादिङ र पूर्वपट्टि काभ्रे, सिन्धुली आदि जिल्ला हुँदै सगरमाथाको छेउसम्मको भागलाई छुन पुगेको कुरा उल्लेख भएको छ (पराजुली,२०५७ : १५८) । यस गीतमा गीतको अर्थ फुकाउन दुई फाँकीको प्रयोग गरिन्छ । तर यो गीत चार फाँकी गाएपछि मात्र एक फाँकीको अर्थात् एउटा सवालको जवाफ सकिन्छ । यस गीतको मुख्य जवाफ दुई फाँकी र दुई फाँकी चाहिँ फुँदा अर्थात टुक्का मिलाइ थपेर गाइन्छ । यस्ता गीतहरू नारी जीवनका आफ्ना विरह, व्यथा र वेदना पोख्ने साथी पनि बन्ने गरेका छन् । नेपाली लोकजीवनमा असाध्यै स्थापित र लोकप्रिय बनेर रहेको यो गीत वर्तमान नयाँ पुस्ताका नयाँ गीत सङ्गीतको प्रभावले भविष्यमा लोप हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । यसर्थ सम्पूर्ण लोक साहित्यप्रेमी सरोकारवालाहरूको ध्यान जानु जरुरी छ ।

## मूलपाठ

केटा- उडेर आयो हवाईजहाज ठाँडो गयो उस्कै देशतिर
वायुमण्डल केर्दै माथि हेर्दा हेर्दै गयो उस्कै देशतिर
यो काले ज्यानलाई जोडा मिल्न खोज्ने कोही छन् कि यसतिर
पाए किन रुन्थे भाग्यमानी हुन्थैं, कोही छन् कि यसतिर ऽऽऽ

केटी- तादीमा खोला बाढी आयो होला आउँछ्यौ फेरी तरेर (डुङ्गा)
नआउँ भेट छैन, पुल गेट छैन, आउँछ्यौ फेरी तरेर
पिरती लाउने आँटै गर्छेऊ भने,आऊ त अघि सरेर
रालुका माई साक्षी बसी दिन्छिन् आऊ त अघि सरेर ऽऽऽ

केटा- गोठालो गाको तारे माले गोरु, शिरमा लाउँदा भीरमा गो (गयो)
तिम्रो बाउको डाम्ना नसकिर थाम्न शिरमा लाउँदा भीरमा गो
तिमी पनि एक्ली म पनि एक्लो घरजम गरौँ कसो हो
कुर्कुरे बैंस अति हुन्छ ऐसद घरजम गरौँ कसो हो (८मजा) ऽऽऽ

दाल भात पाक्यो हो तरकारी पकाऊ डल्ले भुन्टे फर्सीको
खान नि मिठो पकाउन नि छिटो डल्ले भुन्टे फर्सीको
पोहोरै तिम्ले भन्या मान्या भए, छोरो हुन्थ्यो बर्षिको
तिम्लाई भन्थ्यो आमा मलाई भन्थ्यो बाबा छोरो हुन्थ्यो बर्षिको ऽऽऽ

केटी जोडी- गर्मीको बेला शितल बनाइ देला, कदम रूखको छायाँले
जति धेरै बस्यो बसौँ बसौँ लाग्ने कदम रूखको छायाँले
झन टाढा गयो झन् झन् माया लाग्ने के गरेको मायाले
कति गऱ्यो ठट्टा पर्छ क्यारे लट्टा के गरेको मायाले ऽऽऽ

केटा जोडी- छुटम त भयो बाडुल्की लाग्ला, मैले सम्झ्या बेलामा
आँसु नझार माया नि नमार, मैले सम्झ्या बेलामा
तिम्रो र हाम्रो भेटघाट गर्नुपर्छ दुप्चेश्वर मेलामा
पक्कै नै भेटौँला तिर्सना मेटौँला दुप्चेश्वर मेलामा ऽऽऽ

केटी जोडी- तिम्रो खोरको साना साना बाख्रा हाम्रो गोठको माली गाई
धाएकी खोला पानी खान होला हाम्रो गोठको माली गाई
राम्ररी बस केही पनी नहोस् है त्यो मेरी मायालाई
पशुपति नाथ रक्षा गरी राख त्यो मेरी मायालाई ऽऽऽ
× × × × × ×

केटा जोडी- जाउ कान्छी घर भात पकाउँदै गर चुलामाथि ओदान छ
हो कि होइन कसो तिमीमा यो दिल बस्यो चुलामाथि ओदन छ
धोबीले साँचो चोखो भए हुन्थ्यो जुठो खाजा को खान्छ
सिमसिम पानी सिमले के भनेको तिम्ले जुठो खाजा को खान्छ ऽऽऽ

केटी जोडी- तिम्ले र हाम्ले लाको सानुमाया कति राम्रो सुहाइएको
झल्कने तरी ऐसा राम्रो गरी कति राम्रो सुहाइएको
न रुने रुवाउने न त ओछ्यान छाम्ने जाँ गए नि भैराको
हरे नि हरे पर्छु अरे मरे जाँ गए नि भैराको ऽऽऽ

(घाँसेगीत २०७१, चतुराले बजार)

## विषयवस्तु

यो गीत मुख्य गरी सामाजिक विषयवस्तुमा आधारित भए पनि यो भित्र प्रकृति, प्रेम, धार्मिक तथा आध्यात्मिक भाव झल्काउने खालको छ । देवताको कसम खाएर चोखो माया गर्ने बाचा, समयमा नै सन्तान जन्माउने रहर भएको, प्रेमीसँग भेट्न नपाएर बाडुल्की लागेर सम्झनाले धेरै सताउने हुनाले लामो समयको प्रेमलाई घरजमको रूपमा सफल बनाउनु पर्ने जस्ता सामाजिक विषयवस्तुका साथै प्रकृति वर्णन पनि गीतमा पाइन्छ ।

## लय/ छन्द र भाका

यो गीत घाँसेगीतको झ्याउरे लयमा रचित छ । यसमा २१ अक्षरको एक पाउ, ५ र १४ मा विश्राम छ ।

## उद्देश्य

प्रस्तुत गीतहरूले पर्वहरूलाई मनोरञ्जनात्मक बनाउन, परम्परागत रूपमा चलिआएको लोक संस्कृतिलाई जीवन्त राख्न, प्रेम र सामाजिक सुधार जस्ता विषयको प्रतिपादन गरेको पाइन्छ ।

## भाषा

यस गीतमा कथ्य नेपाली भाषाको. प्रयोग ज्यादा पाइन्छ । आगन्तुक शब्दहरूमा गेट, धोबी, ऐसा, तद्भवमा मीठो, तत्सममा नाथ, रक्षा, हरे, स्थानीय शब्दमा डाम्ना, तारे, माले, ऐस जस्ता शब्दहरूको प्रयोग भएका छन् ।

## अलङ्कार / बिम्ब र प्रतीक

अनुप्रास अलङ्कारको प्रयोग, कुरकुरे वैंस जीवनको मह□वपूर्ण समय हुने, समयमा बिहे भएमा वैंसमा छोरो हुर्कने र भविष्यमा सुख र आन्नद पाइने बिम्बको रूपमा व्यक्त छ । प्रतीकको रूपमा कदमको रूखलाई शितलता, भेट्ने थलो दुप्चेश्वर मेला, प्रकृतिको अनुपम उपहार तादी खोला जस्त प्रतीकको रूपमा प्रयोग भएको छ ।

## निष्कर्ष

लोकश्रुति परम्पराबाट हुर्केका यस्ता घाँसेगीतहरू नेपाली जनमासमा सुख-दुःख, विरह-व्यथा, आदि कुराहरू व्यक्त गर्दै मनोरञ्जन दिने प्रकृतिका छन् । लोकभाकामा लोक सिर्जना गर्ने र मानवमनका भावनालाई गीतका माध्यमबाट प्रस्तुत गर्ने यी गीतहरु लोक प्रतिभाका महत्तम सिर्जना हुन् । यिनको मौलिक स्थान रहेको छ ।

## झ्याउरे गीत

नेपाली लोकजीवनमा सबैभन्दा सशक्त र मौलाएको विधा नै लोक साहित्य अन्तर्गत झ्याउरे गीत हो । लोकजीवनमा अधिकांशले मन पराउने, हरेक कृषि कार्य, धार्मिक मेला पर्व आदिका अवसरमा मनोरञ्जनको रूपमा हरेक नेपालीहरूको ढुकढुकीमा बास गरेको गीत

झ्याउरे गीत हो । वनमा झ्याउ बटुल्दा बटुल्दै होस् वा ढीकि-जाँतो, पानी-पँधेरो, घाँस-दाउरा, भीर-पाखा, मेला-पात आदिमा झुत्रे र झुम्रे लुगा लगाएर पनि नाच्न गाउन सकिने

वा नाच्दा गाउँदा पनि शरम वा लाज नहुने गीत भएकोले यसलाई झ्याउरे गीत भनेर नामकरण गरिएको हुन सक्छ । कामको बोझले लुतेलाम्रे देखिने अबस्थामा पनि विभिन्न भाकामा मनै रसाउने, गीत सुसेल्ने भएकाले पनि झ्याउरे भन्न खोजिएको मान्न सकिन्छ । कुनै पनि पर्व संस्कार धार्मिक अनुष्ठान, महिना, समय, दिन आदि कुर्न नपर्ने, बालकदेखि बृद्धासम्म, नारीदेखि पुरुषसम्म, एकल, दोकल र सामूहिक जसरी पनि सदाकाल गाउन सकिने भएकाले हेयार्थको रूपमा झ्याउरे नामकरण गरिएको अनुभव गर्न सकिन्छ ।

झ्याउरे गीतमा अनेकौं भाका र लय हुन्छन् । समयको विकास क्रमसँगै अनगिन्ती नयाँ नयाँ लोकलय र भाकाहरू जन्मिँदै छन् । मेचीदेखि महाकालीसम्म देशको सम्पूर्ण भागमा यस गीतलाई विभिन्न नामका भाका र थेगो दिइएको छ । बाह्रै महिना स्वच्छन्द रुपले गाउन सकिने र परापूर्व कालदेखि नै नेपाली समाजको मनोरञ्जनको माध्यम बन्न झ्याउरे गीत सफल भएको छ ।

झ्याउरे गीतको मह�व बढ्नुमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, कुञ्जिनी आदि खण्डकाव्यहरू यसै लयमा सिर्जित हुनु हो । देवकोटाले मुनामदन खण्डकाव्यको प्रस्तावनामा ‘सज्जनवर्गका प्रति’ भनी झ्याउरे को प्रशँसा गरेका छन् ।

“क्या राम्रो मीठो नेपाली गाना झ्याउरे भनेको  
यो देश भित्र विरुवा रोपे नदेखी खनेको  
यो फूलीजाओस् यो फैलिजाओस् १ वसन्त डाकन  
झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन (देवकोटा,२०३५: भूमिका)

झ्याउरे गीतलाई विभिन्न विद्वान्हरूले विविध किसिमबाट चर्चा परिचर्चा गरेको पाइन्छ । यसर्थ यो गीत नै शुद्ध झ्याउरे हो र झ्याउरे गीत भनेको यही भनेर तोक्न र किटान गर्न सकिने स्थिति छैन । नेपालको भौगोलिक विविधता र त्यसभित्रका सामाजिक धार्मिक, सांस्कृतिक आदि विविधताले गर्दा लोकगीतमा पनि विविधता देखिनु अनौठो होइन । त्यसैले झ्याउरे गीतलाई भूगोल अनुसार फरक-फरक किसिमले बुझिने गरेको पाइन्छ । नुवाकोट जिल्लाको यस दक्षिणपूर्वीभेकमा प्रचलित झ्याउरे गीतलाई प्रायः सबै जाति, वर्ग, लिङ्ग र

सबै उमेरका मान्छेहरूले गाउने असाध्यै प्रिय गीतको रूपमा लिने गरिन्छ । माथि वर्णन गरिए जस्तै यहाँका मेलापात, घाँस दाउरा, चाडपर्व, जात्रापर्व आदि अवसरमा मादलको ताल वा मादल विना थपडी बजाएर नै भए पनि लोकगीत गाउने र साथमा नाच्ने पनि गरिन्छ । यस किसिमको गीत धेरै जसो केटा र केटीको दोहोरी वा जुहारीको रूपमा बढी भन्दा बढी गाइन्छ । यसर्थ यहाँका झ्याउरे गीत भन्नु नै दोहोरी गीत वा जुहारी गीत भनेर भन्दा पनि फरक पर्ने छैन ।

झ्याउरे गीतमा मायाप्रेमको भाव बढी पाइन्छ । केटा र केटी बीच लैजाने र ल्याउने, प्रेम र वियोग, सुखभोग आदिको व्याख्या यस गीतको माध्यबाट गर्ने गरेको पाइन्छ । यस बाहेक सामाजिक विसङ्गति, नारी बिलौना, अशिक्षा, गरीबी, मानवीय भाव, प्रकृति वर्णन, विदेशिएका व्यथा, युद्ध लडाइँको बेदना आदि कुराको वर्णन पनि यहाँको झ्याउरे गीतमा पाइन्छ । यस्ता गीतहरूमा गाउँले बोलीचालीको सरल, सुवोध्य भाषा, झर्रा शब्द र थेगोको प्रयोग हुन्छ । झ्याउरे गीतलाई विभिन्न लय भाकामा लयबद्ध गरी गाउन सकिने भएकाले पनि यस्को लोकप्रियता बढ्न भएको अनुमान गर्न सकिन्छ । एकातिरबाट केटा अर्कोतिरबाट केटीहरूबीच दोहोरी चल्दा तुरुन्ता तुरुन्तै सवालको जवाफ दिनुपर्ने हुन्छ । यसरी तुरुन्तै सवाल जवाफ दिन नसक्ने पक्ष कमजोर वा हार हुने डरले पनि आफूभित्र रहेको आसुकवित्व शक्तिलाई भित्रैदेखि प्रष्फुटन गर्ने गर्दछन् । यसबाट गायकहरूमा आन्तरिक क्षमता तथा गीति कला अभिबृद्धि भै लोक प्रसिद्धि कमाउने अवसर पनि मिल्दछ ।

झ्याउरे गीतमा चल्ने दोहोरी निकै रमाइलो हुन्छ । एकातिर केटाहरूको समूह र अर्कोतिर केटीहरूको समूह बनी मादलको तालमा नृत्यसँगै गाउँदा नेपाली लोकसंस्कृतिको छुट्टै पहिचान दिन्छ । आफ्ना मनभित्र गुम्सिएका दुःख बेदना होस् या सुख शान्तिका साथै मायाप्रीतिका भाव व्यक्त गर्दै गाइने यस्ता गीत सवाल जवाफका रूपमा तुरुन्त आसुकवित्वका साथ कथन गरिन्छ । गीत गाउँदा विभिन्न टुक्का, थेगो, भाका वा लयको प्रयोग भएको पाइन्छ ।

## मूलपाठ

याद आउँछ यो मनमा बारम्बार
पैलो भेट यो सबैलाई नमस्कार

हाँस खेल गर्नै पर्छ जिन्दगीमा के छ
यो मानिस किन जन्म्यो दुःख पाउनु रै छ
केही न केही नगरेमा खान नै नपाउने
कहिले लाग्छ व्यथा बिराम सबैलाई रुवाउने
कस्तो कर्म मानिसको हेर
जे परे नि बस्नु छ सहेर
जन्मिएर सानो हुँदा हुर्कन नै गाह्रो
यस्तो जीवन तैपनि त लाग्छ किन प्यारो
बल्ल तल्ल हुर्क्यो बढ्यो दुःखै गर्न पर्ने
कहिले दुःख गर्दा गर्दै यो जीवन नै मर्ने
जन्म दियौ मानिसलाई किन
रुवाबासी चलाउन दिनदिन
कर्कलाको पानी जीवन ढल्की पोखी जाने
सबै दुःख सम्झी ल्याउँदा कट्कट् मुटु खाने
मानिसमा पनि गरिबहरू ज्यादै दुःखी हुन्छन्
पेटभरि खान नपाइ बालबच्चा रुन्छन्
पुग्ने हैन के दुःख गर्नु
नगरे नि पर्दछ झन् गर्नु
जस्तै दुःख सहेर नि संसार हेर्नै पर्ने
जीवनको माया लाग्छ अनि कसो गर्ने
दुःखै गरी गरी मानिस पुग्छ काल छेउ
हे ईश्वर गरिबलाई नि केही साथ देऊ
एकदिन हामी अवश्य मर्नुछ
यस्तो जीवन बगरमा झर्नुछ ।
यो संसारमा सबैभन्दा माया प्रीति ठूलो
ठूलो ठूलो भन्दा भन्दै हुनु पर्छ धुलो
माया प्रेम विना हेर जीवन खल्लो हुने
त्यै भएर प्रेम बस्छ अनि कति रुने

खाउँकि नखाऊँ लाम्पाते सुरती

लाउँ कि नलाऊँ ज्यानजाने पिरती

सानुमाया उकाली र ओरालीमा भेट्ने

चौतारीमा बसीकन मनको इच्छा मेट्ने

गाउँलेले नसहेमा डाँडै काटी जाउँला

विदेशमै दुःख गरी घरजम बसाउँला

बिछोड हुन नसक्ने मायाँ

डाँडै काटी जाउँ बरु दुईछायाँ

× × × × × ×

बाँसको लिङ्गो गरालो ८(८ खाँबोमा कस्ने बलो काठ)

मनै बरालो

मेरी माया उकालो

म झर्दै ओरालो

× × × × × ×

भाकाः मैना चरीलाई.............

घैया धान कुटोले गोडदिनँ

तिम्लाई नलगी म छोड्दै छोड्दिनँ

मैना चरीलाई .............

घर त मेरो यहाँ होइन चापागाउँ

तिम्लाई भेट्न म कैले आऊँ

मैना चरीलाई .............

खान्नँ म त कुवाको पानी

जान्नँ घर चाहिँदैन पोइ पनि

मैना चरीलाई .............

खाने भए खाऊ पानी सारेर

जाने भए जाऊ माया मारेर

मैना चरीलाई .............

छमछम नाचीदेऊ घुमेर
सोह्र बर्षे गइसक्यो उमेर
मैना चरीलाई ....

तिमी जानी म पनि जानी
यो देशको पानी नै नखानी
मैना चरीलाई ....

तादिखोला आयो नि उर्लेर
बस्छु म त तिमीलाई पर्खेर
मैना चरीलाई ....

घैया मकै कुटोले गोड्दिनँ
तिम्लाई नलगी म छोड्दै छोड्दिनँ
मैना चरीलाई ....

खाने भए खाऊ पानी सारेर
जाने भए जाऊ माया मारेर
मैना चरीलाई ....

**दोहोरी गीतको नमूना**

केटाः तिम्रो हाम्रो भेट भयो बेलुकी
रेशमैको 'कमला' धागोले बेरौँ कि

केटीः मेरो माया कहाँदेखि आउनु भो
मेरो लागि 'कमला' के दुःख पाउनु भो

केटाः तिम्रो हाम्रो भेट भाको बखत
फूल टिपेर 'कमला' गरौँला स्वागत

केटीः आको म त मायाको निम्तिमा
सोझो बाटो 'कमला'छोडेर घुम्तीमा

केटाः उकाली ओराली धाई-धाई
के को माया 'कमला' लाउनु र कर लाई-लाई

केटीः भातै खाइयो माछाको पित्तले
माया जस्तो 'कमला' देखिनौँ चित्तले

केटाः सोह्र बर्षे ज्यान दिँदा पनि

अझ विश्वास 'कमला' मान्दिनौँ बेमानी

केटीः जान त सँगसँगै जानी

बीचमा खुट्टा 'कमला' छोड्छौ कि बेमानी

केटाः माया तिमी मेरै भर पर

बरु तिम्रो 'कमला' सही पाउनु कहाँ छ र

केटीः तिम्रो माया नौ तिर रहिछ

मैले माया 'कमला' लगाए पीर भइछ

*(टुक्का अर्थात थेगोः है सानु)*

तिम्रो हाम्रो हित मिल्यो चित्तको

**है सानु** काटौँ टिकट काँकडै भित्ताको

चट्टै छिन्यो टेलिफोन तार

**है सानु** आउनै छाड्यो मायाको खबर

ओरालीमा जो झरे पनि

**है सानु** हो कि माया भने झैँ लाइरनी

सालको पात टुप्पैमा सुकेसीन (सुकेपछि)

**है सानु** आउ है माया यो चिठी पुगेसीन (पुगेपछि)

(टुक्का अर्थात थेगोः सलल)

घर त हाम्रो **सलल** तिँ पर हैन र

तिम्ले हाम्लाई **सलल** चिनेको छैन र

माया जानी **सलल** म पनि जानी

यो गाउँको **सलल** पानी नै नखानी

के को माया **सलल** आउँथ्यो र कच्चाले

हिजो फूल **सलल** आजको बच्चाले

के को माया **सलल** लाउँथ्यो र खुनीले

छैन माया **सलल** भन्दैमा रुनीले

*(टुक्का अर्थात थेगोः गमलामा जाई .............)*

मेरो माया आउनु भो जाती, लाउँला पाती राखूँला मेचमाथि

गमलामा जाई म त जान्छु बस है-२

लाउनी भए लाउ माया लाउनीले, नलाउ माया छोडेर जानीले

गमलामा जाई ......................... -२

तिम्रो हाम्रो भेट भाको बखत, फूल टिपेर गरुँला स्वागत

गमलामा जाई ......................... -२

चौतारीमा बर हैन पिपलु, लाको माया छुटाउन सिपालु

गमलामा जाई ......................... -२

*(टुक्का अर्थात थेगोः घुम्तिनेर लेट भयो)*

केटाः खाउँला मकै भुटेर खाजा-२

नौलो माया भेट भयो आज-२

घुम्तिनिर लेट भयो,

सानुमायालाई बाटैमा भेट भयो-२

केटीः रोटी मिठो फापरको पिठोको

के छ खबर नक्कले ठिटोको

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटाः दुनु भैँसी घरमा छ मदानी

मेरो ठिकै मायाको के छ नि

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटीः उकाली र ओराली झर्दैछु

दुःख सुख सङ्घर्ष गर्दैछु

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटाः कति बसौँ घर वार पार

माइली तिम्ले सातबिसे घरसार

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटी : मनको व्यथा कसलाई के छ र

घर सार्ने कुरो चैँ नगर

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटा : तिम्रो मेरो मन एउटै हैन र

मेरो माया तिमीलाई छैन र

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटी : छैन रहर पिरती गाँस्नलाई

पराइ घर हेलामा बस्नलाई

घुम्तिनिर भेट भयो

सानु ........................... -२

केटा : सुख-दुःख बिताउँला यो जुनी

माया तिम्लाई साथ दिने म छु नि

घुम्तिनिर भेट भयो

सानु ........................... -२

(झ्याउरे गीत २०७१)

## विषयवस्तु

यी गीतहरू सामाजिक धार्मिक एवम् सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छन् । मानिसको जीवन दुई दिनको चोला हो; कर्कलाको पानी हो । यसर्थ अवस्य मर्नुपर्ने जीवनलाई प्रेममय र सुखमय बनाउनुपर्छ । प्रेमको साछीको रूपमा मनोरम तादी खोला बस्नेछ । प्रेम दीगो र गाढा बनाउन खुट्टा दरिलो पार्नु पर्छ । प्रेम सफल भएमा मीठो-पिठो, सुख-दुख,उकाली-ओराली जस्ता जीवन बिताउनु पर्दाको सङ्घर्षलाई पनि सहजै पचाउन सकिन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

## लय र छन्द

यी गीत नेपाली झ्याउरे लयका विभिन्न भाकामा गाइएका छन् । यस्ता भाकाहरूका अनगिन्ती गीतहरू यस भेकमा गाइन्छ । तर सबै भाका र लयका गीतहरूलाई समेट्न नसकिए तापनि यहाँ उल्लेखित केही भाकाहरूमा मैनाचरीलाई ........, कमला, है सानु, सलल, गमलामा जाइ, घुम्ती निर ....... जस्ता लय वा भाकाका गीतहरू गाइएको छ र यी गीतहरू प्रायः गरी झ्याउरे छन्दमा छन् ।

## स्थायी र अन्तरा

यी गीतहरूमा मैनाचरीलाई, है सानु, कमला, गमलामा जाई, घुम्ती निर भेट भयो, सानु ...... जस्ता थेगो र बाँकी वाक्य र वाक्यांशहरू अन्तराको रूपमा प्रयोग भएका छन् ।

## उद्देश्य

यस्ता गीतहरू पर्व-मेला, जात्रा-मात्रा, खेती कृषि कार्यमा मनोरञ्जन दिनका साथै माया प्रीतिका भाव व्यक्त गर्न गाइन्छन् ।

## भाषा

प्रस्तुत गीतमा कथ्य नेपाली भाषाको प्रयोग, स्थानीय शब्दको रूपमा पोइ, सलल, मदानी जस्ता शब्दहरूका साथै केही आगन्तुक शब्द र अनुकरणात्मक शब्दहरूको पनि प्रयोग भएको छ । अभिव्यक्तिलाई मिठास र रोचक बनाउने शब्द तथा शब्दावलीहरूको प्रयोग भएको छ ।

## अलङ्कार बिम्ब र प्रतीक

दुःखको प्रतीकको रूपमा उकाली र ओराली, जीवनलाई कर्कलाको पानीको प्रतीकका साथै प्रेम विना जीवन अधुरो रहने र जीवनको सार पनि नरहने, कृषि कार्यको माध्यमबाट जीवन सुखी हुने जस्ता बिम्ब गीतमा अभिव्यक्त छ । साथै अनुप्रास अलङ्कारको प्रयोग पनि छ ।

## निष्कर्ष

नेपाली लोक जीवनमा सब भन्द लोकप्रिय र मनपराइएको गीत नै झ्याउरे गीत हो । यो गीतलाई जीवन्त राख्न सबै तह र तप्काबाट प्रयास हुनु जरुरी छ । यस्ता गीतहरूले. युग युगसम्म नेपालीहरूको मन मष्तिष्कमा सुख र दुःख मेला र पातमा घाँस दाउरा, वन पाखा, देउराली उकालीहरूमा घन्किरहनु पर्छ ।

## बालगीत

बालकहरूको मनोरञ्जनका लागि गाइने लोकगीतलाई बालगीत भनिन्छ । बालकहरूका निम्ति उनीहरूकै तोतेबोलीमा बालकलाई फुल्याउन, मनोरञ्जन दिन, सुताउन, खुवाउन, हिँड्न, नाच्न आदि बालसुलभ क्रियाकलापसँग मेल खाने गीतहरू गाइन्छन् । बालगीतमा आफ्नै किसिमको सरसता र मधुरता पर्याप्त हुन्छ । यिनले किशोरहरूको सुकुमार हृदयलाई सरस, सरल र नरम पार्दछन्, अनि आमाको दूधझैँ बालबालिकाको मन मष्तिष्कलाई साहित्यको पुष्ट्याइँ दिने साधन हुन सक्तछन् (थापाः २०४) । बालबालिकाहरूलाई विभिन्न मानवीय क्रियाकलापका साथै मातृभाषा सिकाउन पनि बालगीतको प्रयोग भएको देखिन्छ । भाषामा बालसुलभता र सरलता, लयविधानमा मौलिकता र छरितोपना बालगीतका विशेषताहरू हुन् ।

## मूलपाठ

## बालकलाई कोक्रीमा हालेर सुताउँदा

हो हो नानी हो हो<br>
नुनु नानी नुनु<br>
कति राम्री पुतली<br>
सानी पनि हैन रे<br>
ठूली पनि छैन रे<br>
न नु नानी नु नु

**भात खुवाउँदा**

को खाइ को खाइ
बाबु खाइ
बुबु माम सुपुक्क
ओछ्यानीमा घुपुक्क
को खाइ को खाइ
बाबु खाइ, नानी खाइ

**खेलाउँदा**

नाच बाबु नाच नानी
मुसुमुसु हाँस्ने बानी
आइज चरी समा कान
लैजा चरी गोसाइँथान

**नचाउँदा**

नाच न नानी नाच न
पैसा दिउँला पाँच आना
बारुले कम्मर भाँच न
× × ×
बाङ्गा बाङ्गा खुट्टीले सिन्की खादूँला
तिम्रो भोटो नदेऊ आमोइ बुङ्कै नाचूँला

**सामूहिक खेल खेल्दा**

चिँ मुसी चिँ चिँ
तामा र टुसा
घरघरमा मुसा
बिरालो आयो लुसुक्क
मुसा भाग्यो खुसुक्क
ओखल बुढी ब्याइछ
चाडा चल्ला पाइछ
हाम्रा दाजु नानी

माछा मार्न गए

मलाइ टाउको तँलाई पुच्छर

× × ×

घामपानी घामपानी

स्यालको बिहे

कुकुर जन्ती

बिरालो बाहुन

× × ×

दशैं आयो दशैं आयो

खाऊँला पिऊँला

कहाँ पाऊँला

चोरी ल्याऊँला

घत् पापी छुट्टै म बसूँला

(बालगीत २०७१, चतुराले-१)

## विषयवस्तु

माथी उल्लेखित गीतहरू बाल मनोविज्ञान र बाल मनोरञ्जनका भाव पैदा गर्ने विषयवस्तुसँग सम्बन्धित छन् । बालबलिकाहरूलााई सुताउन, खेलाउन, खुवाउन तथा उनीहरूलाई रमाइलो, अचम्मित र खुसी बनाउने खालका विषयवस्तुहरू बालगीतमा समेटिएको छ ।

## लय र भाका

यस प्रकारका गीतहरू गायकको रुचि र खुसी अनुसार बालबालिकालाई मनोरञ्जन दिन यो गीत गाइन्छ । यसमा अक्षर सङ्ख्या र विश्रामको कुनै नियम नभए तापनि लोकगीतात्मक लय र भाकाको प्रयोग छ ।

## स्थायी, अन्तरा र थेगो

यी गीतहरू हो, हो, नुनु को खाइ, घामपानी आदि स्थायीको रूपमा प्रयोग भएको छ भने बाँकी वाक्य र वाक्यांशहरू अन्तराको रूपमा प्रयोग भएका छन् ।

## उद्देश्य

यी गीतहरूको मुख्य उद्देश्य बालबालिकाहरूलाई मनोरञ्जन दिनु, नैतिक उपदेश र सन्देश दिनु, बाल मष्तिष्कलाई तीक्ष्ण वनाइ भावी जीवनको उज्वल भविष्यको कामना गर्नु हो ।

## भाषा

यस गीतमा बालबोलीका कथ्य भाषा बुबु, नुनु, अनुकरणात्मक शब्द सुपुक्क, घुपुक्क, मुसुमुसु स्थानीय शब्दमा सिन्की, आमोइ, गोसाइ थान आदि शब्दहरू प्रयोग भएका छन् ।

## अलङ्कार / बिम्ब र प्रतीक

दशैं खुसी र सुखको, घामपानी प्रकृतिको, पुतली सुन्दरताको प्रतीकको रूपमा, बालबालिकालाई खाना खुवाउँदा मनोरञ्जनात्मक तरिका अपनाउँदा खाना खुवाउन सजिलो हुने र स्वस्थ हुने बिम्ब गीतमा व्यक्त छ ।

यस्ता गीतहरूको प्रयोगबाट बालबालिकाहरूलाई मनोरञ्जनात्मक रुपबाट तिनीहरूमा क्रियाशीलता बढाउनु हो । तिनीहरूको दैनिक जीवनमा आइ पर्ने सिकाईहरू सहज ढङ्गबाट विकसित गराउनुका साथै भाषा सिकाइमा सहजता ल्याउनु हो ।

## निष्कर्ष

यस परिच्छेदमा नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेकमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी विश्लेषण गरिएको छ । संस्कार गीत, ऋतुकालीन कर्मगीत, पर्वगीत, धार्मिक गीत, बह्रमासे गीत र विविध गीतसमेत गरी ६ जम्माजम्मी वर्गमा समेटिएका छन् । संस्कार गीत अन्तर्गत पर्ने रत्यौली र खाँडो यस ठाउँको परम्परित संस्कारको पहिचान गराउने गीत हो । रत्यौली गीतमा आजकाल आधुनिक भाकाको लोकगीत र रिमिक्स गीतहरूको प्रवेश हुन थालेको छ । विवाह पर्वमा गाइने गरिएका यी गीतहरू विवाहको समय र स्वरूप फेरिएकोले गर्दा यसको लोकप्रियतामा कमी हुन थालेको छ । ऋतुकालीन कर्मगीत, असारे र दाइँगीतमा ऋतुअनुसारको श्रमको परिचय र सम्मान, कृषकको मनोदशा आदि भाव अभिव्यक्त भएको पाइन्छ ।

यहाँका पर्वगीत र धार्मिक गीतहरूले प्रचलित चाडपर्वहरू र धार्मिक कार्यहरूको स्मरण गराउँछ । तीजेगीतमा महिला सहभागिता हुन्छन् भने दाइगीत, खैँजडी भजन, खाडो आदि गीतमा पुरुषहरूको मात्र सहभागिता हुन्छन् । देउसी, सिलोक, भैलो, सेलो, झ्याउरे, घाँसे आदि गीतहरू सामूहिक तथा दोहोरी गायनमा आधारित हुन्छन् । बालगीत एकल तथा समूह गायन दुवैमा आधारित हुन्छन् । यहा प्रचलित कतिपय गीतहरूमा वाद्यको प्रयोग गरिन्छ भने खाँडो, असारे, घाँसे, बालगीत, सिलोक आदि वाद्य विना गाइन्छन् । कतिपय गीतहरूमा वाद्यको प्रयोग गर्दै नृत्यको पनि प्रयाग गरिन्छ र कतिपय गीतहरूमा वाद्य तथा नृत्य दुवैको प्रयोग गरिँदैन ।

समग्रमा यहाँका लोकगीतहरूले लोकजीवनका विभिन्न पक्षलाई समेटेको पाइन्छ । यहाँका भू वनोट, प्राकृतिक स्वरूप, खानपान, भेषभुषा, वन-पाखा, उकाली-ओराली, प्राकृतिक प्रंकोप आदि भाव यहाँका गीतमा व्यक्त भएको पाइन्छ । लोक सांस्कृतिक परम्परालाई जीवन्त राख्न र आध्यात्मिक संस्कारको संरक्षण सँवर्द्धन गर्नका लागि यहाँका लोकगीतहरूको विशेष भूमिका  रहेको पाइन्छ । जीवन भोगाइका कथा-व्यथा, पीडा-वेदना, घात-प्रतिघात, रागात्मक प्रेमप्रसङ्ग, नारी समस्या, विद्रोह, लैङ्गिक विभेद, पारिवारिक असन्तुष्टि, आर्थिक स्थितिको चित्रण आदि तीतामीठा अनुभूतिहरूलाई अभिव्यक्ति दिनु यी गीतहरुको मूल मर्म रहेको छ ।

# परिच्छेद-पाँच

# उपसंहार

## ५.१ विषय प्रवेश

यस परिच्छेदमा प्रस्तुत अध्ययन पत्रको परिच्छेद एक देखि परिच्छेद चारसम्मको अध्ययन र विश्लेषणबाट प्राप्त मूलभूत कुराहरूलाई सारांशको रूपमा दिइएको छ भने अध्ययनबाट प्राप्त भएका तथ्यहरूमा आधारित भई निष्कर्ष दिइएको छ ।

## ५.२ सारांश

यस अध्ययनपत्रको परिच्छेद एकमा 'नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेगका लोकगीतको अध्ययन' विषयको प्रस्ताव गरिएको छ । जसमा अध्ययन विषयको परिचय, समस्याको कथन, अध्ययन कार्यका उद्देश्यहरू, पूर्वकार्य समीक्षा, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन आदि उपशीर्षक प्रस्ताव गरिएको छ । नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेग लोक गीतमा सम्पन्न भए पनि यसको चर्चा-परिचर्चा, गहन अध्ययन एवम् विश्लेषण नभएकोले आंशिक रूपमा भए पनि यस अभावलाई पूरा गर्ने उद्देश्यले अध्ययन प्रस्ताव प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा नुवाकोट जिल्ला र यसको दक्षिणपूर्वीभेगका सामान्य परिचय दिइएको छ । नुवाकोट जिल्लाको नामकरण, भौगोलिक अवस्था, ऐतिहासिक स्थिति, सामाजिक-सांस्कृतिक जीवन, व्यापार-व्यवसाय, उद्योग, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदि विषयहरूका बारेमा चर्चा गरिएको छ । यस भेगमा विविध खाले भू बनोट र हावापानीले गर्दा कृषिजन्य उत्पादन तथा पशुपालन फरक-फरक भएको पाइन्छ । ऐतिहासिक दृष्टिले पनि नेपाल एकीकरणको पहिलो अभियान, चीनसँगको ऐतिहासिक व्यापारिक मार्ग, नेपाल तिब्बत युद्धको मूलबाटो, वेत्रावती सन्धि, पृथ्वी नारायण शाहको देहवसान भएको देवीघाट क्षेत्र आदि कारणले गर्दा यो जिल्ला ऐतिहासिक रूपमा चिनिन्छ । खेतीयोग्य जमिन, जलस्रोतको प्रयाप्तता, विविध जातजाति र धर्मावलम्बीहरूको बसोवास, धार्मिक, सांस्कृतिक, पर्यटकीय सुन्दर प्राकृतिक वातावरण आदि कुराहरूका बारेमा यस परिच्छेदमा उल्लेख गरिएको छ ।

परिच्छेद तीनमा लोकगीतको सैद्धान्तिक स्वरूपको सम्बन्धमा चर्चा गरिएको छ । लोक साहित्यको मुख्य विधा लोकगीतको बारेमा विद्वान अध्येताहरूले गरेका अध्ययनबाट प्राप्त विचार र विश्लेषणका आधारमा लोकगीतको परिचय, विशेषता, त□व, मह□व, वर्गीकरण आदि विषयमा वर्णन गरिएको छ । यसका साथै लोकगीतको ऐतिहासिक अध्ययन परम्पराको बारेमा पनि यस परिच्छेदमा चर्चा गरिएको छ ।

परिच्छेद चारमा नुवाकोट जिल्लाको दक्षिणपूर्वीक्षेत्रको लोकगीतको वर्गीकरण गरी अध्ययन गरिएको छ । यस भेकमा गाइने गरिएका गीतलाई छ प्रकारमा  वर्गीकरण गरिएको छ । जसमा संस्कार गीत, ऋतुकालीन कर्मगीत, पर्वगीत, धार्मिक गीत, बाह्रमासे गीत र विविध गीतहरु छन् । यी प्रत्येक गीतहरुलाई चार्टमा देखाइएको छ । माथिको वर्गीकरण अनुसार गाइने प्रत्येक गीतहरुको परिचय, प्रस्तुति, मूलपाठ,सहभागी, विषयवस्तु, लय र भाका, स्थायी र अन्तरा, उद्देश्य, भाषा, अलङ्कार, बिम्ब र प्रतीक तथा निष्कर्षका आधारमा अध्ययन गरिएको छ ।

## ५.३ निष्कर्ष

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत एम.ए. दोश्रो बर्ष नेपाली विषयको दसौं पत्र पूर्णाङ्क १०० को अध्ययनपत्रको लागि ‘नुवाकोट जिल्लाको दक्षिणपूर्वीभेकका लोकगीतको अध्ययन’ विषय शीर्षक छनोटमा केन्द्रित रही यस भेकमा प्रचलित विभिन्न प्रकारका लोकगीतहरूको सङ्कलन गरी विश्लेषण गरिएको छ ।

नेपाली लोकगीतको क्षेत्रमा यो भेक सम्पन्न मानिए तापनि यी गीतहरूको अध्ययन र विश्लेषण खासै भएको पाइएन । यसर्थ अध्ययनपत्रमा निर्धारित भेकका कुना-कन्दरा, गाउँ-टोल, मेला-पर्व, जात्रा-मात्रा आदि स्थानमा पुगी लोकगीतकर्मीहरूसँग साक्षात्कार गरेर गीतहरू सङ्कलन गरिएको छ ।

नुवाकोट जिल्ला तथा यसको दक्षिणपूर्वीभेकको परिचयले यस क्षेत्रको गहिरो चिनारी प्राप्त गर्न सहयोग पुग्न सक्नेछन् । यस जिल्लाको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक आदि मह□वको बारेमा थप चिनारी दिने क्रममा पनि यो अध्ययन पत्रले सहयोग गर्नेछ ।

नेपाली लोकगीतको अध्ययन कार्य २००७ साल पछि निरन्तर रूपमा अगाडि बढिरहेको छ । यस कार्यमा लोक साहित्यप्रति रुचि राख्ने विद्वान अध्येताहरू, साहित्यिक तथा सांस्कृतिक सङ्घसंस्था र विभिन्न पत्रपत्रिकाहरूको ठूलो भूमिका रहँदै आएको छ । तैपनि लोक साहित्यको अध्ययन र अनुसन्धान कार्य अझै धेरै बाँकी छ । यसका लागि सम्बन्धित तह र तप्काहरूको क्रियाशिलता बढ्नु पर्छ ।

लोकजीवनले भोगेको वास्तविक जीवन नै यहाँका लोकगीतको विषयवस्तु हुन् । यी गीतहरूलाई जीवन्त राख्न सबै वर्ग समुदायका लोकसंस्कृतिप्रेमी तथा सरोकारवालाहरूको लगनशीलता चाहिन्छ । यस अध्ययनपत्रमा केही हदसम्म भए पनि यस भेकको लोकगीतको विश्लेषण एवम् वर्गीकरण गरिएको छ । यस कार्यबाट वर्तमान आधुनिकताको मारमा परी लोप हुन सक्ने गीतलाई जीवन्तता दिने कोसेढुङ्गो सावित हुन सक्छ । लोपोन्मुख भाका एवम् थेगोका गीतहरू भावी पुस्ताकालागि लोकसंस्कृतिको अमूल्य निधिको रूपमा जोगाइ राख्न, विभिन्न पर्व र समयमा गाइने गीतहरूको पहिचान र तुलना गर्न, लोकगीत र हाम्रो जीवन पद्धति बीचको अन्तरसम्बन्ध थाहा पाउन आदि यस अध्ययनपत्रको वर्गीकरण र विश्लेषणले सहयोग पुग्ने छ ।

विश्लेषणलनिचोडमा भन्दा यस भेकका लोकगीतहरूको अस्तित्वमाथि नै प्रश्न चिन्ह खडा हुने सम्भावना देखिन्छ । वर्तमान आधुनिकताको प्रभावले, विद्युतीय सञ्चार माध्यममा टेलिभिजन, रेडियो, भिडियो फिल्म आदिका कारणले यस भेकमा प्रचलित मौलिक लोकगीतहरू माथि क्रमशः यसको अस्तित्वमा सङ्कट सिर्जना हुन सक्ने सम्भावना देखिन्छन् । लोकगीतकर्मीहरूमा निराशा पैदा हुनु, विदेश पलायन, अङ्ग्रेजी तथा हिन्दी जस्ता विदेशी सङ्गीतको नक्कल, रिमिक्स गीत र एल्बमहरूको प्रभावले गर्दा पनि लोकगीतको विकासमा चुनौति थपिएको देखिन्छ । तथापि लोकगीत यहाँका जनजीवनको चित्रण र सुख-दुःखको साथी हो । सुखको बेला हर्ष, उल्लास, उमङ्ग, उत्तेजना आदिका भाव व्यक्त गर्ने र दुःखको बेला पीडा, व्यथा आदि पोख्ने साझा थलो हो लोकगीत । सबै वर्ग, जाति र उमेरका व्यक्तिहरूले आ-आफ्नै ढङ्गले गुनगुनाउने यस्ता लोकगीतको व्यापकता यस ठाउँमा पहिले पनि थियो, आज पनि छ र भोलि पनि रहिरहने छ ।

## परिशिष्ट 'क'

प्रस्तुत अध्ययनपत्रको अनुसन्धानको तथ्याङ्क सङ्कलनक लागि सहयोग पुयाउ कार्यालय, सङ्घ संस्था र महानुभावहरुको विवरण:

१) शैक्षिक तथ्याङ्क - जिशिका नुवाकोट

२) स्वास्थ्य सम्वन्धी तथ्याङ्क - जनस्वास्थ कार्यालय नुवाकोट,

परिशष्ट 'ख'

४.३.१संस्कार गीत:

- रत्यौली
- खााडो

| क्र.सं. | प्रस्तोताको नाम | सहभागी | स्थान | मिति | समय |
|---|---|---|---|---|---|
| १. | सन्तराम तमाङ, बाबा तामाङ र मंगल तमाङ साथीहरू | १०० जना उपस्थित | चतुराले गा.वि.स. वडा नं. १ | २०७१ फाल्गुण १८ | दिनको ११ बज |
| २. | चतुराले गा.वि.स.वडा नं. ४ का हरेराम सेढाइ | २०९ जना उपस्थित | चतुराले गा.वि.स. वडा नं. ३ | २०७१ साल फाल्गुण १८ गत | दिन बिहान ११ बज |

४.३.२. ऋतुकालीन कर्मगीत

- असारे गीत:
- दाईगीत

| क्र.सं. | प्रस्तोताको नाम | सहभागी | स्थान | मिति | समय |
|---|---|---|---|---|---|
| १. | चतुराले गा.वि. स. वडा नं.८ निवासी ज्ञानी गौतम, कमला तमाङ, काजीमान तामाङ र साथीहरू मूल गायकको रूपमा सहभागी थिए | २५ जना | ाजु गौतमको चतुराले - ८, गैरी खेतको रोपाइँमा | २०७१।३।२१ गत | १ वजेको समय |
| २. | समुद्रटार गा.वि. स. वडा नं.३ निवासी विर वहादुर तामाङ र राजु गौतम मूल गायकको रूपमा सहभागी थिए | स्रोताको रूपमा त्यस दिन त्यहाँ काम गर्ने खेतालाहरू ९ जना | चतुराले गा.वि.सं. वडा नं. ३ यादव प्रसाद थपलियाको दाइँमा | २०७१ साल मार्ग ९ | बिहानको ७ बज |

४.३.४. पर्वगीत

- तिजगीत
- भैलोगीत
- देउसीगीत
- मालसिरी

| क्र.सं. | प्रस्तोताको नाम | सहभागी | स्थान | मिति | समय |
|---|---|---|---|---|---|
| १. | मूल गायकका रूपमा पुरुषतर्फ मदानपुर १ का शिवलाल श्रेष्ठ र महिलातर्फ मदानपुर ४ का सावित्री र साथीहरू थिए | ३०० स्रोताहरू | मदानपुर गा.वि.सं. वडा नं. १ बासुकी फाँट | २०७१ साल भाद्र २४ गत | बिहानको ११ बजेदेखि शुरू |
| २. | चतुराले गा. वि. सं. वडा नं. ३ का रमेश पाठक, बद्रि पाठक र साथीहरू सहभागी थिए | घर वरिपरिका ३० जना | चतुराले गा. बि. स. वडा नं. ३ का राजाराम पाठकको घर आँगनमा | २०७१ कार्तिक ६ गते | बेलुका ९:३० बज |
| ३. | माधव थापा, जगतबहादुर थापा र साथीहरू | घरका र छरछिमेक गरी २६ जना | चतुराले गा.वि.स. वडा नं. ३ का बद्रि पाठकको घरआँगनमा | २०७१ साल कार्तिक ७ गते | बेलुकी ११ वज |
| ४. | मदानपुर २ का चूडानारायण श्रेष्ठ, मुक्तिराम श्रेष्ठ, सूर्य बहादुर श्रेष्ठ र साथीहरू रहेका थिए | २० जना व्रतालुहरू | महानवमी पर्वमा मदानपुर २ को कालिका मन्दिरमा गाइएक | २०७१ दशैं पव | बेलुका ९ बज |

४.३.५. धार्मिक गीत

- भजन-कीर्तन/ खैंजडी भजन

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | चतुराले गा.वि.स. वडा नं. ३ का वासु आचार्य मूल भजने र अन्य साथीहरू | स्रोताहरू २०० जना | चतुराले गा.वि.स. वडा नं. ८ शिवालय मन्दिर | २०७१ को ठूलो एकादशी | बेलुका ८ बजे |

४.३.५ बाह्रमासे गीत

- सिलोक
- सेलो
- घाँसेगीत
- झ्याउरे गीत

| क्र.सं. | प्रस्तोताको नाम | सहभागी | स्थान | मिति | समय |
|---|---|---|---|---|---|
| १. | थानसिङ्ग २ का चूडाराज भण्डारी,सुर्यमतिका सीताराम के.सी. र साथीहरू थिए | स्रोतावर्गमा विवाहमा उपस्थित घर गाउँले तथा जन्तीहरू | थानसिङ्ग गा. वि. स.वडा नं. २ का मदन श्रेष्ठकी छोरीको विवाहमा | | बेलुका १० बजे |
| २. | समुद्रटार गा.वि.स. का रेशम बहादुर तामाङ, शिखरबेशीका कान्छीमाया तामाङ र साथीहरू | स्रोताहरू ३०० जना | दुप्चेश्वर मेला | २०७१ सालको घान्यपूर्णि माका दिन | दिउँसो २ बजे |
| ३. | चतुराले ८ का मैया तमाङ र मदानपुर ७ का ललित बहादुर तमाङ साथीहरू | स्रोताहरू १९० | चतुराले बजारमा गणेश मन्दिरमा | २०७१ भदौ २४ गते | दिनको १२ बज |
| ४. | चतुराले १ का शिवलाल श्रेष्ठ, बालकुमारी १ का बलराम खतिवडा (मैना चरी भाका), थप्रेकका सर्मिला तामाङ र केशव भण्डारी ( कमला, है सानु), थप्रेकका सविता घले , केशव भण्डारी र अन्य साथीहरू | सामूहिक | अवसर, पर्व र मेलाहरूबाट सङ्कलन गरिएको हो | | |
| ५. | चतुराले १ का बाबा कुमारी थपलिया मूल गायीकाको रुपमा सहभागी भएका | | चतुराले गा.वि.स वडा नं. १ स्थित चतुराले बजारमा | मिति २०७१ को असोज महिनाको समयमा | |

४.३.६ बालगीत

| | | | | | |
|---|---|---|---|---|---|
| १. | चतुराले १ का बाबा कुमारी थपलिया मूल गायीकाको रुपमा सहभागी भएका | | चतुराले गा.वि.स वडा नं. १ स्थित चतुराले बजारमा | मिति २०७१ को असोज महिनाको समयमा | |

## सन्दर्भ कृतिसूचि


आचार्य, गोविन्द (२०६२) **लोकगीतको विश्लेषण,** काठमाडौंा : पैरवी प्रकाशन ।

आचार्य, बाबुराम (२०३४) **पुराना कवि र कविता,** काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशब प्रसाद (२०४४) **साहित्य प्रकास** (च.सं.) काठमाडौंा : साझा प्रकाशन ।

उप्रेती, शशिविक्रम, (सम्पा) (२०५५) **नुवाकोट दर्पण**, एकिकृत विकास समाज काठमाडौंा ।

कन्दङ्वा, काजीमान (२०२०) **नेपाली जनसाहित्य,** काठमाडौं : रायल नेपाल एकेडेमी ।

गिरी, जीवेन्द्र देव (२०५७) **लोकसाहित्यको अवलोकन,** काठमाडौंा : एकता प्रकाशन ।

जिल्ला शिक्षा कार्यालय (२०६८) **शैक्षिक समाचार** जिल्ला शिक्षा कार्यालय नुवाकोट ।

जोशी, सत्यमोहन (२०१२) **प्रगति** वर्ष ३, अङ्क २ ।

———— (२०१४) **हाम्रो लोकसंस्कृति,** काठमाडौंा : रत्नपुस्तक भण्डार ।

तिमिल्सिना, चिन्तामणि (२०६४) “कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन'' त्रि.वि. नेपाली स्नातकोत्तर ।

थापा, धर्मराज (२०१६) **मेरो नेपाल भ्रमण**, पोखरा : सावित्री थापा ।

———— (२०२०) **हाम्रो लोकगीत**, काठमाण्डौंः रेडियो नेपाल ।

————(२०३०) **गण्डकी सुसेली**, काठमाडौं : ने.रा.प्र.प्र.।

थापा, मोहन हिमांशु (२०४२) **साहित्य परिचय,** दोश्रो संस्करण काठमाडौं : साझा प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद (२०४०) असारको पन्ध्र : **लक्ष्मी निबन्ध संग्रह** ( नवौं सं.) काठमाडौंा : साझा प्रकाशन ।

———— (२०५४) **मुनामदन** (तेइसौं सं.) काठमाडौंा : साझा प्रकाशन ।

नेपाल, 'यात्री' पूर्णप्रकाश (२०४१) **भेरी लोक साहित्य,** काठमाडौंा : ने.रा.प्र.प्र.।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०४०) **नेपाली वृहत् शब्दकोश** प्र.सं. ने.रा.प्र.प्र.।

पण्डित, शम्भुप्रसाद (२०६२) “नुवाकोट जिल्लाको दक्षिण पश्चिम भेकको लोकगीतको अध्ययन” त्रि.वि.नेपाली स्नात्तकोतर ।

पन्त, कालीभक्त (२०२८) **हाम्रो सांस्कृतिक इतिहास,** स्याङ्जा : लेखक स्वंय ।

पन्त, देवकान्त (सम्पा.) (२०३२) डोटेली लोकसाहित्य, काठमाडौंा : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५३) **नेपाली लोकगीतको फाँटमा ऋतुकालीन कर्मगीत**, सुनकोशी दुई काठमाडौंः सुनकोशी साहित्य प्रतिष्ठान ।

———— (२०५७) **नेपाली लोकगीतको आलोक,** काठमाडौंा : वीणा प्रकाशन ।

पराजुली, ठाकुर (२०४०) **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं : विद्या प्रकाशन ।

पराजुली, मोतीलाल (२०६८) **नेपाली लोक साहित्यको रूपरेखा,** काठमाडौं : साझा
गिरी, जीवेन्द्र देव प्रकाशन ।

पौडेल,राजेन्द्र प्रसाद (२०४३) "कमला खोचका लोकगितहरुको संकलनः वर्गिकरण र विश्लेषण, अप्रकाशित शोध-पत्र" केन्द्रीय विभाग किर्तिपुर

पुडासैनी, रामप्रसाद (२०५८) "नुवाकोट जिल्लाको लोकगीत अध्ययन" त्रि.वि. नेपाली स्नातकोत्तर ।

पोखरेल, बालकृष्ण (२०४३) **पाचसय बर्ष**, ललितपुर : जगदम्बा प्रकाशन ।

बन्धु, चुडामणि (२०५८) **नेपाली लोक साहित्य,** काठमाडौं : एकता बुक्स ।

बराल, ईश्वर र अन्य (सम्पा.) (२०५५) नेपाली साहित्यकोश, काठमाडौंः ने.रा.प्र.प्र.।

भट्टराई, सुनिता (२०६१) "मोरङ्ग जिल्लामा प्रचलित लोकगीत सङ्कलन" त्रि.वि.नेपाली स्नातकोत्तर ।

**मेचीदेखि महाकाली भाग २** (२०३०) काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग ।

योगी, नरहरि नाथ **नुवाकोट चिनारी,** काठमाडौं ।

रिमाल, प्रदीप (२०५८) **कर्णाली लोक संस्कृति** खण्ड ५ काठमाडौंः ने.रा.प्र.प्र.।

लोहनी, लक्ष्मण (२०२२) **रोदी घर** (दो.सं.) काठमाडौं : रत्नपुस्तक भण्डार ।

शर्मा, तारानाथ (२०३९) **नेपाली साहित्यको इतिहास** (दो.सं.) काठमाडौं : सङ्कल्प प्रकाशन ।

शर्मा, दिपककुमार (२०६३) "गुल्मी जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण" त्रि.वि.नेपाली स्नातकोत्तर ।

शर्म्मा, वसन्तकुमार (सम्पा), (२०६१) **नेपाली शब्दसागर** काठमाडौं : भाभा पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४६) **नेपाली साहित्यको संक्षिप्त इतिहास** काठमाडौं : साझा
श्रेष्ठ, दयाराम, प्रकाशन ।

श्रेष्ठ, बिमला (२०६५) "धादिङ्ग जिल्लामा प्रचलित लोकगीतको वर्गीकरण र विश्लेषण" त्रि.वि.नेपाली स्नातकोत्तर ।

श्रेष्ठ, दयाराम (२०३८) **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

सुवेदी, हंसपुरे, (२०३९) "लोकगीत परम्परामा असारे गीत" **प्रज्ञा** वर्ष ११ अंक १ ।

———— (२०५५) **नेपाली लोकजीवन : लोक विश्वास** काठमाडौं ।

सुवेदी, हंसपुरे (२०४१) **नेपाली लोक साहित्यको विवेचना** काठमाडौं : त्रि.वि.वि.पाविके. ।

थापा, धर्मराज,